# ओमसतिया गाउँपालिका

# मध्यमकालीन खर्च संरचना

## (आ.व. ०८३/८४- २०८५/८६)

## (Medium Term Expenditure Framework)

## (Fiscal Year 2026/27-2028/29)




ओमसतिया गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हाटी फर्साटिकर ,रुपन्देही , लुम्बिनी प्रदेश (नेपाल)

# ओमसतिया गाउँपालिका

# मध्यमकालीन खर्च संरचना

# (Medium Term Expenditure Framework)

# २०८३




| | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|
| आन्तरिक स्रोत | ४२००० | ४६२०० | ५०८२० |
| नेपाल सरकारको स्रोत | ४००७७८ | ४२८७५६ | ४७१६३१ |
| प्रदेश सरकारबाट प्राप्त स्रोत | ६९०२० | ७३७२२ | ८१०९४ |
| अन्य स्रोत | ० | ० | ० |

ओमसतिया गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हाटी फर्साटिकर ,रुपन्देही , लुम्बिनी प्रदेश (नेपाल)

# मन्तब्य



अन्तर सरकारी वित्त व्यवस्थापन ऐन-२०७४ ले स्थानीय सरकारले सार्वजनिक खर्चको विवरण प्रस्तुत गर्दा तीन आर्थिक वर्षको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना समेत तर्जुमा गर्ने व्यवस्था गरेको छ। ओमसतिया गाउँपालिकाको वित्तीय अवस्थाको प्रक्षेपण गरि आर्थिक वर्षको कार्यक्रम र खर्चको प्रक्षेपण आय श्रोतको आधारमा पहिलो आवधिक योजनाको दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, नीति तथा रणनीतिक आधारमा ओमसतिया गाउँपालिकाको यस मध्यमकालीन खर्च संरचना २०८३/०८४-२०८५/०८६ तयार गरिएको छ। यस मध्यमकालीन खर्च संरचना आगामी तीन वर्षको प्रक्षेपण र कार्यक्रमको औचित्य, आवश्यकता तथा माग र क्षमताको अनुमानको आधारमा गरिएको छ। ओमसतिया गाउँपालिकाको नागरिकको आवश्यकतालाई विशेष प्राथमिकता दिई सोही आधारमा आवधिक योजनाको आधारसंग सम्बन्धित कार्यक्रमहरुलाई यस मध्यमकालीन खर्च संरचनामा प्राथमिकता दिईएको छ।

स्थानीय तहको दोश्रो निर्वाचन पश्चात निर्वाचित जनप्रतिनिधिहरुबाट चौथो वर्षको समेत वार्षिक नीति, योजना, कार्यक्रम र बजेट सफलतापूर्वक कार्यान्वयन गरि तेस्रो वर्षको गाउँ विकास योजना पनि गाउँसभा बाट स्वीकृत भई कार्यान्वयनको चरणमा आएको छ र यसको प्रभावकारी कार्यान्वयनबाट नगरबासीको हितमा कार्य गर्ने हाम्रो प्रतिवद्धता कायम नै रहिआएको छ। यसै सन्दर्भमा चालु आव २०८३/०८४ को आधारमा हामीले तयार गरेको यस मध्यमकालीन खर्च संरचनाको पनि सफल कार्यान्वयन र यसको परिणाम सुनिश्चित गर्नु पर्ने हाम्रो दायित्व रहेको छ। यस मध्यमकालीन खर्च संरचनामा प्रस्तावित योजनाको उद्देश्य, आवश्यकताको पुष्टयाईलाई योजना कार्यान्वयनको माध्यम बाट यसको प्रतिफल र उपलव्धी हासिल गर्न हामी सबैको साथ र सहयोग आवश्यक हुनेछ।

यस मध्यमकालीन खर्च संरचनाले कार्यक्रमको आवश्यकता र प्राथमिकीकरण सहित श्रोतको समेत सुनिश्चितता गरेको हुनाले प्रस्तावित कार्यक्रम तथा आयोजनाको सफल कार्यान्वयन हुने कुरामा म आशावादी रहेको छु भने यस मध्यमकालीन खर्च संरचना तयारीमा प्रत्यक्ष रुपमा खटने परामर्शदाताहरु र यस कार्यमा सहयोग गर्ने सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

मन्जित कुमार यादव
अध्यक्ष

# मन्तब्य



सार्वजनिक वित्त व्यवस्थापनको एक औजारका रुपमा यस मध्यमकालीन खर्च संरचनाले उपलब्ध साधन र श्रोतको आंकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँड गर्ने हुनाले मध्यमकालीन खर्च संरचना पक्कै पनि हाम्रो लागि फलदायी हुनेछ भन्ने आशा गरेको छु। यस अन्तर्गत राजश्व बाँडफाँड, आन्तरिक आय तथा अनुदान समेतको आँकलन गरि तीन वर्षको समष्टिगत आर्थिक खाका निर्धारण गरि सोको आधारमा कार्यक्रम र आयोजनाको प्राथमिकीकरण तथा श्रोतको सुनिश्चितता समेत गरि तयार गरिएको यस मध्यमकालीन खर्च संरचनाको कार्यान्वयनबाट पालिकाको आवधिक विकास योजना र यस चालु आर्थिक वर्षको वार्षिक विकास योजना बीच तादम्यता कायम भई पालिका भित्रको विकास निर्माणको प्रयासमा प्रभावकारिता बढने कुरामा विश्वास लिएको छु।

नागरिकको प्रत्यक्ष सर्म्पक, समन्वय र अपनत्व रहने स्थानीय सरकारको रुपमा यस ओमसतिया गाउँपालिकाले शासन, विकास र सेवा प्रतिको आफनो जिम्मेवारीहरु प्रभावकारी एंव पारदर्शि रुपमा संचालन गर्ने कुरामा ठोस विश्वास लिएको छु । यस चालु आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रमले परिलक्षित गरेको हाम्रो प्राथमिकताहरु लाई यस तीन वर्षे मध्यमकालीन खर्च संरचनाको कार्यान्वयनबाट हासिल गर्न सकिने छ भन्ने आशा पनि गर्दछु। जसका कारण हाम्रो सपनाको रुपमा रहेको "ओमसतियाको शान, सुन्दन, शान्त, समृद्ध गाउँपालिका हाम्रो अभियान" भन्ने नारा लाई सार्थक गर्न सहयोग गर्नेछ। अन्तमा, यस मध्यमकालीन खर्च संरचनाको तयारीमा साथ र सहयोग गर्ने तथा प्रत्यक्ष रुपमा लाग्ने सबैमा सप्रेम धन्यवाद दिन चाहन्छु।

सुनिता चौधरी

उपाध्यक्ष

# मन्तव्य



नेपालको संविधान बमोजिम तीन तहको सरकारको व्यवस्था संगै स्थानीय तहको संचालनका लागि बनेका ऐन, नियम, कानून बमोजिम स्थानीय सरकारको संचालनको लागि बजेट तर्जुमा कार्यविधि २०७४ बमोजिम स्थानीय सरकारको रुपमा यस ओमसतिया गाउँपालिकाले योजना छनौटको चरण र प्रक्रिया पुरा गरि यस चालु आव २०८३/०८४ का लागि वार्षिक नीति तथा कार्यक्रम गाउँ विकास योजना स्वीकृत भई कार्यान्वयनको चरणमा पुगेको छ भने अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले व्यवस्था गरे बमोजिम यसै आर्थिक वर्षबाट कार्यान्वयन गर्ने गरि तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना पनि तयार गरिएको छ।

यस मध्यमकालीन खर्च संरचनाले उपलब्ध श्रोत र साधनको आँकलन गर्ने र उपलब्ध श्रोत साधन लाई योजनाको प्राथमिकता अनुसारको क्षेत्रमा तीन आर्थिक वर्षको लागि बाँडफाँड गर्ने गर्दछ। यस अन्तर्गत आन्तरिक आय र अनुदानको अनुमान गरि समष्टिगत आर्थिक खाका तयार गरि यसको आधारमा क्षेत्रगत प्राथमिकता अनुरुप विषयगत नीति र कार्यक्रम कार्यान्वयन गर्न मध्यमकालीन खर्च संरचना तयार गरिएको छ। यस मध्यमकालीन खर्च संरचना तयार गर्दा चक्रीय हिसावले प्रत्येक वर्षका आधारमा तीन आर्थिक वर्षको बजेट आँकलनका साथै विकासको आवश्यकता, योजना कार्यान्वयनको अवस्था तथा श्रोतको सुनिश्चितता गर्ने गरिन्छ। अतः पालिकाको यस आवको वार्षिक गाउँ विकास योजनाको सफल कार्यान्वयका साथै तयार गरिएको यस मध्यमकालीन खर्च संरचनाको पनि प्रभावकारीताका लागि सम्पुर्णमा हार्दिक अनुरोध गर्दै यसको तयारीमा सहयोग पुर्‍याउनु हुने सबैमा आभार प्रकट गर्दछु।

कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत

"ओमसतियाको शान, सुन्दर, शान्त, समृद्ध गाउँपालिका हाम्रो अभियान"

**ओमसतिया गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**हाटीफर्साटिकर, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल**

# मन्तव्य



ओमसतिया गाउँपालिकाको विकास उद्देश्य प्राप्तिका लागि वित्तीय स्रोतको प्रभावकारी व्यवस्थापन अत्यावश्यक हुन्छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले व्यवस्था गरे बमोजिम बार्षिक निति तथा कार्यक्रम संग संगै पालिकाको आवधिक विकास योजना र बार्षिक निति तथा कार्यक्रम बीच तादम्यता कायम गर्दै बार्षिक रुपमा मध्यमकालिन खर्च संरचना निर्माण वा अध्यावधिक गर्नु पर्ने ब्यवस्थाका साथ यसै आर्थिक वर्षबाट कार्यान्वयन गर्ने गरि तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना पनि तयार गरिएको छ । यसै सन्दर्भमा तयार पारिएको मध्यमकालीन खर्च संरचना (MTEF) ले आगामी तीन वर्षसम्म पालिकाको बजेट र खर्चलाई नीति, प्राथमिकता र उपलब्ध स्रोतको सन्तुलनमा आधारित बनाउने महत्वपूर्ण आधार तयार गरेको छ ।

**म र समग्र आर्थिक प्रशासन शाखाको दृष्टिकोणले हेर्दा, MTEF योजनाले निम्न पक्षहरूमा विशेष योगदान पुर्याउने छः**

- ☞ आय-व्ययको पूर्वानुमानमा स्पष्टता ल्याई स्रोत परिचालनलाई यथोचित बनाउने,
- ☞ बजेट अनुशासन र वित्तीय पारदर्शिता कायम राख्न सहयोग गर्ने,
- ☞ उपलब्ध स्रोतअनुसार खर्चको प्राथमिकता निर्धारण गर्न सहजीकरण गर्ने,
- ☞ पालिकाको आवधिक विकास योजना र बार्षिक कार्यक्रममा सहजिकरण गर्ने,
- ☞ शाखागत सुचकहरु बार्षिक अध्यावधिक हदै लक्ष्य प्राप्ती तर्फ का परियोजनाहरुको विकास हुने
- ☞ वर्षगत बजेटको निरन्तरता र दिगोपनाको सुनिश्चितता कायम गर्ने,
- ☞ सामुदायिक आवश्यकता र दायित्वबीच समन्वय गर्न मद्दत गर्ने ।

MTEF कार्यान्वयनले लेखा व्यवस्थापन, बजेट विभाजन, खर्च निगरानी तथा वित्तीय प्रतिवेदनको सुदृढीकरणमा सहयोग पुग्ने विश्वास लिएको छु । यसले पालिकाको समग्र सेवा प्रवाहमा पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्नेछ ।

यस प्रक्रिया सफल बनाउन सबै शाखाहरू, प्राविधिक टिम तथा नेतृत्वबीच सहकार्य अपरिहार्य रहेकोले, लेखा शाखाबाट आवश्यक वित्तीय जानकारी, लागत अनुमान र पूर्वानुमानको व्यवस्थापनमा निरन्तर साथ र समन्वय प्रदान गरिने प्रतिबद्धता व्यक्त गर्दछु । धन्यवाद ।

कमल प्रसाद शर्मा
लेखा अधिकृत

Website: www. omsatiyamun.gov.np Email: omsatiyamun@gmail.com@gmail.com

# विषयसूची

## परिच्छेद १: परिचय


पृष्ठभूमि ..... १
मध्यमकालीन खर्च संरचनाको अवधारणा ..... २
मध्यमकालीन खर्च संरचनाको उद्देश्य ..... २
मध्यमकालिन खर्च संरचनाको कानूनी तथा संस्थागत व्यवस्था ..... ३
कानूनी व्यवस्था ..... ३
संस्थागत व्यवस्था ..... ४
तर्जुमा प्रक्रिया ..... ६


## परिच्छेद २: मध्यमकालीन खर्च संरचना


पृष्ठभूमि ..... १०
चूनौति तथा अवसर ..... १०
सोच, उद्देश्य, रणनीति ..... ११
मध्यमकालीन आर्थिक खाका ..... १२
मध्यमकालीन नतिजा खाँका ..... १३
मध्यमकालीन बजेट खाका ..... १५
बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट ..... २३
रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण ..... २४
प्राथमिकताक्रमको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण ..... २५
दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण ..... २६
लैंगिक संकेतको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण ..... २७
जलवायु संकेतको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण ..... २८

## परिच्छेद ४ : आर्थिक क्षेत्र


४.१ कृषि तथा खाद्य सुरक्षा ३०
४.२ सिंचाई ३४
४.३ पशुपंछी विकास ३६
४.४ उद्योग व्यापार तथा व्यवसाय ४०
४.५ पर्यटन तथा संस्कृति ४३
४.६ भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा ४६
४.७ श्रम तथा रोजगारी ४८


## परिच्छेद ५ : सामाजिक क्षेत्र


५.१ जनस्वास्थ्य तथा पोषण ५१
५.२ शिक्षा, कला, भाषा तथा साहित्य ५५
५.३ खानेपानी तथा सरसरफाई ५९
५.४ महिला, बालबालिका सामाजिक सरंक्षण र समावेशीकरण ६१
५.५ युवा तथा खेलकुद ६४


## परिच्छेद ६: पूर्वाधार क्षेत्र


६.१ भवन, आवास तथा बस्ती विकास ६८
६.२ सडक, पुल तथा यातायात ७१
६.३ जलस्रोत, विद्युत् तथा स्वच्छ उर्जा ७४
६.४ विज्ञान, सूचना, सञ्चार तथा प्रविधि ७६


## परिच्छेद ७ : वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र


७.१ वन, भू-संरक्षण तथा जैविक विविधता ८०
७.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन ८३
७.३ विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता ८६


## परिच्छेद ८ : संस्थागत विकास र सुशासन क्षेत्र


८.१ संगठन तथा सेवा प्रवाह ९०


## अनुसूचीहरू


अनुसूची १ : मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल ९४
अनुसूची २ : **MTEF** मार्गदर्शन ९५
तीन आर्थिक वर्षको खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र साङ्केतीकरण १०१

# परिच्छेद १: परिचय

## पृष्ठभूमि

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन-२०७४ ले स्थानीय सरकारले सार्वजनिक खर्चको विवरण प्रस्तुत गर्दा तीन आर्थिक वर्षको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना समेत तर्जुमा गर्ने व्यवस्था गरेको छ। ओमसतिया गाउँपालिकाको वित्तीय अवस्थाको प्रक्षेपण गरि आर्थिक वर्षको कार्यक्रम र खर्चको प्रक्षेपण आय श्रोतको आधारमा आवधिक विकास योजनाको दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, नीति तथा रणनीतिक आधारमा ओमसतिया गाउँपालिकाको यस मध्यमकालीन खर्च संरचना २०८३/०८४-२०८५/०८६ तयार गरिएको छ। यस मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको प्रक्षेपण र कार्यक्रमको औचित्य, आवश्यकता तथा माग र क्षमताको अनुमानको आधारमा गरिएको छ। कार्यक्रममा ओमसतिया गाउँपालिकाको नागरिकको आवश्यकतालाई विशेष प्राथमिकता दिई सोही आधारमा कार्यक्रमहरु छनौट गरिएको छ। साथै आवधिक योजनाको आधार संग सम्बन्धित कार्यक्रमहरु लाई प्राथमिकता दिईएको छ।

मध्यमकालीन खर्च संरचनामा प्रस्तावित योजनाको उद्देश्य तथा सोको सम्भाव्यता अध्ययन गर्न वा खर्च छुट्टयाउन आवश्यकताको पुष्टयाईलाई समेटनु पर्ने प्रस्तावित योजना कार्यान्वयन हुने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धी समेत राख्नुपर्ने व्यवस्था छ। यसका साथै कार्यक्रमका लागि आवश्यक पर्ने खर्चको विवरण र सो खर्चको कुन कुन श्रोत बाट के कति व्यहोर्ने र खर्च गरिएको रकम बाट प्राप्त हुन सक्ने प्रतिफल तथा उपलब्धीको प्रक्षेपण गरिएको हुनुपर्ने प्रावधान रहेको छ। साथै प्रस्तावित योजना र कार्यक्रमहरुको मध्यमकालीन अवधीको खर्च रणनीति र त्यसको वार्षिक खर्च संगको तालमेल संचालन गरिएका योजना र गत आवमा छुट्टाईएको खर्च अनुसारको उपलब्धी हासिल भए नभएको यथार्थ विवरण आदि निर्धारण ढाँचामा नगरकार्यपालिका समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था गरेको छ। ओमसतिया गाउँपालिकाले आफनो आवधिक योजनामा राखेका लक्ष्य र नीति कार्यान्वयनका साथै राष्ट्रिय तथा प्रादेशिक लक्ष्यहरु र दिगो विकास लक्ष्यहरु हासिल गर्ने सम्बन्धी अन्तराष्ट्रिय प्रतिवद्धता पुरा गर्नका लागि सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापन हुन पनि पूर्वशर्त भित्र पर्दछ।

स्थानीय तहको आर्थिक कार्यविधि ऐनमा आगमी ३ आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने र यस्तो खर्च संरचना बनाउँदा आवधिक योजना लाई मार्गदर्शनका रुपमा लिनुपर्ने र मध्यमकालीन खर्च संरचनामा प्रस्तावित योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रत्येक क्रियाकलापका प्रतिफल समेत खुलाई प्रत्येक योजना वा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्ने हुन्छ। साथै सरकारी खर्चलाई समग्र आकार मानी कार्यक्रमलाई प्राथमिकताका आधारमा बजेट छुट्टयाउने र बजेट खर्चको उपलब्धी, खर्चको पारदर्शिता, कार्यान्वयनको जिम्मेवारी बहन गर्ने निकायको जवाफदेहिता र सार्वजनिक खर्चमा वित्तीय अनुशासन कायम गर्नुपर्ने उल्लेख गरिएको छ।

## मध्यमकालीन खर्च संरचनाको अवधारणा

सार्वजनिक वित्त व्यवस्थापनको एक औजारका रुपमा यस मध्यमकालीन खर्च संरचनाले उपलव्ध साधन र श्रोतको आंकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि वाँडफाँड गर्ने गर्दछ। यस अन्तर्गत राजश्व, आन्तरिक ऋण, सरकारी अनुदान, वैदेशिक अनुदान र ऋण समेतको आँकलन गरि समष्टिगत आर्थिक खाका निर्धारण गरिन्छ। यसरी निर्धारण गरिएको श्रोत भित्र रहेर स्थानीय तहहरुले नीति तथा कार्यक्रम कार्यान्वयनको क्रममा लाग्ने खर्च रकमको अनुमान गरिन्छ। सम्बन्धित सबै पक्षहरु संग छलफल गरि तीन आर्थिक वर्षको बजेट खाका तयार गरिन्छ। दीर्घकालीन सोंच, आवधिक योजना र वार्षिक बजेट बीच तादाम्यता र सामन्जस्यता कायम गर्न मध्यमकालीन खर्च संरचना महत्वपूर्ण औजारको रुपमा रहेको छ। यसले विकास योजनाको लक्षित नतिजा हासिल गर्न श्रोत साधनको न्यायोचित वितरण र उचित परिचालन, पारदर्शि र मितव्ययी खर्च प्रणाली, पूर्वाधार निर्माण तथा सेवाको गुणस्तर तथा प्रभावकारिता, वित्तिय अनुशासन जस्ता पक्षमा सुधार ल्याउन मद्दत गर्दछ। यसको सकारात्मक असर र सार्वंजनिक वित्त क्षेत्रमा मात्र नभई आर्थिक तथा वित्तिय स्थायित्वमा समेत पर्दछ।

मध्यमकालीन खर्च संरचनाले सार्वजनिक वित्त व्यवस्थापनको औजारको रुपमा उपलब्ध श्रोत साधनको आँकलन गर्ने र उपलव्ध श्रोत साधन लाई योजनाको प्राथमिकता अनुसारको क्षेत्रमा तीन आर्थिक वर्षको लागि बाँडफाँड गर्दछ। यस अन्तर्गत आन्तरिक आय र बाह्य आयको अनुमान गरि समष्टिगत आर्थिक खाका तयार गर्दछ। यसको आधारमा क्षेत्रगत प्राथमिकता अनुरुप विषयगत निकायहरुको नीति र कार्यक्रम कार्यान्वयन गर्न मध्यमकालीन खर्च संरचना तयार गरिन्छ। यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन आर्थिक वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरिन्छ। यसमा पहिलो वर्षको खर्च र श्रोत अनुमानको वार्षिक बजेट संग तादाम्यता रहन्छ र बाँकी दुई आर्थिक वर्षको प्रक्षेपण गरिन्छ। पहिलो वर्ष बजेट कार्यान्वयन भएपछि नयाँ मध्यमकालीन खर्च संरचना तयार गरिन्छ, जसमा पहिलो वर्षको प्रगती समीक्षा गरिन्छ भने बाँकी दुई आर्थिक वर्षको विगतमा गरेको प्रक्षेपण अनुमानलाई परिमार्जन गरि प्रक्षेपण गरिन्छ। यसरी हेर्दा मध्यमकालीन खर्च संरचना तयार गर्दा चक्रीय हिसावले प्रत्येक वर्ष तीन आर्थिक वर्षको बजेट आँकलन गरिन्छ। विकासको आवश्यकता, योजना कार्यान्वयनको अवस्था तथा राजश्व र बाहय श्रोतको अनुमान समेतको आधारमा प्रत्येक वर्ष परिमार्जन गर्नुपर्ने हुन्छ। समग्रमा मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाइ बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भुमिका खेल्दछ। मध्यमकालीन खर्च संरचनाले आवधिक योजनालाई बार्षिक बजेटसंग र बजेटलाई नतिजासंग आवद्ध गर्दछ।

## मध्यमकालीन खर्च संरचनाको उद्देश्य

मध्यमकालीन खर्च संरचना ओमसतिया गाउँपालिकाको नियमित प्रयास हो। यस मध्यमकालीन खर्च संरचनाबाट पालिकाको समग्र विकासको प्राथमिकता प्राप्त कार्यक्रमहरुको निरन्तरता र लगानी तथा कार्यान्वयनको सुनिश्चितताको माध्यमद्धारा दिगो विकास हासिल हुने अपेक्षा गरिएको छ। यस खर्च

संरचनाले गाउँपालिकाको दीर्घकालीन सोँच **"ओमसतियाको शान, सुन्दन, शान्त, समृद्ध गाउँपालिका हाम्रो अभियान"** ले आवधिक विकास योजना, प्रदेश तथा राष्ट्रिय लक्ष्य र दिगो विकासका लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने विश्वास लिइएको छ । यस मध्यमकालीन खर्च संरचनालाई यथार्थपरक बनाउन विषय क्षेत्रगत उपलब्धिका आधारमा मध्यमकालीन लक्ष्य निर्धारण गरी सोही बमोजिम स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ । यसबाट पालिकालाई आगामी आर्थिक वर्षहरुको बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन सहयोगी हुने अपेक्षा गरिएको छ ।

मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र बार्षिक बजेट तथा कार्यक्रम विच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गर्नु हो । यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :-

(क) आवधिक योजना र वार्षिक विकास योजनालाई बजेटसंग तादाम्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धि मलुक बनाउनु,

(ख) आयोजनाहरूको प्राथमिकीकरण गर्न र प्राथमिकता प्राप्त आयोजनालाई स्रोतको सुनिश्चितता गर्नु,

(ग) स्थानीय सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्नु,

(घ) सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्नु र

(ङ) बजेट अनुमानलाई यथार्थ परक बनाउनु ।

# मध्यमकालिन खर्च संरचनाको कानूनी तथा संस्थागत व्यवस्था

## कानूनी व्यवस्था

### स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाइ लागू गर्नुपर्ने व्यवस्था रहेको ।

### अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको र दफा १७ मा यस्तो विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको ।

मध्यमकालीन खर्च संरचनामा देहायका विवरणहरू खुलाउनुपर्ने व्यवस्था रहेकोः-

क) प्रस्तावित योजनाको लक्ष्य तथा उद्देश्य,

ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुट्याउन आवश्यकताको पुष्ट्याइँ,

ग) प्रस्तावित योजना कार्यान्वयन हुनसक्ने आर्थिक वर्ष र त्यसपछिको दुई आर्थिक वर्षमा प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धि,

घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,

ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,

च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादात्म्यता,

छ) सञ्चालित योजना भए गत आ.व.मा छुट्याइएको खर्चअनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण

### आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ मा कार्यालयको परिभाषा अन्तर्गत स्थानीय तहका सबै सरकारी कार्यालय भनी परिभाषित गरिएको र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २ मा कार्यालयले तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजाको खाका समावेश भएको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको
- ऐनको ७ मा राष्ट्रिय स्रोत अनुमान समितिले सङ्घ, प्रदेश र स्थानीय तहको कूल राष्ट्रिय स्रोत अनुमान गर्नुपर्ने व्यवस्था रहेको
- स्थानीय तह समेतको स्रोत अनुमानका आधारमा मात्र कूल राष्ट्रिय स्रोत अनुमान गर्न सकिने भएको हुँदा सबै गाउँपालिका तथा नगरपालिकाले मध्यमकालीन खर्च संरचना तयार गर्न आवश्यक छ।

## संस्थागत व्यवस्था

मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेटबीच तादत्म्यता कायम गर्ने औजार भएकोले वार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका रहन्छ। यसका लागि पालिकामा देहाय बमोजिमको संस्थागत व्यवस्था बमोजिम निर्माण गरिएको छः-

### स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिमको समितिले गर्नेछ। मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा यस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम कार्य सम्पन्न गरियो :

(क) आगामी तीन वर्षको कुल स्रोत र खर्चको प्रक्षेपण गर्ने,

(ख) प्रक्षेपित कुल स्रोत र खर्चको आधारमा विषय क्षेत्र र उपक्षेत्रगत खर्चको सीमा निर्धारण गर्ने,

(ग) आयोजना तथा कार्यक्रम छनौट तथा प्राथमिकता निर्धारणका आधार तथा प्रक्रिया एवम् बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन तयार गर्ने,

(घ) बजेट सीमा तथा मार्गदर्शन स्वीकृतिका लागि कार्यपालिका समक्ष पेश गर्ने,

(ङ) मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी समग्र कार्यको निर्देशन गर्ने ।

## मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरु एवं स्थानीय तहको अधिकार क्षेत्र भित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा आवधिक विकास योजना, विषयगत योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ । सो बमोजिम यस मध्ममकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लेखित पक्षलाई आधारको रुपमा लिइएको छ ः

- नेपालको संविधान
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय दीर्घकालिन सोच, २१०० तथा सोह्रौ राष्ट्रिय योजना (२०८०/०८१-२०८४/०८५)
- लुम्बिनी प्रदेशको आवधिक योजना
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०८३/८४)
- ओमसतिया गाउँपालिकाको बजेट, नीति तथा कार्यक्रम (आ.व.२०७८/७९ देखि ०८२।८३)
- ओमसतिया गाउँपालिकाका आवधिक विकास योजना
- ओमसतिया गाउँपालिकाको नगर प्रोफाइल
- अन्य विषय क्षेत्रगत प्रगती प्रतिवेदन २०८२।८३
- ओमसतिया गाउँपालिकाका सान्दर्भिक नीति

## तर्जुमा प्रक्रिया

**चरण – १ः मध्यमकालीन खर्च संरचना परामर्श सेवा प्रदान**

प्रक्रिया १ः प्राविधिक सहयोगका लागि परामर्शदाता परिचालन

पालिकाको आगामी तीन आर्थिक वर्षको लागि मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना तयारीको समय सीमा, सम्पन्न गर्नुपर्ने कार्यहरुको स्पष्ट खाका सहित परामर्शदातालाई परिचालन गरियो ।

प्रक्रिया २ः नीतिगत, कानूनी दस्तावेज, दिग्दर्शन एवं अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा

परामर्शदाताद्वारा स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवम् अध्ययन गरियो । दस्तावेजहरुको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान तथा विश्लेषण गरियो । मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा अध्ययन एवम् समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्री देहायबमोजिम रहेका छन्ः

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७
- अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यविधि
- नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास
- नेपाल सरकार, प्रदेश सरकार एवं सम्बन्धित स्थानीय सरकारको विनियोजन ऐनहरु
- नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७९
- नेपाल सरकारको दीर्घकालीन सोच, पन्ध्रौं र सोहौ राष्ट्रिय योजना
- लुम्बिनी प्रदेशको आवधिक विकास योजना
- ओमसतिया गाउँपालिकाको आवधिक विकास योजना २०८२

- ओमसतिया गाउँपालिकाको नगर प्रोफाइल
- संघ तथा प्रदेशको सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन
- ओमसतिया गाउँपालिकाका सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन

**प्रक्रिया ३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा**

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवम् कार्ययोजना सम्बन्धमा तयारी बैठकको आयोजना गरी छलफल गरियो । छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया, औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो । साथै, आएका सुझाव तथा पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा र परिमार्जन गरियो ।

**चरण – २: लेखाजोखा चरण**

**प्रक्रिया ४: अभिमुखीकरण तथा प्रारम्भिक बैठकको आयोजना**

मध्यमकालीन खर्च संरचनाको अवधारणा, ढाँचा, प्रक्रिया, औजार र संस्थागत व्यवस्थाको सम्बन्धमा सरोकारवालासँग छलफल गरी साझा बुझाइ तयार गर्ने उद्देश्यले २०८३ बैशाख २३ गते पालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्यहरु, शाखा प्रमुख तथा अन्य कर्मचारीहरुको सहभागितामा छलफलको आयोजना गरिएको थियो । छलफलमा मध्यमकालीन खर्च संरचनाको अवधारणा, विधि तथा प्रक्रिया, औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाईमा एकरुपता कायम गर्ने प्रयास गरियो । सोही दिन मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन तथा कार्ययोजनाको स्वीकृति र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेबारी तथा भूमिकाका बारेमा समेत स्पष्ट पारियो । कार्यदलको विवरण अनुसूचीमा संलग्न गरिएको छ ।

**प्रक्रिया ५: विषयगत समिति तथा शाखासँग परामर्श छलफल**

यस अन्तरगत पालिकाको चालु आवधिक विकास योजना र वार्षिक योजना २०८२।०८३ को उपलब्धि समीक्षाका लागि विषयगत समिति/शाखाबीच परामर्श तथा छलफल गरियो । यस परामर्शबाट प्रमुख उपलब्धि, चालु आयोजना, सालबसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, सम्भाव्यता अध्ययन र लागत अनुमान तयार भएका आयोजना तथा कार्यक्रमको विवरण तयार गरियो । सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयारी र बाँकी उप-क्षेत्रगत रुपमा श्रोत आवश्यकता निर्धारण गरियो ।

### प्रक्रिया ६: श्रोत तथा खर्चको अनुमान र त्रिवर्षीय प्रक्षेपण

राजश्व बाँडफाँड, अन्तर-सरकारी वित्तीय हस्तान्तरण लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरुको श्रोतको उपलब्धताका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोतको अनुमान तथा प्रक्षेपण गरियो भने आन्तरिक श्रोतलाई विगतको यथार्थ आम्दानी र सम्भावनाका आधारमा अनुमान तथा प्रक्षेपण तयार गरियो । विगत आर्थिक वर्षहरुको खर्च सहित पालिकाका चालु तथा बहुवर्षीय आयोजना र आवधिक विकास योजना, विषय क्षेत्रगत रणनीति अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो। श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको बजेट सीमा निर्धारण गरियो । यसरी निर्धारित बजेट सीमालाई सबै विषयगत शाखामा क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराइयो।

## चरण – ३ः तयारी चरण

### प्रक्रिया ७: क्षेत्रगत योजना तर्जुमा

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखाहरुसंग छलफल आयोजना गरियो । विषयगत शाखाको छलफलबाट प्रत्येक उप-क्षेत्रका आगामी तीन वर्षमा सञ्चालन गरिने आयोजना तथा कार्यक्रको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्ने र आवधिक विकास योजनाको प्राथमिकताक्रम, दिगोविकास लक्ष्य, लैंगिक तथा जलवायु संकेतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रको साँकेतीकरण गर्ने कार्य सम्पन्न गरियो।

### प्रक्रिया ८: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी

उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई विषयगत क्षेत्रहरुसंग रायसुझाव संकलन गरि सोको निश्कर्षको आधारमा तयार गरियो । यस प्रकृयाबाट विषय उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार पार्ने कार्य सम्पन्न गरियो।

### प्रक्रिया ९: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी

मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिको छलफलका आधारमा मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरियो। यसका लागि आवधिक विकास योजना, विषयगत लक्ष्यहरु तथा विगत वर्षहरु र चालु आर्थिक वर्षको वार्षिक विकास कार्यक्रमको समीक्षा र उपलब्ध स्रोत साधन र संभावनाहरुका आधारमा समष्टीगत मध्यमकालीन वित्तीय खाका तर्जुमा गरिएको थियो। त्यसैगरी विषयगत समितिहरुबाट प्राप्त विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको आधारमा मध्यमकालीन बजेट खाका र मध्यमकालीन नतिजा खाका सहित मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गर्ने कार्य सम्पन्न

गरिएको थियो । यी सबै काम गर्दा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) लाई आधारको रुपमा लिइएको थियो ।

### प्रक्रिया १०: मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला

उल्लेखित प्रक्रियाबाट तयार गरिएको मध्यमकालीन खर्च संरचनाको मस्यौदाका मुख्य पक्षहरु उपर पालिकामा मस्यौदा पेश गरी प्राप्त राय सुझावका आधारमा आवश्यक थप सूचना तथा तथ्यांक संकलनका साथै विषयगत क्षेत्र तथा उपक्षेत्रगत मुख्य कार्यक्रम तथा आयोजनाहरुको सूची र विस्तृत विवरण परिमार्जन गरियो । त्यसैगरी विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकिकरण तथा सांकेतिकरण लगायतलाई पनि आवश्यकता अनुसार परिमार्जन गरिएको थियो ।

### प्रक्रिया ११: मध्यमकालीन खर्च संरचनाको परिमार्जित मस्यौदा तयारी

मध्यमकालीन खर्च संरचनाको मस्यौदा पेश तथा सुझाव संकलन र शाखागत रुपमा प्राप्त सुझावहरु समेटी मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेजलाई अन्तिम रुप दिइएको थियो ।

### प्रक्रिया १२: मध्यमकालीन खर्च संरचनाको स्वीकृति

पालिकाले बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश गरी मध्यमकालीन खर्च संरचना उपर कार्यपालिकामा आवश्यक छलफल गरी स्वीकृत गर्ने प्रावधान बमोजिम यो मध्यमकालीन खर्च संरचना स्वीकृतिको प्रक्रियामा रहेको छ ।

# परिच्छेद २: मध्यमकालीन खर्च संरचना

## पृष्ठभूमि

नेपालको संविधानले तोकेको एकल एवं साझा अधिकारको परिधिभित्र रही स्थानीय सरकारले आफ्नो ऐन कानून तर्जुमा गर्ने, निति बनाउने र आयोजनाहरु छनौट गर्ने, बजेट तर्जुमा गरी आयोजनाहरुमा रकम विनियोजन गर्ने लगायतका अधिकारहरु रहेका छन् । उल्लेखित अधिकारहरूको अधिनमा रही ओमसतिया गाउँपालिकाले आवधिक विकास योजना तर्जुमा गरेको र बार्षिक बजेट तयार गर्दा आवधिक योजनासँग तादात्म्यता मिलाउन मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने प्रावधान अनुसार यो खर्च संरचना तयार गरेको हो । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरुले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षको हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च तयार गर्नुपर्नेछ भन्ने उल्लेख गरिएको छ । प्रदेश र संघका आवधिक योजनाहरूले लिएका लक्ष्यहरूलाई पछ्याउदै तयार पारिएको ओमसतिया गाउँपालिकाको आवधिक विकास योजनाका लक्ष्यहरू परिपूर्ति गर्न मध्यमकालीन खर्च संरचना तयार गरिएको हो ।

## चूनौति तथा अवसर

ओमसतिया गाउँपालिकामा जनप्रतिनिधिहरूको उपस्थितिले ओमसतिया गाउँपालिकाको विकासको निमित्त आवश्यक पर्ने दिर्घकालिन सोच सहित बार्षिक एवम् वहु वार्षिक आयोजनाहरू वस्तीस्तरबाट छनौट गरी कार्यान्वयन गर्ने अभ्यास रहेको छ। ओमसतिया गाउँपालिका आत्मनिर्भर हुनका लागि आन्तरिक आम्दानी बढाउने तर्फ तोकिए बमोजिमका कर तथा गैर कर राजश्व उठाउने अधिकार स्थानीय तहलाई प्राप्त भएकोले करको दर र दायरा वृद्धि गर्ने अवसर प्राप्त छ।

महामारीका रुपमा देखिएको कोभिड १९ ले राष्ट्रिय तथा अन्तराष्ट्रिय अर्थतन्त्रमा पारेको प्रभावका कारण उत्पादन मूलक क्षेत्रमा परेको असरले राष्ट्रिय आम्दानी घट्ने सम्भावनाले ओमसतिया गाउँपालिकाले प्राप्त गर्ने विभिन्न प्रकारका अनुदानहरू घटदै जाने अवस्था देखिन्छ । जसको कारण मध्यमकालीन खर्च संरचनामा अनुमान गरिएको स्रोत नपुन भइ आयोजना प्रभावित हुने सम्भावना देखिन्छ। प्रत्येक वर्ष बार्षिक बजेट संगसगै मध्यमकालीन खर्च संरचना तयार गर्न ओमसतिया गाउँपालिकामा संस्थागत र जनशक्तिगत व्यवस्थाको अभावले चुनौती थपिने सम्भावना देखिन्छ।

यस पालिकाको आवधिक विकास योजनाले लिएको उद्देश्य हासिल गरी नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने कार्य प्रमुख चूनौतिको रुपमा रहेको छ। स्थानीय सरकारको रुपमा पालिकाको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु समेत चूनौतिपूर्ण छ । पालिकाको आवधिक विकास योजनाको लक्ष्य अनुसार पालिकामा समतामूलक र समावेशी वातावरण सृर्जना गर्दै नगरबासीको जीवनस्तरमा सुधार ल्याउने कार्य पनि चूनौतिको रुपमा रहेका छ । स्थानीय सरकारका रुपमा पालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको

पहिचान तथा योजना निर्माण, मानव पूँजी निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धि जस्ता अवसरहरु सिर्जना भएका छन् । स्थानीय स्रोत परिचालन गरी पालिकामा उद्यमशीलता विकास, रोजगारी सिर्जना र उत्पादकत्व वृद्धि गर्ने दिशामा अगाडि बढ्ने समेत अवसर सिर्जना भएको छ ।

## सोच, उद्देश्य, रणनीति

ओमसतिया गाउँपालिकाले तयार पारिएको दिर्घकालीन सोच, उद्देश्य, लक्ष्य र रणनीतिहरु मध्यमकालीन खर्च संरचनमा समावेश गरिएको छ ।

| | |
|---|---|
| मूल नारा (Slogan) | "ओमसतियाको शान: सुन्दर, शान्त, समृद्ध गाउँपालिका हाम्रो अभियान" |
| दीर्घकालीन सोच (Vision) | ओमसतियालाई आत्मनिर्भर, सुशासित, सुन्दर, शान्त र समृद्ध स्थानीय तहको रूपमा स्थापित गर्ने |
| समष्टिगत लक्ष्य (Goal) | * आर्थिक क्षेत्र: स्थानीय कच्चा पदार्थ, श्रम र पूँजीको अधिकतम परिचालन गरी साना, घरेलु, मझौला एवं कृषिमा आधारित उद्योग र व्यापारिक क्रियाकलापमार्फत गाउँपालिकाको अर्थतन्त्रमा निजी-सहकारी साझेदारीको योगदान उल्लेखनीय रूपमा बढाउने ।<br>* सामाजिक तथा समावेशीकरण क्षेत्र: सबै प्रकारका विभेदको अन्त्य गरी महिला, बालबालिका र लक्षित वर्गको आत्मसम्मान, अधिकार र अवसर सुनिश्चित भएको नमूना गाउँपालिका निर्माण गर्दै लक्षित वर्गको आर्थिक स्वावलम्बन, सामाजिक न्याय र नीतिगत तहमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।<br>* पूर्वाधार तथा सुरक्षित आवास: आगामी ५ वर्षभित्र सबै नयाँ निर्माणलाई भवन संहितामा आबद्ध गर्ने र जोखिममा रहेका परिवारलाई सुरक्षित आवासको पहुँच पुर्‍याउने ।<br>* पर्यटन र रोजगारी: ओमसतियालाई सांस्कृतिक र ग्रामीण पर्यटनको एक आकर्षक गन्तव्यको रूपमा स्थापित गरी स्थानीय रोजगारीमा वृद्धि गर्ने ।<br>* वन तथा वातावरण क्षेत्र: प्रदूषण नियन्त्रण र जलवायु परिवर्तनका जोखिमहरूसँग लड्न सक्ने क्षमताको विकास गरी गाउँपालिकालाई "हरित र उत्थानशील ओमसतिया" को रूपमा अगाडि बढाउने । |
| प्रमुख उद्देश्यहरू (Objectives) | १. कृषि तथा आर्थिक विकास: परम्परागत कृषिलाई आधुनिकीकरण, यान्त्रीकरण र व्यवसायीकरण गर्दै किसानहरूको उत्पादकत्व वृद्धि गर्ने र कृषि क्षेत्रलाई सम्मानित एवं नाफामूलक व्यवसायका रूपमा विकास गर्ने ।<br>२. महिला तथा सामाजिक सबलीकरण: महिलाहरूको आर्थिक सबलीकरण र उद्यमीशीलता वृद्धि गर्ने र गाउँपालिकालाई बालमैत्री स्थानीय शासन युक्त घोषणा र कार्यान्वयन गर्ने ।<br>३. बस्ती विकास योजना: गाउँपालिकाको विस्तृत भू-उपयोग योजना र बस्ती विकास गुरुयोजना तयार गरी लागू गर्ने ।<br>४. सुशासन र सार्वजनिक सेवा: सार्वजनिक सेवा प्रवाहमा सुधार, डिजिटल गाउँपालिकाको अवधारणा कार्यान्वयन, आन्तरिक राजस्व परिचालन र प्रशासनिक संयन्त्रलाई सुदृढ, प्रविधिमैत्री र उत्तरदायी बनाउने । |
| समष्टिगत रणनीतिहरू (Strategies) | **रणनीति १:** कृषि, पशुपालन, सिँचाइ र मूल्य शृङ्खला विकास।<br>**रणनीति २:** भौतिक पूर्वाधार, सडक, भवन मापदण्ड, आवास, उज्यालो वडा, वैकल्पिक ऊर्जा, खानेपानी र गौरवका आयोजना। |

| | |
|---|---|
| | **रणनीति ३:** शिक्षा र स्वास्थ्य सेवामा गुणस्तर तथा प्राविधिक पहुँच सुधार।<br>**रणनीति ४:** समावेशी विकास, लक्षित वर्गको उत्थान र बालमैत्री स्थानीय शासन।<br>**रणनीति ५:** उद्यमशीलता, लघु उद्यम, रोजगार, पर्यटन, सहकारी, खेलकुद, कला र संस्कृति प्रवर्द्धन।<br>**रणनीति ६:** वातावरण, फोहोरमैला, जलाधार संरक्षण, हरित उद्यम र विपद् जोखिम न्यूनीकरण (DRR)।<br>**रणनीति ७:** सुशासन, डिजिटल प्रविधि, सञ्चार/मिडिया, संस्थागत क्षमता विकास र कार्यालय सञ्चालन। |

*स्रोतः आवधिक विकास योजना २०८२/८३ र बार्षिक निति तथा कार्यक्रम*

## मध्यमकालीन आर्थिक खाका

ओमसतिया गाउँपालिकाले तयार पारेको आवधिक विकास योजना र प्रोफाइलमा उल्लेखित लक्ष्यहरूमा आगामी वर्षको समष्तिगत आर्थिक खाका तयार पारेको छ। आर्थिक खाका तयार पार्दा कृषि र पशु क्षेत्रको स्थलगत रुपमा तथ्याङ्क संकलन गरि आधार मानि तयार पारिएको छ भने अन्य तथ्याङ्कहरु आवधिक विकास योजना, पालिका प्रोफाईल र प्रदेशको पञ्चबर्षिक योजना समेतलाई आधार मानिएको छ । तलको तालिकामा उल्लेखित सूचकहरुका सम्बन्धमा कतिपय विषयको अध्ययन पालिकाको आफ्नो प्रयासले मात्र पनि सम्भव नहुने खालका छन भने आफूले अध्ययन गर्न सकिने विषयवस्तुका विवरण पनि अद्यावधिक नभएको अवस्था देखिन्छ। जसले गर्दा विद्यमान अवस्था विश्लेषण गर्न समस्या रहेको तथा कमजोर क्षेत्रमा लगानीको सुनिश्चितता र लागनीको मात्रा पहिचान गर्न वैज्ञानिक आधार तयार नभएको देखिन्छ।

**तालिका १ आर्थिक खाका**

| क्र.सं. | सूचक (Indicators) | एकाई | उपलब्धि (आ.व. ०८१/०८२)* | अनुमानित उपलब्धि (आ.व. ०८२/०८३) | मध्यमकालीन लक्ष्य (Target) | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १ | प्रमुख खाद्यान्न उत्पादकत्व | मे.टन प्रति हेक्टर | ३.५ | ३.८ | ४.२ | ४.६ | ५. |
| २ | वैदेशिक रोजगारबाट फर्केकाको पुनःएकीकरण | परिवार | न्यून | १०० | २०० | ३५० | ५०० |
| ३ | रोजगार सिर्जना गर्न सञ्चालित आयोजना संख्या | सङ्ख्या | १५ | १६ | १७ | १८ | २० |
| ४ | सरकारी रोजगार सङ्ख्या | जना | ३५० | ३६० | ३७५ | ३९० | ४०० |
| ५ | वित्तीय तथा गैर-वित्तीय संस्थाद्वारा रोजगार सङ्ख्या | जना | १२५ | १५० | १८५ | २२० | २५६ |
| ६ | रोजगार दाता सङ्ख्या | सङ्ख्या | २५ | २८ | ३२ | ३६ | ४० |

| क्र.सं. | सूचक (Indicators) | एकाई | उपलब्धि (आ.व. ०८१/०८२)* | अनुमानित उपलब्धि (आ.व. ०८२/०८३) | मध्यमकालीन लक्ष्य (Target) | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| ७ | आफ्नै व्यापार व्यवसायको कारोबारी सङ्ख्या | सङ्ख्या | १२५५ | १४०० | १५५० | १७०० | १८७४ |
| ८ | लघु उद्यमी समूह संख्या | समूह | १२ | १४ | १७ | १९ | २२ |
| ९ | लघु उद्यमी सदस्य | जना | १३५ | १६५ | २०० | २३५ | २७१ |
| १० | बजार केन्द्र | केन्द्र | ५ | ५ | ५ | ५ | ५ |
| ११ | साझा सुविधा केन्द्र | केन्द्र | १ | १ | २ | २ | ३ |
| १२ | स्तरोन्नति भएका उद्यमी | जना | ५५ | ७५ | ९५ | १२० | १४५ |
| १३ | प्रतिव्यक्ति वार्षिक औसत आय | अमेरिकी डलर | १४५६ | १६५० | १८८० | २१२० | २३९४ |

*विषयगत क्षेत्र तथा उपक्षेत्र गत तथा आवधिक विकास योजना, प्रोफाइलबाट तयार पारिएको।*

## मध्यमकालीन नतिजा खाँका

ओमसतिया गाउँपालिकाको प्रोफाइल, आवधिक विकास योजनाका साथै स्थलगत अध्ययनका आधारमा ओमसतिया गाउँपालिकाको नतिजा खाँका देहाय बमोजिम रहेको छ।

**तालिका २ नजिता खाका**

| सूचकहरू (Indicators) | एकाई | गत आ.व. २०८१/०८२ सम्मको अनुमानित उपलब्धि | चालु आ.व. २०८२/०८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य (Medium-term Targets) | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
| उद्योग व्यवसाय क्षेत्रमा रोजगार | जना | १२४५ | १३४५ | १४४५ | १५४५ | १६४५ |
| गाउँपालिकामा दर्ता उद्योग व्यवसाय | सङ्ख्या | १२५५ | १३७५ | १५०० | १६Mj५ | १७५० |
| व्यवसाय करबाट संकलित राजस्व (वार्षिक वृद्धि) | प्रतिशत | ८.००% | ९.५०% | ११.००% | १२.५०% | १४.००% |
| सञ्चालित औद्योगिक तथा व्यापार मेला | पटक | १ | १ | १ | १ | १ |
| १२ महिना सिंचाई | प्रतिशत | ४०.००% | ४७.००% | ५४.००% | ६१.००% | ६७.००% |

# ओमसतिया गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

| सूचकहरू (Indicators) | एकाई | गत आ.व. २०८१/०८२ सम्मको अनुमानित उपलब्धि | चालु आ.व. २०८२/०८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य (Medium-term Targets) | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
| हुने क्षेत्र | | | | | | |
| प्रयोगमा आएका सिंचाई प्रविधि (बोरिङबाट सिंचित) | सङ्ख्या (थप) | आधारभूत | थप २ | थप ४ | थप ६ | थप ८ |
| सिंचाई प्रविधिको प्रकार (बोरिङ, कुलो) | सङ्ख्या/मिटर | व्यवस्थापन | सुदृढीकरण | विस्तार | स्तरोन्नति | पूर्णता |
| निजी स्यालो ट्युबेल | सङ्ख्या | २५०० | २६०० | २७०० | २८०० | २९०० |
| थोपा सिंचाई प्रविधिबाट सिंचित क्षेत्र (टनेल खेती) | टनेल सङ्ख्या | ५ | २५ | ५० | ७५ | १०० |
| कृषक परिवारको जम्मा सङ्ख्या | परि. सङ्ख्या | ४९०० | ५१०० | ५३०० | ५५०० | ५७०० |
| स्थानीय व्यावसायिक कृषि, फार्म | सङ्ख्या | ५२ | ५३ | ५३ | ५४ | ५४ |
| अगुवा वा व्यावसायिक कृषक | जना | ४० | ४५ | ५० | ५५ | ६० |
| खाद्यान्न (धान, गहुँ, मकै) उत्पादन | मे.टन | २८५५० | ३२००० | ३५५०० | ३९००० | ४२५०० |
| फलफूल उत्पादन (आप, केरा) | मे.टन | २२ | २४ | २७ | ३० | ३३ |
| कृषि मिटर जडान गर्ने किसान | जना | १३० | १४५ | १६० | १७५ | १९५ |
| भेट तथा एग्रोभेट | सङ्ख्या | ९ | १० | ११ | १२ | १३ |
| व्यावसायिक कृषि नर्सरी | सङ्ख्या | ३ | ३ | ४ | ४ | ५ |
| कृषि सहकारी संस्था | सङ्ख्या | ५ | ६ | ६ | ७ | ७ |
| कृषक समूह | सङ्ख्या | ५२ | ५८ | ६५ | ७२ | ७८ |
| कृषि उपज संकलन तथा बजार प्रवर्धन केन्द्र | सङ्ख्या | २ | २ | २ | ३ | ३ |
| ऐन, नियम तथा कार्यविधि निर्माण | सङ्ख्या (वार्षिक) | ४ | ५ | ५ | ६ | ६ |
| नीति, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट | प्रतिशत | ७०.००% | ७५.००% | ८०.००% | ८५.००% | ९०.००% |

| सूचकहरू (Indicators) | एकाई | गत आ.व. २०८१/०८२ सम्मको अनुमानित उपलब्धि | चालु आ.व. २०८२/०८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य (Medium-term Targets) | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
| सेवाग्राही | | | | | | |
| कुल बजेटमा आन्तरिक स्रोतको योगदान | प्रतिशत | ८.००% | ९.००% | १०.००% | ११.००% | १२.५०% |
| वार्षिक बजेट | रु. हजारमा | ५५०००० | ५८०००० | ६१०००० | ६४०००० | ६७०००० |

*विषयगत क्षेत्र तथा उपक्षेत्र गत तथा आवधिक विकास योजना, नगर प्रोफाइलबाट तयार पारिएको।*

## मध्यमकालीन बजेट खाका

ओमसतिया गाउँपालिकाको श्रोत अनुमान गर्दा देहायका आधार अपनाईएको छ।

१. आर्थिक वर्ष २०८३।०८४ को बिनियोजित बजेट तथा आम्दानी र  खर्चको आंकलनका आधारमा गरिएको छ, दोश्रो र तेश्रो वर्ष को प्रक्षेपण गर्दा पालिकाको आवधिक योजनाका लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ।

२. संघीय सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड, समानीकरण अनुदान, विशेष अनुदान, सशर्त अनुदान, समपुरक अनुदान तथा प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाड, राजस्व बाँडफाँड, समानीकरण अनुदान, विशेष अनुदान, सशर्त अनुदान, समपुरक अनुदानको आकलन गरिएको छ।

३. त्यसैगरि राजस्व बाँडफाँडबाट पालिकालाई प्राप्त प्राप्त हुने राजस्वलाई समेत आधार बनाईएको छ।

५. मध्यमकालीन खर्च संरचना निर्माणका लागि आर्थिक प्रशासन शाखा, राजश्व परिचालन शाखाबाट प्राप्त तथ्याङ्कका आधारमा आगामी बर्षको बजेट खाका प्रक्षेपण गरिएको छ।

४. उल्लेखित आधारहरुलाई विश्लेषण गर्दा आगामी तीन वर्षको कुल बजेट  रु १,६६,४०,१९,७२५।०० प्रक्षेपण गरिएको छ।

# ओमसतिया गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

## तालिका ३ बजेट खाका

(रु हजारमा)

| क्र.सं. | बजेटका स्रोतहरू / खर्चको विधा | २०८०/८१ को यथार्थ | २०८१/८२ को यथार्थ | २०८२/८३ को अनुमान | २०८३/८४ (प्रक्षेपण) | २०८४/८५ (प्रक्षेपण) | २०८५/८६ (प्रक्षेपण) | ३ वर्षको प्रक्षेपण जम्मा (०८३/८४ देखि ०८५/८६) |
|---|---|---|---|---|---|---|---|---|
| **१** | **बजेटको स्रोत (राजस्व तथा अनुदान)** | **४५०,०००** | **४८५,७१८** | **४८२,५७४** | **५११,७९७** | **५४८,६७७** | **६०३,५४५** | **१,६६४,०१९** |
| **१.१** | आन्तरिक आय | ३६,५०० | ३८,९०० | ४१,७०० | ४२,००० | ४६,२०० | ५०,८२० | १३९,०२० |
| **१.२** | राजस्व बाँडफाँडबाट प्राप्त आय | २४,००० | २५,८४१ | ३१,६७२ | ३४,८३९ | ३८,३२३ | ४२,१५५ | ११५,३१७ |
| | * नेपाल सरकार (भ्याट र अन्तशुल्क) | १४,००० | १५,००० | १८,००० | १९,५०० | २१,५०० | २३,५०० | ६४,५०० |
| | * प्रदेश सरकार (सवारी साधन कर आदि) | १०,००० | १०,८४१ | १३,६७२ | १५,३३९ | १६,८२३ | १८,६५५ | ५०,८१७ |
| **१.३** | **रोयल्टी बाँडफाँटबाट प्राप्त राजस्व** | **५००** | **५५०** | **६००** | **६५०** | **७००** | **७५०** | **२,१००** |
| | * वन रोयल्टी | २०० | २२० | २५० | २७० | ३०० | ३२० | ८९० |
| | * खानी रोयल्टी | २०० | २२० | २५० | २७० | ३०० | ३२० | ८९० |
| | * विद्युत रोयल्टी | १०० | ११० | १०० | ११० | १०० | ११० | ३२० |
| **१.४** | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | **३५०,०००** | **३६५,०००** | **३७५,४०२** | **३९५,८०८** | **४२३,४५४** | **४६५,८२०** | **१,२८५,०८२** |
| | * वित्तीय समानीकरण अनुदान | ११०,००० | ११५,००० | १२०,००० | १२६,००० | १३५,००० | १४८,००० | ४०९,००० |
| | * सशर्त अनुदान | २२०,००० | २३०,००० | २३५,००० | २४८,००० | २६५,००० | २९२,००० | ८०५,००० |
| | * समपुरक अनुदान | १२,००० | १३,००० | १४,००० | १५,००० | १६,५०० | १८,००० | ४९,५०० |
| | * विशेष अनुदान | ८,००० | ७,००० | ६,४०२ | ६,८०८ | ६,९५४ | ७,८२० | २१,५८२ |
| **१.५** | **प्रदेश सरकार वित्तीय** | **२५,०००** | **२५,०००** | **२३,०००** | **२८,५००** | **२९,०००** | **३३,०००** | **९०,५००** |

# ओमसतिया गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

| क्र.सं. | बजेटका स्रोतहरू / खर्चको विधा | २०८०/८१ को यथार्थ | २०८१/८२ को यथार्थ | २०८२/८३ को अनुमान | २०८३/८४ (प्रक्षेपण) | २०८४/८५ (प्रक्षेपण) | २०८५/८६ (प्रक्षेपण) | ३ वर्षको प्रक्षेपण जम्मा (०८३/८४ देखि ०८५/८६) |
|---|---|---|---|---|---|---|---|---|
| | **हस्तान्तरण** | | | | | | | |
| | * वित्तीय समानीकरण अनुदान | ८,००० | ८,५०० | ८,८०० | ९,५०० | १०,००० | ११,००० | ३०,५०० |
| | * सशर्त अनुदान | १२,००० | १२,००० | ११,२०० | १४,००० | १४,२०० | १६,५०० | ४४,७०० |
| | * समपुरक अनुदान | ३,००० | ३,००० | २,००० | ३,५०० | ३,५०० | ४,००० | ११,००० |
| | * विशेष अनुदान | २,००० | १,५०० | १,००० | १,५०० | १,३०० | १,५०० | ४,३०० |
| **१.६** | अन्य अनुदान / अन्तर स्थानीय तह साझेदारी | १,००० | १,००० | १,००० | १,००० | १,००० | १,००० | ३,००० |
| **१.७** | जनसहभागिता (नगद वा श्रमदान) | ८,००० | ८,५०० | ८,००० | ८,००० | ९,००० | १०,००० | २७,००० |
| **१.८** | नगद मौज्दात | ५,००० | ५,८२७ | १,००० | १,००० | १,००० | १,००० | ३,००० |
| **२** | जम्मा खर्च | ४५०,००० | ४८५,७१८ | ४८२,५७४ | ५११,७९७ | ५४८,६७७ | ६०३,५४५ | १,६६४,०१९ |
| **२.१** | चालु खर्च | १८०,००० | १८८,६८७ | १९३,०३० | २०४,७१९ | २१९,४७१ | २४१,४१८ | ६६५,६०८ |
| **२.२** | पुँजीगत खर्च | २७०,००० | २९७,०३१ | २८९,५४४ | ३०७,०७८ | ३२९,२०६ | ३६२,१२७ | ९९८,४११ |
| **३** | बचत बजेट | ० | ० | ० | ० | ० | ० | ० |
| **४** | वित्तीय व्यवस्था | ० | ० | ० | ० | ० | ० | ० |
| **४.१** | आन्तरिक ऋण | ० | ० | ० | ० | ० | ० | ० |

*पालिकाले तयार पारेको आन्तरिक आय प्रपेपणका आधारमा विवरण तयार पारिएको*

# ओमसतिया गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

## बजेटको स्रोत शारांश

| | बजेटका स्रोतहरु | २०८१/८२ को यथार्थ/आधार | २०८२/८३ को अनुमान | प्रक्षेपण | प्रक्षेपण | प्रक्षेपण | ३ बर्षको प्रक्षेपण जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | आन्तरिक स्रोत | ३८९०० | ४१७०० | ४२००० | ४६२०० | ५०८२० | १३९०२० |
| २ | नेपाल सरकारको स्रोत | ३९६४४२ | ३७८१२९ | ४००७७८ | ४२८७५६ | ४७१६३१ | १३०११६५ |
| ३ | प्रदेश सरकारबाट प्राप्त स्रोत | ५०३७६ | ६२७४५ | ६९०२० | ७३७२२ | ८१०९४ | २२३८३५ |
| ४ | अन्य स्रोत | ० | ० | ० | ० | ० | ० |
| | **जम्मा** | **४८५७१८** | **४८२५७४** | **५११७९८** | **५४८६७७** | **६०३५४५** | **१६६४०२०** |

# परिच्छेद ३ : स्थानीय मध्यमकालीन खर्च संरचना

## बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

मध्यकालीन खर्च संरचना निर्माण गर्ने क्रममा ओमसतिया गाउँपालिकाद्वारा तयार पारिएको प्रोफाइल, आवधिक विकास योजना, बार्षिक बजेटहरुका साथै विषयगत समितिहरुसंगको छलफलबाट प्राप्त नतिजाका आधारमा ओमसतिया गाउँपालिकाको आगामी तीन आर्थिक वर्षको बजेट विनियोजन तथा प्रपेक्षणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ। बजेट विनियोजन र प्रक्षेपण विषयगत क्षेत्र सहितको विवरण अनुसूचीमा राखिएको छ।

# रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण

ओमसतिया गाउँपालिकाद्वारा तयार पारिएको आवधिक विकास योजनामा रहेका रणनितिकका आधारमा रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपक्ष देहायबमोजिम रहेको छ।

तालिका ४ रणनीतिक स्तम्भ (रु हजारमा)

| रणनीतिक सङ्केत | रणनीतिक स्तम्भ | आ.व. २०८३।८४ को खर्च प्रक्षेपण | | आ.व. २०८४।८५ को खर्च प्रक्षेपण | | आ.व. २०८५।८६ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | **व्यावसायिक कृषि, विविधीकरण र बजार मूल्य शृङ्खला (Value Chain) विकास रणनीति:** परम्परागत कृषिलाई आधुनिकीकरण र यान्त्रीकरण गर्ने; चक्लाबन्दी र टनेल खेती (थोपा सिँचाइ) लाई प्रोत्साहन गर्दै कृषि तथा पशुजन्य उत्पादनको भण्डारण, संकलन र बजारीकरणका लागि सहकारी र निजी क्षेत्रसँग साझेदारी गरी सुदृढ मूल्य शृङ्खला स्थापित गर्ने। | १०९९५ | २% | ११७८९ | २% | १२९९१ | २% |
| २ | **दिगो, जलवायु अनुकूलित भौतिक पूर्वाधार र व्यवस्थित बस्ती विकास रणनीति:** गाउँपालिकाको विस्तृत भू-उपयोग योजना र बस्ती विकास गुरुयोजना अनुरूप सुरक्षित आवास सुनिश्चित गर्न भवन संहिता (Building Code) लाई कडाइका साथ लागू गर्ने; बाह्रै महिना सञ्चालन हुने सडक सञ्जाल र डिप बोरिङमार्फत 'खेत-खेतमा पानी' पुऱ्याउने गरी सिँचाइ पूर्वाधार निर्माण गर्ने। | १११९३९ | २२% | १२००२१ | २२% | १३२२६४ | २२% |
| ३ | **गुणस्तरीय, सीपमूलक शिक्षा र प्रविधिमैत्री सर्वसुलभ स्वास्थ्य सेवा रणनीति:** विद्यालयहरूको भौतिक तथा प्राविधिक पूर्वाधार सुधार गरी स्थानीय आवश्यकता अनुरूपको जीवनोपयोगी शिक्षा प्रदान गर्ने; पालिका भित्रका स्वास्थ्य संस्थाहरूको स्तरोन्नति गर्दै विशेषज्ञ सेवा र प्रविधिमैत्री स्वास्थ्य प्रणालीमा सबै नागरिकको न्यायोचित पहुँच सुनिश्चित गर्ने। | २०२९७२ | ४०% | २१७६२७ | ४०% | २३९८२७ | ४०% |
| ४ | **समावेशी विकास, बालमैत्री शासन र लक्षित वर्ग सबलीकरण रणनीति:** महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति र विपन्न वर्गको आर्थिक स्वावलम्बनका लागि लक्षित उद्यमशीलता कार्यक्रमहरू सञ्चालन गर्ने; बालमैत्री स्थानीय शासन (CFLG) को पूर्ण कार्यान्वयन गर्दै नीतिगत र निर्णय प्रक्रियामा लक्षित | २२८३३ | ४% | २४४८१ | ४% | २६९७८ | ४% |

| रणनीतिक सङ्केत | रणनीतिक स्तम्भ | आ.व. २०८३।८४ को खर्च प्रक्षेपण | | आ.व. २०८४।८५ को खर्च प्रक्षेपण | | आ.व. २०८५।८६ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| | वर्गको अर्थपूर्ण सहभागिता बढाउने। | | | | | | |
| ५ | **स्थानीय उद्यमशीलता प्रवर्द्धन, रोजगार सिर्जना र पर्यटन विकास रणनीति:** वैदेशिक रोजगारबाट फर्केका युवाहरूको पुनःएकीकरणका लागि सीप र पूँजीको व्यवस्था गर्ने; साना तथा घरेलु उद्योगहरूको स्थापना र औद्योगिक/व्यापारिक मेलाका माध्यमबाट आन्तरिक रोजगारी बढाउने र सांस्कृतिक तथा ग्रामीण पर्यटनलाई गाउँपालिकाको आर्थिक आधार बनाउने। | १८९६३ | ४% | २०३३३ | ४% | २२४०७ | ४% |
| ६ | **विपद् जोखिम न्यूनीकरण (DRR), वातावरण संरक्षण र उत्थानशीलता रणनीति:** जलवायु परिवर्तनको जोखिम सामना गर्न पर्यावरणमैत्री (हरित) विकासको अवधारणा अघि सार्ने; रोहिणी नदीको तटबन्ध व्यवस्थापन, जलाधार संरक्षण र गाउँपालिकाका हरेक वार्षिक योजना र पूर्वाधार निर्माणमा विपद् जोखिम न्यूनीकरणलाई अनिवार्य रूपमा मूलप्रवाहीकरण (Mainstreaming) गर्ने। | ४०८६ | १% | ४३८१ | १% | ४८२८ | १% |
| ७ | **डिजिटल सुशासन, राजस्व सुदृढीकरण र संस्थागत क्षमता विकास रणनीति:** सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो र उत्तरदायी बनाउन 'कागजविहीन' (Paperless) र डिजिटल पालिकाको अवधारणा पूर्ण रूपमा लागू गर्ने; आन्तरिक कर प्रणालीलाई प्रविधिमैत्री बनाई राजस्व परिचालन सुदृढ गर्ने र सार्वजनिक खरिद प्रक्रियालाई पूर्ण रूपमा इ-बिडिङ (e-GP) मार्फत पारदर्शी बनाउने। | १३९००८ | २७% | १४९०४५ | २७% | १६४२४९ | २७% |
| ८ | सांकेतिक नगरिएको | | | | | | |
| **कुल जम्मा** | | ५१०७९७ | १००% | ५४७६७७ | १००% | ६०३५४५ | १००% |

*रणनीतिक स्तम्भः आवधिक विकास योजनामा रहेको रणनीतिक स्तम्भका आधारमा विवरण तयार पारिएको।*

# प्राथमिकताक्रमको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

प्राथमिकताक्रमको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण देहायबमोजिम रहेको छ।

# ओमसतिया गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

## तालिका ५ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

| प्राथमिकता क्रम | आयोजना संख्या | आ.व. २०८३।८४ को खर्च प्रक्षेपण | | आ.व. २०८४।८५ को खर्च प्रक्षेपण | | आ.व. २०८५।८६ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| P1 | ४५ | ४०८६९४ | ८०% | ४३८२०२ | ८०% | ४८२९०२ | ८०% |
| P2 | १७ | १०१०८२ | २०% | १०८३८० | २०% | ११९४३६ | २०% |
| **जम्मा** | ६२ | ५०९७७५ | १००% | ५४६५८२ | १००% | ६०२३३८ | १००% |

# दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

## तालिका ६ दिगो विकास लक्ष्य

| दिगो विकास लक्ष्य | आयोजना संख्या | आ.व. २०८३।८४ को खर्च प्रक्षेपण | | आ.व. २०८४।८५ को खर्च प्रक्षेपण | | आ.व. २०८५।८६ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | ६ | ५३७४ | १% | ५७६२ | १% | ६३४९ | १% |
| २ | ६ | ७०८० | १% | ७५९१ | १% | ८३६५ | १% |
| ३ | ८ | ८१०८० | १६% | ८६९३४ | १६% | ९५८०३ | १६% |
| ४ | ७ | ११९७९३ | २३% | १२८४४२ | २३% | १४१५४४ | २३% |
| ५ | ० | ० | ०% | ० | ०% | ० | ०% |
| ६ | ५ | २१५२० | ४% | २३०७४ | ४% | २५४२८ | ४% |
| ७ | २ | ३३२० | १% | ३५६० | १% | ३९२३ | १% |
| ८ | ६ | १६४८३ | ३% | १७६७४ | ३% | १९४७६ | ३% |
| ९ | ५ | ८४२०० | १६% | ९०२७९ | १६% | ९९४८८ | १६% |

# ओमसतिया गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

| दिगो विकास लक्ष्य | आयोजना संख्या | आ.व. २०८३।८४ को खर्च प्रक्षेपण | | आ.व. २०८४।८५ को खर्च प्रक्षेपण | | आ.व. २०८५।८६ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १० | ३ | २५५४५ | ५% | २७३८९ | ५% | ३०१८३ | ५% |
| ११ | ४ | ८९४४ | २% | ९५९० | २% | १०५६८ | २% |
| १२ | २ | १२७४ | ०% | १३६६ | ०% | १५०६ | ०% |
| १३ | ३ | ९३२ | ०% | १००० | ०% | ११०१ | ०% |
| १४ | ० | ० | ०% | ० | ०% | ० | ०% |
| १५ | २ | ५७५ | ०% | ६१६ | ०% | ६७९ | ०% |
| १६ | ४ | १३४६७७ | २६% | १४४४०१ | २६% | १५९१३१ | २६% |
| १७ | ० | ० | ०% | ० | ०% | ० | ०% |
| **जम्मा** | ६३ | ५१०७९७ | १००% | ५४७६७७ | १००% | ६०३५४५ | १००% |

## लैंगिक संकेतको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

### तालिका ७ लैंगिक संकेत

| संकेत नम्बर | लैगिक संकेत | आ.व. २०८३।८४ को खर्च प्रक्षेपण | | आ.व. २०८४।८५ को खर्च प्रक्षेपण | | आ.व. २०८५।८६ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | प्रत्यक्ष लाभ | ५७४४४ | ११% | ६१५९१ | ११% | ६७८७४ | ११% |
| २ | अप्रत्यक्ष लाभ | १८८४३० | ३७% | २०२०३५ | ३७% | २२२६४५ | ३७% |
| ३ | तटस्थ | २५५२५३ | ५०% | २७३६८३ | ५०% | ३०१६०१ | ५०% |
| | जम्मा | ५०११२८ | | ५३७३०९ | | ५९२१२० | |

| संकेत नम्बर | लैगिक संकेत | आ.व. २०८३।८४ को खर्च प्रक्षेपण | | आ.व. २०८४।८५ को खर्च प्रक्षेपण | | आ.व. २०८५।८६ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| | सांकेतिकरण नगरिएको | ८६४८ | २% | ९२७२ | २% | १०२१८ | २% |
| | **जम्मा** | **५०९७७५** | **१००%** | **५४६५८२** | **१००%** | **६०२३३८** | **१००%** |

# जलवायु संकेतको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

## तालिका ८ जलवायु संकेत

| संकेत नम्बर | जलवायू परिवर्तन संकेत | आ.व. २०८३।८४ को खर्च प्रक्षेपण | | आ.व. २०८४।८५ को खर्च प्रक्षेपण | | आ.व. २०८५।८६ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | प्रत्यक्ष लाभ | ६२४४ | १% | ६६९५ | १% | ७३७८ | १% |
| २ | अप्रत्यक्ष लाभ | ९२०६३ | १८% | ९८७११ | १८% | १०८७८० | १८% |
| ३ | तटस्थ | ४०२८२० | ७९% | ४३१९०४ | ७९% | ४७५९६२ | ७९% |
| | **जम्मा** | ५०११२८ | | ५३७३०९ | | ५९२१२० | |
| | सांकेतिकरण नगरिएको | ८६४८ | २% | ९२७२ | २% | १०२१८ | २% |
| | कुल जम्मा | **५०९७७५** | **१००%** | **५४६५८२** | **१००%** | **६०२३३८** | **१००%** |

# विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

## तालिका १० आयोजनाको तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

| आर्थिक बर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालू | पूँजीगत | वित्तिय ब्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ,२०८३।८४ | ५१०७९७ | ३६८७७५ | १४२०२२ | | ५१००० | ४१५९५८ | ४३८३९ | |
| ,२०८४।८५ | ५४७६७७ | ३९५४०१ | १५२२७६ | | ५६२०० | ४४५६५४ | ४५८२३ | |
| ,२०८५।८६ | ६०३५४५ | ४३५७३५ | १६७८१० | | ६१८२० | ४९००७० | ५१६५५ | |

# परिच्छेद ४ : आर्थिक क्षेत्र

यस परिच्छेद अन्तर्गत कृषि तथा सिंचाई, पशु सेवा, उद्योग व्यापार, र श्रम तथा रोजगार, पर्यटन तथा संस्कृति, सहकारी र वित्तीय सेवा जस्ता उप-क्षेत्रहरुको समस्या तथा चूनौति, उद्देश्य, नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य, विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान सहित संक्षिप्त विवरण, जोखिम तथा अनुमान पक्षहरु समावेश गरिएको छ।

## ४.१ कृषि तथा खाद्य सुरक्षा

### पृष्ठभूमि

गाउँपालिकाको भौगोलिक अवस्था ४८.५४ वर्ग किमि क्षेत्रफलमा फैलिएको छ । कुल क्षेत्रफलको ८६.९९ प्रतिशत वा ४२२२.६१ हेक्टरमा खेतीयोग्य जमिन कृषि क्षेत्रले ओगटेको छ। (स्रोत : गाउँपालिका, कृषि विकास शाखा २०८३) ओमसतिया गाउँपालिकाको व्यावसायिक कृषि मुख्य व्यवसाय हो । सबै वडामा व्यापक खेतीयोग्य जमिन रहेको र गाउँपालिकाको प्रमुख उत्पादनमा धान, मकै, गहूँ जस्ता अन्न बाली र तोरी रहेको छ भने नगदे वालीमा तरकारी, आँप, केरा, माछा, पशुपालन, र कुखुरा मुख्य रुपमा हुने गरेको छ । कृषि यस क्षेत्रको जीविकोपार्जन तथा रोजगारीको मुख्य आधारका रूपमा रहेको छ । गाउँपालिकाको कृषि विकास शाखाले संघियताको मर्म अनुरुप पालिका क्षेत्र भित्र रहेका कृषकहरुको समस्या तथा आवश्यकताहरुको मुल्याँकन गदै विभिन्न वालि विषेस पकेट क्षेत्र घोषणा गदै कार्यक्रमहरु संचालन गदै आएको छ। कृषि सहकारीतामा आधारित कृषि विशिष्टिकरण तथा व्यावसायीकरण कार्यक्रम, स्थानीय पहिचानमा आधारित प्राङ्गारिक कृषि कार्यक्रम, कृषि उत्पादन प्रवर्द्धन, प्रबिधि हस्तान्तरण तथा व्यावसायिकरण कार्यक्रम मुख्य रहेका छन् । गाउँपालिकाले कृषिको उत्पादन र उत्पादकत्त्व वढाउन बृहत सिंचाई योजना कार्यान्वयन गर्ने, कृषि उत्पादनको लागत न्यूनीकरणका लागि कृषि अनुदान तथा कृषि विमा कार्यक्रमलाई कार्यान्वयन गर्ने लक्ष्य लिएको छ।

### समस्या तथा चूनौति

निर्वाहमुखी कृषि उत्पादन, कृषि सङ्कलन केन्द्र पर्याप्त नहुनु, गुणस्तरीय बीउ तथा बीउको मूल्य निर्धारण नहुन, समयमा मलको अप्रर्याप्तता तथा प्राविधिक सेवाको अभाब र आन्तरिक र बाहृय जनावरको अतिक्रमण समस्याका रुपमा रहेका छन् । चिस्यान केन्द्रको कमी, स्थानीय रैथाने विउको अभाव, कृषिमा स्रोत साधनको कमी, बजार मूल्यको अस्थिरता र कृषिमा व्यावसायिकताको कमी, जमिनको तिव्र खण्डीकरण यस क्षेत्रको कृषिका समस्या रहेका छन् । कृषि पेशामा आक्रर्षण कायम गर्नु र तुलनात्मक लाभको क्षेत्रका रुपमा तयार गर्नु चुनौतिका रुपमा रहेको छ।

### सोच

"गाउँपालिकामा खाद्य सम्प्रभुता र खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूति"

# ओमसतिया गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

## उद्देश्य

१. कृषि उत्पादन र उत्पादकत्व बृद्धि गरी कृषि क्षेत्रलाई आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण, बजारीकरण तथा मुल्य श्रङ्खलामा आवद्ध गर्नु,
२. गरिवी, खाद्यान्न आपूर्ती, खाद्य तथा पोषण सुरक्षामा योगदान गरी आर्थिक बृद्धिलाई गति दिंदै ग्रामिण जीवन उकास्ने,
३. कृषिमा आधारित उद्योगको विकास गरी रोजगारी र आम्दानी बृद्धि गर्ने

## रणनीति

१. वैज्ञानिक भूमि व्यवस्थापनद्वारा उत्पादकत्व वृद्धि गरी आत्म निर्भर कृषि प्रणालीको विकास गर्ने ।
२. कृषि व्यवसायलाई व्यवस्थित वनाउन दीर्घकालीन कृषि नीति तथा रणनीतिक योजना निर्माण गर्ने ।
३. मागमा आधारित तुलनात्मक र प्रतिष्पर्धात्मक लाभका क्षेत्रको पहिचान गरी व्यावसायिकतामा जोड दिने ।
४. करार तथा सहकारीमा आधारित कृषि प्रणालीको माध्यमबाट कृषिमा व्यावसायिकताको अभिवृद्धि गर्ने ।
५. भूमिको उत्पादकत्व र उत्पादनशीलता अभिवृद्धिका लागि खण्डिकरण न्यूनीकरण र एकीकृत खेती प्रणाली गर्ने नीति अबलम्बन गर्ने ।
६. गाउँपालिकाको धरातलीय स्वरुप अनुसार कृषि क्षेत्रको विशिष्टिकरण गरी उत्पादन र उत्पादकत्वको बृद्धि गर्ने ।

## नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना एवम बार्षिक नीति तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | चालु आ.व. २०८२/८३ सम्मको अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| प्रमुख खाद्यान्न उत्पादकत्व | (मे.टन/हेक्टर) | **३.५** | ३.७८ | ४.०८ | ४.४१ |
| व्यावसायिक कृषि फर्म संख्या | सङ्ख्या | ५२ | ५३ | ५३ | ५४ |
| कृषिमार्फत स्वरोजगार भएका युवा संख्या | सङ्ख्या | १७५ | २५५ | ३३५ | ४१५ |
| रासायनिक मलको सट्टा प्राङ्गारिक मल प्रयोग | प्रतिशत | १०% | १२% | १८% | २२% |

# ओमसतिया गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

| सूचक | एकाई | चालु आ.व. २०८२/८३ सम्मको अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| कृषक परिवारको जम्मा सङ्ख्या | सङ्ख्या | ४९०० | ५१०० | ५२०० | ५५०० |
| अगुवा वा व्यावसायिक कृषक | सङ्ख्या | ४० | ४४ | ४८ | ५३ |
| खाद्यान्न (धान, गहुँ, मकै ) उत्पादन | मे.ट. | २८५५० | ३१४०५ | ३४५४६ | ३८००० |
| फलफूल उत्पादन (आप, केरा) | मे.ट. | २२ | २४ | २७ | २९ |
| कृषि मिटर जडान गर्ने किसान | सङ्ख्या | १३० | १४३ | १५७ | १७३ |
| व्यावसायिक कृषि नर्सरी | सङ्ख्या | ३ | ३ | ४ | ४ |
| कृषि सहकारी संस्था | सङ्ख्या | ५ | ६ | ६ | ७ |
| कृषक समुह | सङ्ख्या | ५२ | ५७ | ६३ | ६९ |
| कृषि उपज संकलन तथा बजार प्रवर्धन केन्द्र | सङ्ख्या | २ | २ | २ | ३ |
| कृषि तथा पशुपंछीका क्षेत्रमा कार्य गर्ने सहकारी | सङ्ख्या | ६ | ५ | ६ | ६ |

*स्रोत: आवधिक विकास योजना, वस्तुगत प्रोफाइल, गाउँपालिका, कृषि विकास शाखा, * राष्ट्रिय कृषि गणना २०७८*

## विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आयोजनाको संक्षिप्त विवरण, उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायबमोजिम प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ११७९९ | ८८५० | २९५० | | ११७८ | ९६०९ | १०१३ | |
| २०८४/८५ | १२६५१ | ९४८९ | ३१६३ | | १२९८ | १०२९५ | १०५९ | |
| २०८५/८६ | १३९४२ | १०४५६ | ३४८५ | | १४२८ | ११३२१ | ११९३ | |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको कृषि उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि ( शुरु र समाप्ति) | कुल लागत ( रु हजारमा) | आगामी तीन वर्षको उपलब्धि सूचक | पुष्ट्याइँ |
|---|---|---|---|---|---|
| कृषि प्रसार तथा प्रविधि हस्तान्तरण कार्यक्रम | सेवा तथा सुविधामा पहुच बढाउनु | २०८३।८४ बाट २०८५।८६ | ५७५९ | कृषकहरुले कृषि सम्बन्धी सम्पूर्ण सूचनाहरु सहजरुपमा प्राप्त गर्ने ।साथै १२०० घरपरिवारले प्रविधी प्राप्त गरेका । | बार्षिक प्रगती प्रतिवेदन |
| कृषि व्यवसाय विकास कार्यक्रम | व्यवसायीक कृषि तर्फ आकर्षित गर्नु | सालबसाली | ७६७९ | कृषिमा आधारित थप १८० जना उद्यमी तयार भएको । | सम्पन्न प्रतिवेदन |
| कृषि उपज बजार प्रवद्र्धन कार्यक्रम | बजारीकरण | सालबसाली | ७६७९ | कृषकद्धारा उत्पादित कृषिजन्यको सहज बजार प्राप्त गर्ने | बार्षिक प्रगती प्रतिवेदन |
| विउ प्रर्वद्धन कार्यक्रम | विउ तथा मलको व्यवस्थापन भएको हुने | २०८३।८४ बाट २०८५।८६ | ३८३९ | १ वटा विउ बैक स्थापना वा संचालन हुने | सम्पन्न प्रतिवेदन |
| मेयरसंग किसान कार्यक्रम | प्रत्यक्ष किसान र अध्यक्ष सम्पर्कमा हुने | २०८३।८४ बाट २०८५।८६ | ३८३९ | किसानका समस्या समाधान र तरकारी क्षेत्र स्थापना हुने । | सम्पन्न प्रतिवेदन |
| माटो सुधार कार्यक्रम | खेतीका लागी माटो सुधार भएको हुने | २०८३।८४ बाट २०८५।८६ | १९२० | किसानका लागी माटो सुधार भई १० प्रतिशतले उत्पादकतत्वमा बृद्धि भएको हुने | सम्पन्न प्रतिवेदन |
| खेत खेतमा कृषि सेवा कार्यक्रम | किसानका समस्याहरुको खेतमै प्राविधिक सेवा उपलब्ध हुने | २०८३।८४ बाट २०८५।८६ | ३८३९ | बार्षिक १० प्रतिशतले खेतीमा बृद्धि भएको हुने । | बार्षिक प्रगती प्रतिवेदन |
| सामुहिक बैज्ञानिक खेती कार्यक्रम | सामुहिक बैज्ञानिक खेती तर्फ आकर्षित भएको हुने | २०८३।८४ बाट २०८५।८६ | १९२० | सामुहिक रुपमा खेती कार्यक्रले १० प्रतिशत थप उत्पादन बृद्धि भएको हुने | बार्षिक प्रगती प्रतिवेदन |

**जोखिम तथा अनुमान**

कृषि, प्रविधि, बजारीकरण, बजार सञ्जाल निर्माण, मल, गुणस्तरीय बीउ तथा कृषि सामाग्री, कृषि प्रसार, कृषि भूमिको संरक्षण र एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ। यसैगरी कृषि क्षेत्रमा जलवायु परिवर्तन र प्रकोपको असरको जोखिम संभावना अधिक रहन सक्दछ।

## ४.२ सिंचाई

**पृष्ठभूमि**

गाउँपालिकामा कुल खेतियोग्य जमितको ९२.६० प्रतिशत वा ३९१०.२१ हेक्टर क्षेत्रफल सिंचाई सुविधा रहेको छ र गाउँपालिका क्षेत्रमा कूल ९ वटा सिंचाइ आयोजनाले सिंचाई सुविधा उपलब्ध गराएको देखिन्छ। जसबाट ४६३० घरपरिवार लाभान्वित रहेका छन्। (स्रोत : गाउँपालिका कृषि विकास शाखा) अधिकांश मौसमी प्रकृतिका कुलाहरु रहेका छन्। गाउँपालिकाको पर्याप्त सिंचाई नपुगेका कृषि योग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउन आवश्यक पर्ने पूर्वाधारको विकास गर्ने, भौगोलिक अवस्था सुहाउदो सिंचाई प्रविधिको विकास गर्ने, साना सिचाई, कुलो निर्माण तथा मर्मत, पोखरी निर्माण तथा थोपा सिंचाईका लागि अनुदान उपलब्ध गराउने नीति लिएको छ। हाल सिंचाईमा थोपा सिंचाई लगायतको आधुनिक प्रविधिको उपयोगमा विस्तार हुँदै गएको छ । गाउँपालिकाले कृषिको उत्पादन उत्पादकत्व वढाउन बृहत सिंचाई योजना कार्यान्वयन गर्ने लक्ष्य लिएको छ।

**समस्या तथा चुनौति**

नदी तथा खोला भन्दा टाढा सुख्खा क्षेत्रमा सिंचाई सुविधाका लागि वैकल्पिक सिंचाई सुबिधाको व्यवस्था हुन सकेको छैन । सामुहिक बोरिङका माध्यमबाट हुने सिंचाई सुबिधा उपलब्धिमूलक हुन सकेको छैन । सिंचाई आयोजनाको दिगो उपयोग, मर्मतसम्भार र समुचित व्यवस्थापनमा कमी रहेको छ।

**सोच**

"व्यवस्थित, सुविधायुक्त सिंचाई"

**उद्देश्य**

१. खेतीयोग्य जमिनमा प्रर्याप्त सिंचाईको व्यवस्था गर्नु,
२. आधुनिक प्रविधिमा आधारित सिंचाई सुबिधाको विस्तार गर्नु।

**रणनीति**

१. प्राकृतिक सिंचाईका स्रोतको पहिचान र दिगो उपयोगलाई प्रवर्द्धन गर्ने,
२. सिंचाई सुविधा नपुगेका ग्रामीण र सुख्खा क्षेत्रमा लिफ्ट तथा अन्य प्रविधिमा आधरित सिंचाई प्रणालीको विस्तार गर्ने,

३. आधुनिक सिंचाई प्रविधिको उपयोगमार्फत थोपा सिंचाई लगायतका विधिको उपयोगलाई प्रोत्साहन गर्ने ।

## नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँ विकास योजना, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक र मध्यमकालीन लक्ष्य देहाय बमोजिम रहेको छः

| सूचक | एकाई | चालु आ.व. २०८२/८३ सम्मको अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| बाह्रै महिना सिंचाइ पुगेको क्षेत्रफल | प्रतिशत | ७२ | ७५ | ७८ | ८२ |
| जडान गरिएका नयाँ डिप ट्युबेल संख्या | सङ्ख्या | ३ | ५ | ७ | ९ |
| वितरण गरिएका सौर्य सिंचाइ सेट | सेट | - | १२ | ३० | ४५ |
| पक्की गरिएको कुलोको लम्बाई (कि.मी.) | कि.मी. | २५ | २६.५० | २७.५० | २८.६० |
| सिंचाइ सुविधाबाट लाभान्वित घरधुरी | घरधुरी | १२४५ | १३७० | १५०६ | १६५७ |
| प्रयोगमा आएका सिचाई प्रविधि (बोरिङ बाट सिंचित क्षेत्र) | हेक्टर | १५०० | १६५०.०० | १८१५.०० | १९९६.५० |
| नीजि स्यालो ट्युवेलव | सङ्ख्या | २६०० | २८६० | ३१४६ | ३४६१ |
| थोपा सिंचाई प्रविधिबाट सिंचित क्षेत्र | हेक्टर | ० | ०.०० | ८५० | १२५० |

*स्रोत: आवधिक विकास योजना, वस्तुगत प्रोफाइल, गाउँपालिका, कृषि विकास शाखा, * राष्ट्रिय कृषि गणना २०७८*

## विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा कृषि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छः

*(रु. हजारमा)*

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ६६९१ | ५०१९ | १६७३ | | ६६८ | ५४४९ | ५७४ | |
| २०८४/८५ | ७१७५ | ५३८१ | १७९४ | | ७३६ | ५८३८ | ६०० | |
| २०८५/८६ | ७९०६ | ५९३० | १९७७ | | ८१० | ६४२० | ६७७ | |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको सिचाई उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | **सिंचाई प्रणाली निर्माण तथा मर्मतसंभार कार्यक्रम** | कृषिका लागि सिचाईको उपलब्धता भएको हुने | सालबसाली | ३८३९३ | अन्त्यमा २५०० परिवारले सिंचाइको सुविधा प्राप्त गरेका हुने । |

## जोखिम तथा अनुमान

सिंचाई क्षेत्र विस्तार भई प्रविधीमैत्री कृषिमा आधारित व्यवसायमा बेरोजगार युवाहरुलाई आकर्षिक हुनेछन् । प्रविधियुक्त नविनतम सिंचाई व्यवस्थापन सहितको भरपर्दो सिंचाई प्रणालि गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ ।

## ४.३ पशुपंछी विकास

## पृष्ठभूमि

ओमसतिया गाउँपालिकाका ग्रामिण क्षेत्रमा पशुजन्य उत्पादन र उत्पादकत्व उच्च रहेको छ । अधिकांश स्थानिय कृषकहरुले मुलत कृषि, पशु पंक्षी तथा मत्स्य पालन पेशामा आधारित रही आर्थिक कृयाकलाप गरी अधिकांश कृषकहरु परम्परागत तथा निर्वाहमुखि पशु पालन प्रणाली अपनाउदै आएका छन् । पशु विकासलाई अगाडी बढाउन नश्ल सुधार, पशु पालन व्यवस्थापन पशु आहार तथा पशु स्वास्थ व्यवस्थापनलाई व्यवस्थित गर्दै लानु ओमसतिया गाउँपालिका लगायत पशु सेवा शाखा र लाभान्वित कृषक बर्गहरुको भुमिका महत्वपूर्ण रहेको छ। उन्नत नश्लका गाई भैसी, बाख्रा बंङ्गुर तथा कुखुरापालनको अभ्यास विस्तार हुँदै गएको यस क्षेत्रमा धेरै वन क्षेत्र नभएता पनि चरन क्षेत्र र पशु आहारको सहज उपलब्धता रहेको छ । व्यावसायिक पशुपालनका लागि भैसी, गाई, बुगंर, माछा, मौरी ब्लक र पकेट क्षेत्रको विकासमा गाउँपालिकाले सहयोग उपलब्ध गराउँदै आएको छ । गाउँपालिकाले कृषि सहकारीको माध्यमबाट पशुपंछीपालन व्यवसायलाई एकद्वार प्रणालीमार्फत व्यवस्थित तथा वैज्ञानिक बनाउने, उन्नत नश्ल युक्त पशुपालन व्यवसायलाई प्राथमिकता दिने, पशुपालन व्यवसायलाई आधुनिक प्रविधि मैत्री बनाउने नीति लिएको छ। यस क्षेत्रमा पशुजन्य उत्पादनको बाइप्रोडक्ट प्रशोधन तथा बजारीकरण कार्यक्रम, व्यावसायिक पशुपंछी तथा कृषक विमा कार्यक्रम र निजी तथा सहकारी क्षेत्रको सहभागितामा मुल्य श्रृङ्खलामा आधारित पशुपंछीपालन व्यावसायीकरण कार्यक्रम सञ्चालनमा रहेका छन् । पशु सेवा शाखाबाट बिशेषज्ञ सेवा प्रवाह भैरहेको छ। पशुपंछी जन्य उत्पादन विक्रि गरिने ५ वटा स्थानीय हाट बजार रहेका छन् ।

# ओमसतिया गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

## समस्या तथा चूनौति

पशु विशेषज्ञता तथा प्राविधिक सेवाको अभाव, पशुजन्य उत्पादनका लागि बजार व्यवस्थापन भरपर्दो नहुनु, कृषि तथा पशु अनुदानको भरपर्दो व्यवस्था नहुनु, पशु आहारमा गुणस्तरीयताको अभाब, सहुलियत दरमा ऋण व्यवस्थापन नहुनु र पशु बीमा सर्बसुलभ नहुनु समस्याका रुपमा रहेका छन् । पशुजन्य उपजमा गुणस्तरीयता कायम गर्नु, बजारमाग बमोजिम उत्पादन गर्नु र पशुजन्य व्यवसायमा आर्कषण कायम राख्नु मुख्य चुनौतिका रुपमा रहेका छन् ।

## सोच

"पशुपंछी तथा मत्स्य पालनमा वृद्धि ओमसतिया गाउँपालिकाको संमृद्धि"

## उद्देश्य

१. पशुपालन व्यवसायलाई आधुनिकीकरण, विविधिकरण तथा व्यवसायीकरण गर्नु,
२. पशु उत्पादकत्वमा बृद्धि ल्याई पशुजन्य पदार्थको आपूर्ती बढाउने र दिगो पशु विकासमार्फत आयआर्जनमा बृद्धि गर्ने ।

## रणनीति

१. पशुपंक्षीपालनलाई कृषकहरुको दिगो तथा भरपर्दो आयश्रोतको रुपमा स्थापित गर्ने ।
२. पशुपंछीपालनलाई अत्याधुनिक तथा प्रतिष्पर्धात्मक बनाउने ।
३. पशुपंछीपालनको अभिवृद्धिमा संघ, प्रदेश र अन्तरपालिकाका सहकार्यमा जोड दिने ।
४. कृषि तथा पशु उत्पादनको बजार पहुँच वृद्धि गर्न सार्वजनिक, नीजि, सहकारी अवधारणामा आधारित उत्पादन र बजारीकरण नीति अवलम्बन गर्ने ।
५. पशुपंक्षी स्वास्थ्य तथा उपचार सेवाको विस्तार गर्ने ।

## नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना, पालिका प्रोफाइल एवम कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | चालु आ.व. २०८२/८३ सम्मको अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| वार्षिक दुग्ध उत्पादन वृद्धि | प्रतिशत | - | १०% | १५% | २०% |
| भेट तथा एग्रोभेट | सङ्ख्या | ९ | १० | ११ | १२ |
| पशु चौपाया पाल्ने कृषक परिवार | सङ्ख्या | २३५० | २५८५ | २८४४ | ३१२८ |
| भैसी फार्म | सङ्ख्या | १२ | १३ | १५ | १६ |
| गाई फार्म | सङ्ख्या | | १ | १ | २ |
| बाख्रा फार्म | सङ्ख्या | ३ | ३ | ४ | ४ |

## ओमसतिया गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

| सूचक | एकाई | चालु आ.व. २०८२/८३ सम्मको अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| बंगुर फार्म | सङ्ख्या | ४ | ४ | ५ | ५ |
| लेयर्स कुखुरा फार्म | सङ्ख्या | १ | ३ | ३ | ४ |
| ब्रोइलर कुखुरा फार्म | सङ्ख्या | ३ | ३ | ४ | ४ |
| एकिकृत पशु फार्म | सङ्ख्या | ४ | ४ | ५ | ५ |
| माछा पालक कृषक | सङ्ख्या | ९४ | १०३ | ११४ | १२५ |
| सक्रिय पशुपालन समूह | सङ्ख्या | २ | २ | २ | ३ |
| मासु पसल | सङ्ख्या | २७ | ३० | ३३ | ३६ |
| डेरी पसल | सङ्ख्या | ९ | १० | ११ | १२ |
| दुध उत्पादन/दैनिक | लिटर | ११००० | १२१०० | १३३१० | १४६४१ |
| दाना सप्लायर्स | सङ्ख्या | २ | २ | २ | ३ |
| दुग्ध चिस्यान केन्द्र/संकलन केन्द्र | सङ्ख्या | 0 | ० | १ | १ |
| भुइघाँसको व्यावसायिक उत्पादन क्षेत्र | हेक्टर | 37.5 | ४१.२५ | ४५.३८ | ४९.९१ |
| पशु उपचार केन्द्र | सङ्ख्या | ५ | ६ | ६ | ७ |
| क्रियाशिल पशु स्वास्थ्य कार्यकर्ता | सङ्ख्या | ४ | ४ | ५ | ५ |
| कृत्रिम गर्भाधान कर्ता | सङ्ख्या | ३ | ३ | ४ | ४ |
| पशुपंक्षी वधशाला | सङ्ख्या | - | ०.०० | १ | १ |

*स्रोत: आवधिक विकास योजना, वस्तुगत प्रोफाइल, गाउँपालिका, पशु विकास शाखा, * राष्ट्रिय कृषि गणना २०७८*

### विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पशु विकास उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान ेको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छः

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ४४४४ | ३१११ | १३३३ | | ४४४ | ३६१९ | ३८१ | |
| २०८४/८५ | ४७६५ | ३३३५ | १४२९ | | ४८९ | ३८७७ | ३९९ | |
| २०८५/८६ | ५२५१ | ३६७६ | १५७५ | | ५३८ | ४२६४ | ४४९ | |

# ओमसतिया गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायबमोजिम रहेको छ ।

| उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि ( शुरु र समाप्ति) | कुल लागत ( रु हजारमा) | आगामी तीन वर्षको उपलब्धि सूचक | पुष्ट्याईं |
|---|---|---|---|---|---|
| **पशुपंक्षी प्रचार, प्रसार तथा विमा कार्यक्रम** | पशुपन्छी जन्य उत्पादनमा वृद्धि, पशुपन्छी उपचार सेवा, प्राविधिक ज्ञान र पशु विमा | २०८३।८४ बाट २०८५।८६ | १४४६ | अन्त्यसम्म २१०० जना कृषकले पशुपंक्षी सम्बन्धी ज्ञान, सिप प्राप्त गरेका हुने । २५ प्रतिशतले पशु विमामा सहभागी हुनेछन् । | सम्पन्न प्रतिवेदन |
| **पशुपंक्षी व्यवसाय विकास कार्यक्रम** | पशुपंक्षीमा आधारित रोजगार, उद्यमशिलता प्रवर्धन गर्ने | सालबसाली | ३६१५ | | बार्षिक प्रगती प्रतिवेदन |
| **पशुपंक्षी उपज बजार प्रवद्र्धन कार्यक्रम** | पशुपंक्षी उपजहरुको बजारीकरण गर्ने | २०८३।८४ बाट २०८५।८६ | ३६१५ | समग्र पालिकामा ५५ व्यवसाय दर्ता भई नियमित व्यवसाय गरेका हुनेछन् । | सम्पन्न प्रतिवेदन |
| **व्यवासयिक पशुपंक्षीका लागि प्रविधि हस्तान्त्रण कार्यक्रम** | पशुपन्छी जन्य उत्पादनमा वृद्धि, पशुपन्छी उपचार सेवा, प्राविधिक ज्ञान, प्रविधि विकास र विस्तार गर्ने | सालबसाली | ४३३८ | पशुपंक्षि उपज बिक्रीबाट न्यूनतम रु ३२१०० आम्दानी गर्न सक्षम हुनेछन् । | बार्षिक प्रगती प्रतिवेदन |
| **गोठ गोठमा भेटनरी सेवा** | पालिका बासीहरुले गोठमै भेटनरी सेवा प्राप्त गरेका हुनेछन् । | २०८३।८४ बाट २०८५।८६ | १४४६ | अन्त्यसम्म २१०० जना कृषकले पशुपंक्षी सम्बन्धी भेटनरी सेवा प्राप्त गरेका हुने । | सम्पन्न प्रतिवेदन |

**जोखिम तथा अनुमान**

पशुपन्छी क्षेत्रका समय सीमा तोकिएका कतिपय कार्यक्रमहरु सशर्त अनुदानमा प्राप्त हुने हुदा ति कार्यक्रमहरुको समयमा समापन गर्न, माहामारीको समयावधिका पशुपन्छी अन्तरगतका कार्यक्रमहरु प्रभावित हुने साथै स्थानिय तहवाट सम्पादन हुँदै आएका कार्यक्रमको तथ्यांक संकलन, विश्लेषण र प्रतिवेदनमा समानजस्यता कायम हुने र वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषणको रकम कृषि तथा पशुपंछी व्यवसायक्षेत्रको पुँजी निमार्णमा लगाउने वातावरण निर्माण हुनेछ। प्रविधि, मल, गुणस्तरीय पशुजन्य सेवाको सुलभ आपूर्ति, उचित बजारीकरण गर्न नसकिएमा अपेक्षित नतिजा प्राप्तीमा जोखिम रहने आकलन गर्न सकिन्छ।

## ४.४ उद्योग व्यापार तथा व्यवसाय

**पृष्ठभूमि**

ओमसतिया गाउँपालिका औद्योगिक नगर भन्दा पनि कृषि, पशुपालन, पर्यटनका साथै आवसीय क्षेत्रको रुपमा विकास भएको गाउँपालिका हो । यहाँ ठूलाठूला उद्योगहरु छैनन् साथै वातावरणीय र जमिनको उपलब्धता दुबै दृष्टिकोणले ठूला उद्योग खुल्ने सम्भावना कम रहेको छ । उद्योग व्यवसायनै आम मानिसहरुको आयआर्जनको प्रमुख आधार भएकाले पालिकाले खासगरी साना तथा घरेलु उद्योग तथा सेवामूलक व्यवसायको प्रवर्द्धनलाई प्राथमिकता राखि कार्य गर्दै आइरहेको छ। गाउँपालिकाका भित्र कृषि तथा पशु उपजहरुको खरिद बिक्रि व्यापारिक केन्द्रहरुको रुपमा वडा नं. ३ मा रहेको फलफुल तथा तरकारी स्टोर केन्द्र, र श्री राम जानकारी लोहरौली बजारमा हुने गरेको छ। गणेश श्रीवास्तव हाट बजारमा लाग्ने हाट बजारमा यस्ता बस्तुको खरिद बिक्रि गर्ने स्थल हुन। पालिकाले लघु तथा घरेलु उद्यम सम्बन्धी सीपमूलक तालिम सञ्चालन गर्ने, विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुमा रहेको सीपको विवरण समेतको रोजगार सूचना केन्द्रको व्यवस्थापन गरी रोजगारदाताहरुसंग समन्वय गराई रोजगार सिर्जनामा सहयोग प्रदान गर्ने, ओमसतिया गाउँपालिका उद्योग ब्यवसायको लागि बजार प्रसस्त रहेकोले बजारको मागलाई हेरी व्यवसाय सञ्चालन गर्दा उद्योग व्यवसाय सफल हुने सम्भावना भएकोले उद्योग तथा ब्यापार क्षेत्रको विकासका लागि ठोस कदम चाल्नुपर्ने देखिन्छ।

**समस्या तथा चूनौति**

बजारको प्रचुर सम्भावना भएता पनि औद्योगिक पूर्वाधारहरू जस्तै सडक, उर्जा, पूँजी, दक्ष जनशक्ति, प्रविधि आदिको अवस्था अत्यन्त कमजोर, औद्योगिक उत्पादनको सीप सिकाउने शिक्षा प्रणालीको अभाव, पालिकाका बजारकेन्द्रहरूमा ठूलो स्तरको आर्थिक गतिविधि नहुनु, निजी क्षेत्रको लगानी आर्कषण गर्न नसक्नु, वित्तीय सुरक्षाको पर्याप्त प्रत्याभूति नभएको, उद्योगमा संलग्न मजदुर तथा औद्योगिक क्रियाकलापका दौरान सामाजिक जटिलता, अपराध, व्यवसायीक पेश प्रति आकर्षण नहुनु आदी समस्या र चुनौतीहरु रहेका छन्।

# ओमसतिया गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

## सोच

"ओमसतियाको समृद्धिको लागी लगानिमैत्री, रोजगारि मुलक उच्च प्रतिफलयुक्त औद्योगिक तथा व्यापारिक क्षेत्रको विकास"

## उद्देश्य

१. स्थानीय श्रोत, साधन एवं श्रम सीपमा आधारित लघु, घरेलु तथा साना उद्योग व्यवसायको प्रवर्द्धन गर्नु,

२. उद्योग तथा बजार व्यवस्थित गरी बस्तु खरिद विक्रीमा सुलभता ल्याउने ।

## रणनीति

१. स्थानीय उत्पालनको बजार प्रर्वद्धन गर्न बजार तथा हाटबजारको स्थापना गर्ने ।

२. औद्योगिकिकरणमा जोड दिने ।

३. उत्पादित बस्तुहरुको प्रशोधनका लागि साना उद्योगको बिस्तार गर्ने ।

४. गाउँ क्षेत्रको विशेषता, मौलिकता र आर्थिक विकासको प्राथमिकता अनुसार औद्योगिक र व्यावसायिक उत्पादनलाई विशिष्टीकरण गर्ने ।

५. उद्योग तथा व्यापार प्रवर्द्धन गर्नेलाई स्थानीय सरकारबाट संरक्षण गर्ने ।

६. औद्योगिक क्षेत्रको विकासमा अन्तर सरकार समन्वयमा वृद्धि गर्ने ।

७. स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको विकासलाई प्रोत्साहित गर्ने ।

८. बजारमाग अनुरुपको उत्पादनलाई प्रवर्द्धन र स्वरोजगारका अवसर सृजना गर्ने ।

## नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

एकीकृत गाउँ विकास योजना तथा आयोजनाको संक्षिप्त विवरणमा आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य निम्न रहेका छन् ।

| सूचक | एकाई | चालु आ.व. २०८२/८३ सम्मको अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| दर्ता भएका नयाँ साना तथा मझौला उद्योग संख्या | संख्या | ७२५ | ७३५ | ७५५ | ७८० |
| औद्योगिक क्षेत्रमा सिर्जित नयाँ रोजगारी | जना | 2200 | २२३० | २२९१ | २३६७ |
| आन्तरिक राजस्वमा उद्योग/व्यापारको हिस्सा | प्रतिशत | १८% | १८% | १९% | १९% |
| सञ्चालनमा आएका औद्योगिक ग्राम | वटा | ० | ० | ० | १ |
| नियमित बजार अनुगमन प्रतिवेदन | चौमासिक | - | ३ | ३ | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| व्यवसाय करबाट संकलित राजस्व | रु.हजार | 1518 | १५३९ | १५८१ | १६३३ |
| सञ्चालित औद्यौगिक तथा व्यापार मेला | पटक | ० | १ | १ | १ |

*श्रोत: आवधिक विकास योजना र वस्तुगत विवरण प्रोफाइल तथा प्रतिवेदन*

## विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग, व्यापार तथा व्यवसाय उप-क्षेत्रको खर्च र स्रोको स्रोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छः

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ४४४४ | १७७८ | २६६६ | | ४४४ | ३६१९ | ३८१ | |
| २०८४/८५ | ४७६५ | १९०६ | २८५९ | | ४८९ | ३८७७ | ३९९ | |
| २०८५/८६ | ५२५१ | २१०० | ३१५१ | | ५३८ | ४२६४ | ४४९ | |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको उद्योग तथा व्यापार उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम | उद्यमशिलता मार्फत उद्यम विकास गर्ने | सालबसाली | ९०८ | ३५५ जनाले उद्यम सञ्चालन गरेका हुनेछन् । |

## जोखिम तथा अनुमान

वैदेशिक रोजगारबाट प्राप्त पूँजी उद्योग तथा व्यवसायमा परिचालन गर्न आवश्यक नीति र कार्यक्रम हुन जरुरी छ। उद्योग तथा व्यापार सम्बन्धी पालिकाको ठोस नीति नहुँदा वेरोजगार युवाहरुलाई कृषि तथा गैर कृषिमा आधारित व्यवसायमा आकर्षित गर्न कठिन देखिन्छ।

## ४.५ पर्यटन तथा संस्कृति

### पृष्ठभूमि

नेपाल चार जात छत्तिस वर्णको फुलवारी भएजस्तै यस गाउँपालिकाभित्र पनि विभिन्न धर्मालम्बिहरु बसोबास गरेको पाईन्छ । सबै धर्मलाई समानताका रुपमा उच्च मूल्यांकन गरिएको यस गाउँपालिकामा विभिन्न जातजातिहरु जस्तै थारु, बाह्मण, क्षेत्री, मगर, मधेशी, तराईवासी आदिहरु एकआपसमा आफ्नो अस्तित्व राखी बसेका पाईन्छ। यस गाउँपालिकामा अधिकांश मधेशी वर्गका विभिन्न जातीका मानिसहरु बसोबास गर्दछन् । हिन्दु, मुस्लिम तथा अन्य धर्म मान्ने समुदायहरुको बसोबास रहेको यस गाउँपालिकामा विभिन्न पर्वहरु रामनवमी, माघी, इद, होली, ल्होसार आदि तथा साँस्कृतिक कार्यक्रमहरु राम सिता विवाह महोत्सव, खिचडी महोत्सव, मगर दिवस आदि सबै समुदाय र संप्रदायहरु मिलेल धुमधामका साथ मनाइन्छ। लुम्बिनी तथा यस आसपास आउने धार्मिक पर्यटकलाई लक्षित गरी भैरहवा नजिकै ओमसतिया गाउँपालिका ४ नं. वडामा रहेको नवदुर्गा मन्दिरलाई चौँथो शक्तिपिठ भैरहवापीठ स्थापनाको लागि अघि बढाइएको छ। पशुपतिनाथ, मुक्तिनाथ, स्वर्गद्वारी, लुम्बिनीलगायत नेपालका धार्मिकस्थल दर्शन गर्न आउने भारतीय भक्तजनलाई निःशुल्क आवास र खानाको सुविधासहित भैरहवापीठ सञ्चालनको लक्ष्य राखिएको छ। जसबाट यस क्षेत्रको धार्मिक पर्यटन प्रवर्द्धनलाई महत्वपूर्ण योगदान पुऱ्याउने छ। गाउँपालिका क्षेत्रमा दुर्गा मन्दिर, कोटी माई मन्दिर, मगर समाज, श्रीराम जानकी मन्दिर, लोहरौली कुटी, सतिया माई, अबु बकर सिदिकी जस्ता १५ वटा मन्दिर, १० वटा मस्जित, २ वटा चर्च, १२ वटा ताल तथा पोखरी आदि धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरु रहेका छन् । प्रदेश र संघसँग पहलद्धारा विविध क्रियाकलापहरु कार्यान्वयन हुदै आएको छ। स्थानीय स्तरमा पर्यटन वस्तु (त्यगचष्कत उचयमगअतक) को पहिचान गरी त्यसको प्रचार प्रसार, पर्यटकको औषत वसाई तथा खर्च वृद्धि गर्न जोड सहित पर्यटन विमाको अवधारणा विकास तथा कार्यान्वयनमा अग्रसर रहेको छ।

### समस्या तथा चूनौति

सिमित पर्यटकीय उत्पादन, पर्यटन सम्वन्धि नविनतम ज्ञान, सिप र योजनाको अभाव, कृषि लगायतका अन्य पर्यटकीय उत्पादनको पूर्वाधारमा कमी, पर्यटक गाईडको अभाव र प्राविधिक तथा सूचना केन्द्रको अभाव, युवा वर्गमा पुरानो रैथाने भाषा, कला र सांस्कृतिक परम्पराका साथै ऐतिहासिक सम्पदाप्रति आकर्षण घट्दै जानु र आधुनिकताका नाममा विभिन्न विदेशी संस्कृतिको नक्कल र विकृति मौलाउँदै जानु चुनौतिका रुपमा देखा परेको छ।

### सोच

"पर्यटकीय हव ओमसतिया"

### उद्देश्य

१. पर्यटकीय स्थललाई व्यवस्थित एवं आकर्षक बनाई पर्यटकहरु बढाउने।

२. पर्यटन बजारको माग अनुरूपका पूर्वाधार तथा सुबिधाका विकास एवम् विस्तार गर्नु ।

**रणनीति**

१. पर्यटनको क्षेत्रको विस्तारमार्फत आय आर्जन तथा रोजगारीको अवसर सृजना गर्ने,
२. पर्यटकीय गन्तव्यको विकास र विस्तार गरी आधारभुत सेवा सुविधाको सुनिश्चित गर्ने,
३. पर्यटन विकासका लागि उपयुक्त नीतिगत तथा संस्थागत संरचनाको स्थापना गरी परिचालन गर्ने ।
४. पर्यटन क्षेत्रको सरसफाई, सुरक्षा र विकासका लागि अन्तर सरकार एवम् निजी क्षेत्रसँग समन्वय र सहकार्यमा गर्ने ।
५. जातीय भेषभुसा, संस्कृति र सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्दै माग अनुसारका पर्यटकीय पूर्वाधार र सेवाको विस्तार गर्ने ।
६. पंच कर्म सहितको योग स्थलको संरक्षण तथा संवर्द्धन गर्ने ।

**नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

आवधिक विकास योजना, नगर बस्तुगत प्रोफाइल र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक र मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | चालु आ.व. २०८२/८३ सम्मको अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| सूचिकृत पर्यटकीय स्थलहरूको संख्या | संख्या | १० | ११ | १२ | १३ |
| सञ्चालित होमस्टे (घरबास) संख्या | संख्या | १ | ५ | १० | २० |
| वार्षिक पर्यटक आगमन (अनुमानित) | संख्या | ३५ | १७५ | ३५० | ७०० |
| पर्यटकीय क्षेत्रमा सिर्जित रोजगारी | संख्या | ० | २८ | ५५ | ११० |
| पुनरुत्थान गरिएका ऐतिहासिक पोखरीहरू | संख्या | - | ० | १ | १ |
| व्यवस्थित पर्यटकीय स्थान | सङ्ख्या | 10 | ११ | १२ | १३ |
| व्यवस्थित होमस्टे र पर्यटकीय गाउँ÷नगर | सङ्ख्या | 0 | १ | २ | ४ |
| औषत दैनिक पर्यटक आगमन (विदेशी) | सङ्ख्या | | १७५ | ३५० | ७०० |
| औषत दैनिक आन्तरिक पर्यटक आगमन | सङ्ख्या | | २६३ | ५२५ | १०५० |
| होटेल तथा रेष्टुरेण्ट | सङ्ख्या | २० | ३० | ४० | ५० |
| होटलको दैनिक पर्यटक राख्न सक्ने क्षमता | सङ्ख्या | ५० | ७५ | १०० | १२५ |
| पर्यटकको औषत वसाई ( विदेशी) | दिन | 2 | ३ | ४ | ५ |
| तारे होटल | सङ्ख्या | 0 | ० | ० | ० |

*श्रोत: आवधिक विकास योजना र वस्तुगत विवरण प्रोफाइल*

# ओमसतिया गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

## विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पर्यटन तथा संस्कृति उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय बमोजिम रहेको छ।

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ९१९४ | ५५१७ | ३६७८ | | ९१८ | ७४८७ | ७८९ | |
| २०८४/८५ | ९८५८ | ५९१५ | ३९४३ | | १०१२ | ८०२२ | ८२५ | |
| २०८५/८६ | १०८६४ | ६५१८ | ४३४६ | | १११३ | ८८२१ | ९३० | |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको पर्यटन तथा संस्कृति उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | उपक्षेत्र/ कार्यक्रम/ आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत ( रु हजारमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| १ | **पर्यटन पूर्वाधार विकास कार्यक्रम** | पर्यटनका लागि आवश्यक न्यूनतम पूर्वाधा निर्माण गर्ने | २०८३।८४ बाट २०८५।८६ | २०९४१ | आधाभूत पूर्वाधार निर्माण भएको हुने |
| २ | **पर्यटन प्रवद्र्धन कार्यक्रम** | पर्यटन प्रवर्द्धन | सालबसाली | ८९७५ | कुल ग्राहस्त उत्पादनमा पर्यटकको योगदान १० प्रतिशत हुनेछ। |

*श्रोत: आवधिक विकास योजना तथा बार्षिक नीति तथा कार्यक्रम*

## जोखिम तथा अनुमान

वैदेशिक रोजगारबाट प्राप्त पूँजी पर्यटन क्षेत्रमा परिचालन भए पर्यटन व्यवसाय आकर्षित हुने देखिन्छ। सरकारी क्षेत्र, निजी क्षेत्र र नागरिक साझेदारीहरुको सकृयतामा यस क्षेत्रको विकास र विस्तार हुनेछ। समग्र क्षेत्रको साझेदारी हुन नसकेमा पर्यटन क्षेत्रको अपेक्षित नजिता हासिल नहुने जोखिम रहन सक्दछ।

## ४.६ भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा

### पृष्ठभूमि

भूमिको वैज्ञानिक व्यवस्थापन एवं सामाजिक न्यायमा आधारित भू(उपयोगका माध्यमबाट सहकारी क्षेत्रको परिचालन गरी गाउँपालिकाको कृषि एव पशुपंछीजन्य उत्पादनको क्षेत्रमा यान्त्रिकीकरण, व्यावसायिकीकरण, बजारीकरण र आधुनिकीकरणका माध्यमबाट प्रतिस्पर्धात्मक अवस्थाको सृजना गरी आत्मनिर्भरता हासिल गर्दै रोजगारीको अवसर सृजना गर्ने व्यवस्था रहेको छ । गाउँपालिकाका तर्फबाट कृषि तथा पशुपालन व्यवसाय, महिला, दलित, अपाङ्ग, असहाय तथा जेष्ठ नागरिहरुका क्षेत्रमा उल्लेखनीय कार्य गर्ने वित्तीय तथा सहकारी संस्थाहरुलाई प्रोत्साहन गर्ने व्यवस्था रहेको छ । ग्रामीण पूँजीको संकलन र उचित सदुपयोगमार्फत आय आर्जन गर्न सहकारीको महत्वपूर्ण भूभिका हुन्छ । कृषि सहकारीहरु सञ्चालनमा रहेको र वित्तीय सेवामा पहुँच सहज रहेको छ। यस गाउँपालिकामा २० वटा सहकारी संस्थाहरु, ९ वटा बैंक तथा वित्तीय संस्थाहरु रहेका छन् । त्यसैगरी, गाउँपालिकाले कमजोर क्षमतामा सञ्चालित सहकारीहरूको एकीकरण कार्यमा सहजीकरण, स्थानीय नागरिकको क्रयशक्ति अभिवृद्धि र सहकारीका माध्यमबाट निरपेक्ष गरीबी घटाउन सहकारीको बिशेष कार्यक्रम सञ्चालनको नीति लिएको छ।

### समस्या तथा चूनौति

कारोवार र कर्जा तथा बचत सम्बन्धित प्रावधानको ज्ञान नहुँदा सर्वसाधारणका लागि सहज वित्तीय पहुँच कायम हुन नसकेको, बैंक प्रतिको विश्वसनीयतामा कमि, सार्वजनिक तथा सरकारी भूमि अतिक्रमण र अव्यवस्थित बसोबास तथा सुकुम्बासी समस्या चुनौतिहरु हुन्।

### सोच

“सामुहिकता र सहकार्यमार्फत सबल ग्रामीण अर्थतन्त्र निर्माण”

### उद्देश्य

१. प्रत्यक्ष जोखिम, सुलभ ऋण लगानी तथा जीवनस्तर उकास्न वित्तिय सेवामा साझेदारी बृद्धि गर्ने।
२. सार्वजनिक जग्गाको अतिक्रमणलाई निस्तेज तुल्याउनु,
३. सहज, सुलभ तथा विश्वासनीय वित्तीय सेवाको विस्तार गर्नु,
४. वित्तीय सेवामा सबै नगरवासीको पहुँच र सहकारीमा सबै घरपरिवारको सहभागिता स्थापित गर्नु।

### रणनीति

१. भू-स्वामित्व र अतिक्रमणसँग सम्बन्धित समस्यालाई अन्तरसरकार साझेदारीमा दीर्घकालीन समाधान गर्ने
२. सहकारी संस्थालाई गाउँपालिकाको प्रमुख विकास साझेदारको रुपमा विकास गर्ने।
३. गाउँपालिका भित्र हुने गरेका अनौपचारिक आर्थिक गतिविधिलाई बैंक, सहकारी, वित्तीय संस्था र बचत ऋण समूह जस्ता औपचारिक क्षेत्रबाट कारोबार हुने वातावरण तयार गर्ने।
४. वित्तीय साक्षरता विस्तार गर्ने।

५. सहकारीलाई आर्थिक विकासको आधारका रुपमा विकसित गरी कृषि, उद्योग र पर्यटनसँग आवद्ध गराउने ।

## नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

पालिका प्रोफाइल, आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक र मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | चालु आ.व. २०८२/८३ सम्मको अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| वित्तीय तथा गैर बित्तिय संस्थामा रोजगार | सङ्ख्या | १२५ | १७५ | १९३ | २१२ |
| स्थानीय स्तरमा सञ्चालित सहकारी | सङ्ख्या | २० | २० | २० | २१ |
| बैंक तथा वित्तीय संस्था | सङ्ख्या | ९ | ९ | १० | १० |
| सहकारीमा पहुँच (घरबाट ३० मिनेट भित्रको पैदल यात्रामा सहकारीमा पहुँच भएका परिवार | प्रतिशत | १०० | १०० | १०० | १०० |
| सहकारी क्षेत्रको नेतृत्वमा महिला सहभागिता | प्रतिशत | १८ | ४५ | ५० | ५५ |
| जमीन तथा सम्पत्तिमा महिलाको स्वामित्व भएका घरपरिवार | प्रतिशत | २७ | २९ | ३१ | ३१ |

*श्रोत: आवधिक विकास योजना, विषयगत छलफल*

## विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा भूमि, सहकारी तथा वित्तिय उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ३०६ | १८४ | १२३ | | ३१ | २५० | २६ | |
| २०८४/८५ | ३२९ | १९७ | १३१ | | ३४ | २६७ | २७ | |
| २०८५/८६ | ३६२ | २१७ | १४५ | | ३७ | २९४ | ३१ | |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको सहकारी तथा वित्तिय उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | उपक्षेत्र/ कार्यक्रम/ आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| १ | **सहकारी क्षमता विकास तथा प्रवद्र्धन कार्यक्रम** | सहकारीको क्षमता अभिवृद्वी गर्नु | सालबसाली | ३७४० | १० प्रतिशतले सहकारी सदस्यता बृद्धि हुनेछ। साथै नियमित सहकारी विवरण अध्यावधिक |
| २ | **वित्तीय साक्षरता तथा पहुँच कार्यक्रम** | वित्तीय साक्षरता भएका हुने | सालबसाली | १२४७ | वित्तिय साक्षरता भई उचित स्थानमा लगानी गर्न सक्षम |

*श्रोत: आवधिक विकास योजना तथा बार्षिक नीति तथा कार्यक्रम*

**जोखिम तथा अनुमान**

वित्तीय एवम् सहकारी संस्थाहरु स्थानीय उत्पादन र सोको बजारीकरण, आर्थिक गतिविधिमा क्रियाशिल हुनु पर्ने हुन्छ। उपरोक्त अवस्था सिर्जना हुन नसकेमा लक्ष्य हासिल गर्न जोखिम रहन्छ।

## ४.७ श्रम तथा रोजगारी

**पृष्ठभूमि**

सीप विकास तथा स्वरोजगारीका लागि सरकारीस्तरबाट विभिन्न अनुदान सहित आर्थिक प्राविधिक सहयोगको अभ्यास रहेको छ। ग्रामीण रोजगारी प्रवर्द्धनका लागि घरेलु उद्योगको विकास गर्न सकिने प्रशस्त आधारहरु रहेका छन्। कृषि तथा गैर कृषि क्षेत्रमा औपचारिक तथा अनौपचारिक रोजगारीका अवसरहरु विस्तार हुँदै गएको छ। वैदेशिक रोजगारी तथा सरकारी सेवाको रोजगारीमा आर्क्षण उच्च रहेको छ।

**समस्या तथा चुनौति**

युवा जनशक्ति विदेश पलायन हुने, वाह्यि क्षेत्रको रोजगारीमा आर्क्षण र स्थानीय उद्योग व्यवसाय अन्यत्रका श्रमिकमा भर पर्नुपर्ने अवस्था रहेको छ। तालिम तथा क्षमता विकास अवसरमा कमीका कारण श्रम बजारको मागअनुसारको दक्ष जनशक्तिमा कमी रहेको छ। रोजगारीमा अनिश्चितता र स्थानीय रोजगारीमा न्यून प्रतिफल चुनौतिका रुपमा रहेका छन्।

**सोच**

"रोजगारी र आयमा वृद्धि"

**उद्देश्य**

१. दक्ष जनशक्तिको विकास रोजगारी प्रवर्द्धन गर्नु
२. श्रम तथा रोजगारमूलक आयोजना तथा कार्यक्रमको विकास, विस्तार र प्रवर्द्धन गर्नु।

# ओमसतिया गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

## रणनीति

१. संघ, प्रदेश र निजी क्षेत्रसँगको सहकार्यमा स्थानीय श्रम बजारका लागि आवश्यक, पेशा, सीप, दक्षताको विषयमा गहन अध्ययन गरी कामदारको माग र आपूर्तिको प्रोफाइल तयार गरी श्रम बजारलाई व्यवस्थित गर्ने ।

२. सरकारी निकायहरू, गैरसरकारी संस्थाहरू, सहकारी तथा निजी क्षेत्रहरू बीच समन्वय, संयोजन र सञ्चारलाई प्रभावकारी बनाउँदै रोजगारी सिर्जनाको एकीकृत प्रयास गर्ने ।

३. कार्य क्षेत्रमा आधारित तालिम, रोजगार सूचनाको प्रवाह तथा परामर्श र वित्तीय सहयोग मार्फत रोजगारीका अवसरहरूको सिर्जना गर्ने ।

## नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना, प्रोफाइल र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

| सूचक | एकाई | चालु आ.व. २०८२/८३ सम्मको अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| श्रम बैंकमा दर्ता भएका श्रमिक | संख्या | - | १००० | २५०० | ३००० |
| तालिम पश्चात स्वरोजगार/रोजगार भएका युवा | जना | ९२५ | १०० | २५० | ३०० |
| बालश्रमको अवस्था | प्रतिशत | विद्यमान | | | |
| रोजगारी सिर्जना गर्न सञ्चालित आयोजना | सङ्ख्या | १५ | ५ | ८ | १० |
| सरकारी रोजगार | सङ्ख्या | ३५० | ३५० | ३५५ | ३६० |
| रोजगार दाता | सङ्ख्या | २५ | २७ | ३० | ३३ |
| आफ्नै व्यापार व्यवसायको कामदार | सङ्ख्या | १२५५ | १२८० | १४०८ | १५४८ |
| लघु उद्यमी समुह | समुह | १२ | १५ | १७ | १८ |
| लघु उद्यमी सदस्य | जना | १३५ | १८५ | २०४ | २२४ |
| बजार केन्द्र | केन्द्र | ५ | ५ | ५ | ५ |
| साझा सुविधा केन्द्र | केन्द्र | १ | १ | २ | २ |
| स्तरोउन्ती भएका उद्यमी | जना | ५५ | ७० | ८५ | १०५ |
| प्रतिव्यक्ति वार्षिक औसत आय | अमेरिकी डलर | १४५६ | १६३५ | १७९९ | १९७८ |
| निरपेक्ष गरिबीको रेखामूनी रहेको जनसङ्ख्या | प्रतिशत | १९ | १८ | १६ | १५ |

*श्रोत: आवधिक विकास योजना र वस्तुगत विवरण प्रोफाइल तथा प्रतिवेदन*

# ओमसतिया गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

## विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा श्रम तथा रोजगारी उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छः

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ४७५० | १९६१ | २७८९ | | ४७४ | ३८६८ | ४०८ | |
| २०८४/८५ | ५०९३ | २१०३ | २९९० | | ५२३ | ४१४५ | ४२६ | |
| २०८५/८६ | ५६१३ | २३१८ | ३२९५ | | ५७५ | ४५५८ | ४८० | |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको उद्योग तथा व्यापार उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | **श्रम तथा रोजगार प्रवद्र्धन र श्रमिक सुरक्षा कार्यक्रम** | प्रविधी हस्तान्त्रण, विउ पूँजी र लगानी सम्मेलन मार्फत स्थानीय बजार प्रर्वधन गर्ने | २०८३।८४ बाट २०८५।८६ | ५७८४ | अन्त्यमा १ लगानी सम्मेलन, उद्यमीहरुमा नविन प्रविधि हस्तान्त्रण र विउ पूँजी मार्फत बजार विस्तार भएको हुने। |
| २ | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | सुचिकृत बेरोजगार व्यक्तिह लाई अधिकतम १०० दिन बरावर कामको सुनिश्चित गर्ने | सालबसाली | ८६७६ | सुचिकृत बेरोजगार व्यक्तिहरुलाइ १०० दिनको रोजगारी भएको हुने। |

*श्रोत: आवधिक विकास योजना, बार्षिक नीति तथा कार्यक्रम*

## जोखिम तथा अनुमान

श्रम, रोजगारी तथा गरिबी न्यूनीकरण सम्बन्धी आवश्यक नीति, कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ। रोजगार प्रवर्द्धनका कार्यक्रममा निरन्तरता नभएमा अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ।

# परिच्छेद ५ : सामाजिक क्षेत्र

स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, महिला, बालबालिका र सामाजिक समावेशीकरण, युवा तथा खेलकुद जस्ता उप-क्षेत्रहरु यस परिच्छेद अन्तर्गत रहेका छन् जसमा उप-क्षेत्रहरुको समस्या तथा चूनौति, उद्देश्य, नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य, विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान सहित संक्षिप्त विवरण, जोखिम तथा अनुमान पक्षहरु समावेश गरिएको छ।

## ५.१ जनस्वास्थ्य तथा पोषण

### पृष्ठभूमि

गाउँपालिकामा स्वास्थ्य चौकी ४ वटा, प्राथमिक स्वास्थ्य केन्द्र १ वटा र सामुदायिक स्वास्थ्य इकाई १ वटा गरि जम्मा ६ वटा स्वास्थ्य संस्था रहेका छन । निजी तथा गैर(सरकारी संस्था को तर्फबाट १ वटा १५ शैयाको अस्पताल तथा नर्सिंग होम, १ वटा पोलिक्लिनिक र १६ वटा औषधी पसलहरु रहेका छन् । गाउँपालिकाले निशुल्क स्वास्थ्य शिविरको व्यवस्था, खोप कार्यक्रमलाई व्यवस्थित बनाउने, मातृ तथा नवजात शिशु मृत्यू दर घटाउने, तथा ५ बर्ष मुनिका बालबालिकाहरु तथा १५ देखि ४९ बर्षका महिलाको पोषण स्वास्थ्य स्थिति सुधार गर्न  परिवार नियोजन तथा खोप सेवा सबै स्वास्थ्य संस्थामा रहेको छ भने प्रसुती सेवा वडा नं. ४ को बसन्तपूर प्राथमिक स्वास्थ्य केन्द्र र वडा नं. ६ को छोटकिर्मानगर स्वास्थ्य चौकीमा रहेको छ। २० वटा गाउँघर क्लिनिक, २० वटा खोप केन्द्र, ७५ महिला स्वास्थ्य स्वयंसेविका रहेको छ। विभिन्न पोषण योजना कार्यक्रम सञ्चालनमा रहेका छन्,  जसले बालबालिकामा पोषणमा सुधार हुदै आएको छ।  व्यवहार परिवर्तनका लागि आवश्यक कार्यक्रम अधि सार्ने र स्वास्थ्य सेवालाई ज्येष्ठ नागरिक, लैङ्गिक तथा अपाङ्ग मैत्री बनाउने कार्यकमहरु सञ्चालन गरेको छ। पछिल्ला दिनमा स्वास्थ्य तथा पोषणका क्षेत्रमा सकारात्मक सुधारहरु भएका छन्। आधारभूत स्वास्थ्य सेवाको निःशुल्क र सर्वसुलभ रुपमा ओमसतिया गाउँपालिका भित्रका प्रत्येक नागरिकलाई उपलब्ध हुने व्यवस्था मिलाउने निति लिइएको छ। (स्रोत : गाउँपालिका स्वास्थ्य प्रोफाइल)

### समस्या तथा चूनौति

विपन्न वर्गमा स्वास्थ्य सेवाको सहज पहुँच हुन नसक्नु, प्रयाप्त मात्रामा प्रयोगशाला र सबै खालका परीक्षण र सघन उपचारको व्यवस्था नहुनु, स्वास्थ्य सेवा प्रवाह गर्न प्राविधिक सामग्रीको कमी रहेको, जनशक्तिको अभाव, स्वास्थ्य संस्थाबाट निस्कने फोहरमैला व्यवस्थापन गर्ने इन्सिनेरेटरको व्यवस्था नहुनु, स्वास्थ्य संस्थाहरुमा आवश्यक कोठा सहितको भवन लगायतका पूर्वाधार तथा सामाग्री र वर्थिङ्ग सेन्टरको कमी, बिद्यालयमा स्वास्थ्य र पोषण कार्यक्रम प्रभावकारी नभएको, बिद्यालयमा किशोरीलाई आइरन चक्की खुवाउने कार्यक्रम प्रभावकारी नभएको, केन्द्र र प्रदेशबाट पठाउने औषधी समयमा नआउनु, विपद्का लागि स्वास्थ्य तथा पोषणको पूर्व तयारी तथा कार्ययोजना नबनेको छ भने, वातावरण प्रदुषण, बिषादी, अस्वस्थकर खाना, जीवनशैली स्वास्थ्य तथा पोषणको क्षेत्रका चुनौतिको रुपमा रहेको छ।

# ओमसतिया गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

## सोच

"गाउँबासीको स्वस्थ्य र पोषणमा सुधार, स्मार्ट गाउँ विकासको आधार"

## उद्देश्य

१. सम्पूर्ण गाउँवासीहरुमा आधारभूत तथा गुणस्तरीय स्वास्थ्य तथा पोषण सेवामा पहुँच बृद्धि गरी स्वास्थ्य अबस्थामा सुधार ल्याउने।

## रणनीति

२. सबै स्वास्थ्य संस्थाहरुमा न्यूनतम मापदण्डसहितको पूर्वाधार निर्माण गरी आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने।

३. स्वास्थ्य सेवामा सुशासन कायम गरी सबै लक्षित बर्गमा आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपभोग सुनिश्चित गर्ने।

४. बहुक्षेत्रीय पोषण योजनाको अवधारणा अनुरुप पोषण बिशेष तथा पोषण संवेदनशिल सेवाहरुको गुणस्तरीयता सुनिश्चित गरी महिला, बालबालिका तथा किशोरकिशोरीको पोषण अबस्थामा सुधार ल्याउने।

५. सबै नगरबासीको स्वास्थ्य विमा गर्ने।

६. गाउँपालिकालाई पूर्णखोप घोषणा गरी दिगोपना सुनिश्चित गर्ने।

७. पूर्ण संस्थागत सुत्केरी गाउँपालिका सुनिश्चित गर्ने।

८. स्वास्थ्य तथा पोषण बिषयगत क्षेत्रसँग सम्बन्धित विपद् जोखिम न्यूनिकरण गर्ने।

९. कार्य सम्पादन तथा मूल्यांकनका आधारमा उत्कृष्ट स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीलाई प्रोत्साहन गर्ने।

१०. स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली (एचएम्आइएस्) लाई सुदृढिकरण गर्ने।

## नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना, वस्तुगत प्रोफाइल र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक र मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | चालु आ.व. २०८२/८३ सम्मको अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| संस्थागत सुत्केरी दर (Institutional Delivery) | प्रतिशत | १५% | ३५% | ५५% | ७५% |
| पूर्ण खोप पाउने बालबालिकाको प्रतिशत | प्रतिशत | ९७% | ९८% | १००% | १००% |
| कुपोषणको दर (बालबालिकामा) | प्रतिशत | ०% | ०% | ०% | ०% |
| स्वास्थ्य बीमामा आबद्ध घरधुरी | प्रतिशत | २८% | ३५% | ४५% | ६८% |

# ओमसतिया गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

| सूचक | एकाई | चालु आ.व. २०८२/८३ सम्मको अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| प्रतिशत | | | | | |
| नसर्ने रोगको स्क्रिनिङ सेवा पहुँच | पहुँच | न्यून | १०% | ३५% | ५५% |
| ३० मिनेट भित्र स्वास्थ्य संस्थाको पहँुचमा भएको जनसङ्ख्या | प्रतिशत | १०० | १००% | १००% | १००% |
| २५०० ग्रामभन्दा कम जन्म तौल भएका शिशु | प्रतिशत | ६.९६ | ३.५ | २.५ | १.० |
| स्वास्थ्य संस्थामा दक्ष प्रसुती गराउने गर्भवती | प्रतिशत | ९८ | १०० | १०० | १०० |
| भाडा पखालाको संक्रमण दर (प्रति हजारमा) | हजारमा | १४० | १३० | १२० | ९० |
| स्वाश प्रश्वासको संक्रमण दर (प्रतिहजारमा) | हजारमा | २८० | २३० | २०० | १८० |
| स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | जना | ४८ | ४९ | ५२ | ५४ |
| भिटामिन ए प्राप्तगर्ने बालबालिका | प्रतिशत | १०० | १०० | १०० | १०० |
| सबै खोप लिएका बालबालिका | प्रतिशत | १०० | १०० | १०० | १०० |
| परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | २७ | ३५ | ४० | ४२ |
| स्वास्थ्य शिविर सचांलन | पटक | ६ | ६ | ६ | ६ |
| महिला स्वास्थ्य स्वयंसेविका | सङ्ख्या | ७५ | ७५ | ७५ | ७५ |
| आयोडिनयुक्त नून प्रयोग गर्ने जनसङ्ख्या | प्रतिशत | १०० | १०० | १०० | १०० |
| सुविधा सम्पन्न अस्पताल | सङ्ख्या | ० | | १ | १ |
| आधारभुत सुविधा (खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदी) उपलब्ध स्वास्थ्य संस्था | सङ्ख्या | २ | ३ | ४ | ४ |

*श्रोत: आवधिक विकास योजना, प्रोफाइल,*

# ओमसतिया गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

## विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा स्वास्थ्य तथा पोषण उप-क्षेत्रको खर्च र सोको सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छः

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ५४२४७ | ४८८२२ | ५४२५ | | ५४१६ | ४४१७५ | ४६५६ | |
| २०८४/८५ | ५८१६३ | ५२३४७ | ५८१६ | | ५९६८ | ४७३२८ | ४८६६ | |
| २०८५/८६ | ६४०९६ | ५७६८७ | ६४१० | | ६५६५ | ५२०४५ | ५४८६ | |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएकोछ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य सेवा प्रवद्र्धन तथा नसर्ने रोग कार्यक्रम | गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा | सालवसाली | ६१७७७ | स्वास्थ्य संस्थाहरु मार्फत गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा नियमितरुमा संचालन हुनेछ |
| २ | सुरक्षित मातृत्व कार्यक्रम | पोषण | सालवसाली | ४४१२७ | विशेष पोषण |
| ३ | किशोर किशोरी मैत्री कार्यक्रम | स्थास्थ्य सम्बन्धी सचेतता गर्ने | २०८३।८४ बाट २०८५।८६ | २११८१ | किशोर किशोरीहरु प्रजनन् स्वास्थ्य सम्बन्धी जानकार भएको हुनेछन् । |
| ४ | विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम | स्वास्थ्यमा पहुँच गराउने | निरन्तर | २६४७६ | एक विद्यालय एक नर्स अनिवार्य रहेका हुनेछन् । |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ५ | पूर्णखोप दिगोपना कार्यक्रम | सबै वालवालिकाहरु पूर्ण खोप प्राप्त भएको हुने | २०८३।८४ बाट २०८५।८६ | ८८२५ | जनचेतना मूलक मार्फत सबैमा पूर्णखोप प्राप्त भएको हुने। १०० प्रतिशत हुने |
| ६ | स्वास्थ्य विमा कार्यक्रम | नागरिकको स्वास्थ्य विमा भएको हुने। | सालबसाली | ८८२५ | नगरभित्रका ९७ प्रतिशत व्यक्ति स्वास्थ्य विमा आवद्द भएका हुने। |
| ७ | क्षयरोग मुक्त पालिका घोषणा अभियान | पालिका क्षयरोगमुक्त घोषणा भएको हुने | सालबसाली | ५२९५ | अन्त्यमा पालिका क्षयरोग मुक्त पालिका घोषणा भएको हुने। |

## जोखिम तथा अनुमान

प्रस्तावित कार्यक्रमको लागि संस्थागत सुदृढीकरण, पर्याप्त स्रोत विनियोजन, स्वास्थ्य सामग्रीको उपलब्धता, जनशक्ति व्यवस्थापन, अन्तर सरकार र सरोकारवाला बीच समन्वय हुन नसकेकमा अपेक्षित नतिजा हासिल नहुन सक्छ।

## ५.२ शिक्षा, कला, भाषा तथा साहित्य

### पृष्ठभूमि

नगर क्षेत्रमा जनगणना २०७८ का अनुसार औषत ७८.२ प्रतिशत साक्षरता रहेको देखिन्छ। जसमध्ये पुरुष साक्षरता प्रतिशत ८६.७० रहेको छ भने महिला साक्षरता ७०.० प्रतिशत रहेको छ। भौगोलिक सहजताका कारण ओमसतिया गाउँपालिकालाई शिक्षाको केन्द्रको रुपमा विकास गर्न सक्ने अवसरहरु रहेका छन् । गाउँपालिकाको शिक्षा प्रणालीमा स्थानीय आवश्यकता सुहाउँदो शिक्षा ऐन, नियमावली र कार्यविधि बनाई त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिएको छ । विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न व्यवहारिक तथा रोजगारमुलक शिक्षा प्रणालीलाई अवलम्बन गर्ने, शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न विशेष कार्यक्रम लागु गर्ने, सबै विद्यालयहरुलाई सूचना र प्रविधियुक्त बनाउने र प्रत्येक वडामा नमूना विद्यालय सञ्चालन गर्ने नीति लिएको छ। विभिन्न भाषाभाषी रीतिरिवाज धर्म संस्कृतिहरुको अध्ययन र अनुसन्धान, संरक्षण विकास र त्यसको जर्गेना गर्ने कार्यलाई विशेष जोड दिइएको छ। गाउँपालिकामा रहेका मदरसालाई व्यवस्थित बनाई प्रभावकारी शिक्षा दिनु आजको आवश्यकत्ता रहेको छ। प्रविधिको उपयोगमा विस्तारले व्यापकता पाएको छ।

# ओमसतिया गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

## समस्या तथा चूनौति

शैक्षिक विकासमा भौतिक पूर्वाधारको आधुनिकीरण नहुन, वडागत जनधनत्वका आधारमा विद्यालयको व्यवस्था हुन नसक्नु, परिवर्तित अवस्थामा शिक्षा प्रणाली व्यावसायिक र उत्पादनमुखी हुन नसक्नु, मध्यम तथा निम्न आय भएका र आदिवासी, जनजाति साथै सुकुम्वासी परिवारका बालबालिकाहरुका लागि विद्यालयमा शैक्षिक सामग्री अभाब, विज्ञान तथा प्रविधिको क्षेत्रमा अनुसन्धान तथा आविष्कारका लागि प्रोत्साहनको कमी रहेका छन् ।

## सोच

"साक्षर र शिक्षित गाउँपालिका, समृद्ध गाउँबासी"

## उद्देश्य

१. गुणस्तरीय शिक्षामा सबै क्षेत्र र बर्गकोको पहुँच कायम गर्नु,
२. भौतिक सुबिधा एवम् स्रोतसाधन सम्पन्न विद्यालय तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने,
३. विज्ञान तथा प्रविधिको प्रवर्द्धन गर्ने,
४. गाउँ पालिका स्तरीय एकिकृत शैक्षिक सूचना प्रणालीमार्फत बालबालिकाहरुको शैक्षिक विकास, पहुँच, सिकाई उपलब्धीको अनुगमन र बिद्यालयको प्रगति अनुगमनका लागि रिपोर्ट कार्ड प्रयोग गरी शैक्षिक सुशासनलाई प्रबर्द्धन गर्ने,
५. शैक्षिक व्यवस्थापन, सूचना प्रणालीको सुदृढीकरण, समाजीक लेखा परिक्षण र विद्यालय जोखीम न्यूनिकरणलाई विद्यालय सुधार योजनामा समावेश गरी गुणस्तरीय र भयरहित शिक्षाको सुनिश्चितता गर्ने ।

## रणनीति

१. गुणस्तरिय तथा व्यावसायिक शिक्षा प्रणाली अवलम्बन गर्ने ।
२. विद्यालयलाई प्रविधिक शिक्षा केन्द्रको रुपमा विकास गर्ने ।
३. आर्थिक सामाजिक रुपमा पछाडि परेको वर्गका विद्यार्थीलाई शिक्षामा समान अवसर कायम गर्न विशेष छात्रवृत्तिको व्यवस्था गर्ने ।
४. विज्ञान तथा प्रविधिको संरक्षण तथा सम्बर्द्धनमा जोड दिने ।

## नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक र मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | चालु आ.व. २०८२/८३ सम्मको अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| खुद भर्ना दर (आधारभूत तह) | प्रतिशत | ९६% | ९७% | ९८% | १००% |
| साक्षरता दर | प्रतिशत | ७८.२०% | ७८.५६% | ७९.५०% | ८२.६०% |

# ओमसतिया गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

| सूचक | एकाई | चालु आ.व. २०८२/८३ सम्मको अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| प्राविधिक धारमा अध्ययन गर्ने विद्यार्थी | संख्या | ३५ | ५५ | ७३ | १०५ |
| औसत सिकाइ उपलब्धि दर | प्रतिशत | ४५.००% | ४८.००% | ५४.००% | ५६.००% |
| प्राथमिक तहमा (१ देखि ५ कक्षामा) खुद भर्ना दर | प्रतिशत | ९८ | ९८ | १०० | १०० |
| प्रारम्भिक बाल कक्षामा अध्ययनरत ४-५ बर्ष सम्मका बालबालिका | प्रतिशत | ६५ | ७५ | ८८ | ९० |
| आधारभुत तह (१ देखि ८ कक्षामा) खुद भर्ना दर | प्रतिशत | ९६ | १०० | १०० | १०० |
| माध्यमिक तह (९ देखि १२ कक्षामा) खुद भर्ना दर | प्रतिशत | ६० | ६५ | ६८ | ७० |
| कक्षा १० को उतिर्ण दर | प्रतिशत | ५२ | ५५ | ५८ | ५९ |
| १५ देखि २४ वर्ष उमेर समूहका महिलाको साक्षरता दर | प्रतिशत | ९६ | ९७ | ९८ | १०० |
| १५ देखि २४ वर्ष उमेर समूहका पुरुषको साक्षरता दर | प्रतिशत | ८६ | ८८ | ९१ | ९२ |
| पक्की शौचालय भएका विद्यालय | सङ्ख्या | १६ | १६ | १६ | १६ |
| छात्रछात्राको अलग-अलग शौचालय भएको विद्यालय | प्रतिशत | १०० | १०० | १०० | १०० |
| अपाङ्ग मैत्री शौचालय भएका विद्यालय | सङ्ख्या | ० | १ | २ | ३ |
| बिद्यालयमा भवन निर्माण (थप) | सङ्ख्या | ३ | ३ | ५ | ८ |

*श्रोत: आवधिक विकास योजना, विषयगत छलफल*

## विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा शिक्षा, कला, भाषा तथा साहित्य उप-क्षेत्रको खर्च र सोको सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छः

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | १४५५२६ | १३०९७३ | १४५५३ | | १४५३० | ११८५०६ | १२४९० | |
| २०८४/८५ | १५६०३३ | १४०४३० | १५६०३ | | १६०११ | १२६९६७ | १३०५५ | |
| २०८५/८६ | १७१९५० | १५४७५५ | १७१९५ | | १७६१३ | १३९६२१ | १४७१७ | |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएकोछ :

# ओमसतिया गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास कार्यक्रम | बाल विकासका लागि कक्षा १ मा भर्ना वृद्धि गर्नु | सालबसाली | ९४७०२ | प्रारम्भिक बाल विकासमा भर्नादर ९८.७ प्रतिशत पुगेको हुनेछ। |
| २ | विद्यालय शिक्षा कार्यक्रम (आधारभूत तथा मावि) | आधारभूत शिक्षा निशुल्क र अनिवार्य गर्ने | सालबसाली | ७१०२६ | आधारभूत तह खुद भर्नादर ८६ प्रतिशत पुगेको हुनेछ र शैक्षिक उपलब्धि सरदर ९८ प्रतिशत हुनेछ। |
| ३ | प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम | प्राविधिक तथा व्यावसायिक संचालन | निरन्तर | १३७३१८ | प्राविधिक विद्यालय स्थापना भई भर्नादर बृद्धि भएको हुनेछ। |
| ४ | शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रम | प्रभावकारी शैक्षिक सेवा प्रवाह गर्ने | सालबसाली | ७१०२६ | सामुदायिक सिकाई केन्द्र सबलीकरण भएको हुनेछ। |
| ५ | डिजिटल क्षमता विकास कार्यक्रम | शिक्षामा डिजिटलाइजेशन भएको हुने। | २०८३।८४ बाट २०८५।८६ | ७१०२६ | सबै सामुदायिक विद्यालयहरुमा कम्प्यूटर ल्याब सहित शिक्षकहरुका लागि आंशिक ल्यापटप प्रोत्साशन भएको, विद्यालयहरुमा ICT based शिक्षा सिकाइ भएको हुनेछ। |
| ६ | अनौपचारिक तथा निरन्तर शिक्षा कार्यक्रम | | २०८३।८४ बाट २०८५।८६ | २८४११ | |

**अनुमान तथा जोखिम**

गाउँपालिकाले सामाजिक विकास सम्वन्धी ऐन, नीति, मापदण्ड, कार्यविधि, तथा निर्देशिकाहरु निर्माण गरिसकेको हुनेछ । अन्तर सरकार र समुदायको सहकार्य र साझेदारीमा वृद्धि नभए लक्ष्य हासिल हुन कठिनाइ उत्पन्न हुन सक्नेछ।

## ५.३ खानेपानी तथा सरसरफाई

### पृष्ठभूमि

गाउँपालिका क्षेत्रमा भूमिगत पानी नै खानेपानीको श्रोतको रुपमा रहेको छ। घरमै नल वा ह्ण्डपम्प बनाएर खानेपानीको उपयोग गर्ने घरपरिवार जनगणना २०७८ अनुसार ४३०७ वा ५३.२९ प्रतिशत घरपरिवार रहेको छ भने सार्वजनिक धाराबाट खानेपानी उपयोग गर्ने घरपरिवार ४५.०८ प्रतिशत रहेको छ। सबै पक्कि घरपरिवारमा शौचालयको निर्माण भैसकेको छ। ठोस तथा तरलजन्य फोहोर व्यवस्थापनको अभ्यास सुरु भएको छ। प्रत्येक बिद्यालय तथा सेवा प्रदायक संस्थाहरुमा शौचालय तथा खानेपानीको पूर्वाधार रहेको छ। समुदायमा आमा समूह, बाल क्लव जस्ता समूहहरु खानेपानी तथा सरसफाईको चेतना अभियानमा सहजिकरण गरिएको छ। सरकारी, नीजि र समुदायको त्रिपक्षीय सहकार्यमा आधारित खानेपानी तथा सरसफाई कार्यक्रम पूर्ण सरसफाईका सूचकहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र स्वच्छ खानेपानी तथा सरसफाई सम्वन्धी सचेतना तथा व्यवहार परिवर्तनबारे कार्यक्रम सञ्चालन गरिएको छ।

### समस्या तथा चूनौति

खानेपानी व्यवस्थापनको दीर्घकालीन तथा वैज्ञानिक विधि अपनाउन नसक्नु, डीप वोरिङ्को प्रयोगले खानेपानीको स्रोत सुक्ने सम्भावना बढ्दै जानु, विपन्न र सुकुम्वासी परिवारमा खानेपानीको पहुँचमा कमी, खानेपानी वितरणमा समानता नहुनु, स्वच्छ पानीको उपलब्धता र खानेपानी प्रणाली व्यवस्थित हुन नसक्नु, शुद्ध खानेपानी उपभोग बारे जनचेतनाको कमी हुनु, पानी शुद्धिकरण गर्ने सामग्रीको सहज पहुँच नहुनु, फोहोर व्यवस्थापनका लागि उचित ल्याण्डफिल साइट नहुनु। ढल व्यवस्थापनको भरपर्दो बिधि अपनाउन नसक्नु, ढल प्रशोधनको अभावमा पानी प्रदुसित बन्दै जानु खानेपानी तथा सरसफाई क्षेत्रका चुनौती हुन।

### सोच

“स्वच्छ खानेपानी, सफाईयुक्त सहर, पूराहुनेछ गाउँबासीको रहर”

### उद्देश्य

१. गाउँवासीमा स्वच्छ खानेपानीको व्यवस्था गरी पूर्ण सरसफाईयुक्त गाउँपालिका बनाउने।

### रणनीति

१. खानेपानीको गुणस्तर कायम गर्न नियमित परिक्षण र सुधारका उपायलाई जोड दिने,
२. एकीकृत ढल निकास प्रणाली र ढल प्रशोधन केन्द्र निर्माणका लागि अन्य सरोकारवाला निकायहरूसँग समन्वयमा काम गर्ने,
३. पुर्ण सरसफाईयुक्त गाउँ घोषणाका लागि समुदाय, निजिक्षेत्रसँग सहकार्य र साझेदारी मजबुद गराउने।

# ओमसतिया गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

## नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

पालिका प्रोफाइल, आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक र मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछः

| सूचक | एकाई | चालु आ.व. २०८२/८३ सम्मको अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| पाइप प्रणालीबाट खानेपानी पुगेको घरधुरी % | प्रतिशत | १५.००% | १७% | १८% | २०% |
| व्यवस्थित ढल निकास भएको सडक लम्बाई | कि.मी. | २२ | २८ | ३३ | ३७ |
| खानेपानीको गुणस्तर मापदण्ड पालना | आयोजना | आंशिक | | १ | १ |
| आधारभूत खानेपानी सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | १०० | १०० | १०० | १०० |
| सुचारु खानेपानी आयोजना | सङ्ख्या | २ | २ | ३ | ३ |
| एक घर एक धारा भएका घरपरिवार | प्रतिशत | ९० | ९२ | ९५ | ९८ |
| उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | प्रतिशत | ७० | ७५ | ८० | ९० |
| शौचालय भएका परिवार | प्रतिशत | ९५ | ९६ | १०० | १०० |
| सार्वजनिक शौचालय | सङ्ख्या | ५ | ६ | ७ | ८ |

*स्रोत : राष्ट्रिय तथ्याङ्क विभाग र गाउँपालिका खानेपानी तथा सरसफाई शाखा*

## विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा खानेपानी तथा सरसफाइ उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | १८३३८ | ५५०१ | १२८३६ | | १८३१ | १४९३३ | १५७४ | |
| २०८४/८५ | १९६६२ | ५८९८ | १३७६३ | | २०१८ | १५९९९ | १६४५ | |
| २०८५/८६ | २१६६७ | ६५०० | १५१६७ | | २२१९ | १७५९४ | १८५४ | |

## ४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएकोछ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खानेपानी तथा सरसफाई संरचना निर्माण र मर्मत सम्भार कार्यक्रम | नया स्रोत र मर्मत सम्भार हुने | सालबसाली | ५०७१७ | स्वस्थ्य खानेपानीमा पहुँच १०० प्रतिशतले हुने |
| २ | खानेपानी तथा सरसफाई प्रवद्र्धन कार्यक्रम | खानेपानी तथा सरसफाई प्रवर्द्धन हुने | सालबसाली | ८९५० | खानेपानी बोर्ड, सार्वजनिक जग्गा संरक्षण लगायत नगरस्तरीय बाटै संचालनमा रहेको हुनेछ। |

### जोखिम तथा अनुमान

प्रस्तातिव बजेट, कार्यक्रम सुनिश्चितता भई आयोजना सञ्चालन तथा मर्मत संभार र स्तरोन्नति भएमा अपेक्षित उपलब्धि हासिल हुने देखिन्छ । आयोजनाको ढिला निर्माण र उचित व्यवस्थापन हुन नसक्नु खानेपानी र सरसरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्ने जोखिम पक्षको रुपमा आँकलन गरिएको छ ।

## ५.४ महिला, बालबालिका सामाजिक सरंक्षण र समावेशीकरण

### पृष्ठभूमि

लैङ्गिक समता तथा सामाजिक समावेशीकरणको मूल मान्यतालाई अङ्गिकार गर्दै गाउँपालिकाले समाजका अल्पसङ्ख्यक, पिछडिएका वर्ग, जनजाति तथा महिलाको निर्णय प्रकृयामा पहुँच वृद्धि गर्ने अवसर प्राप्त गरेको छ। गाउँपालिकाले लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि २०७६ लागु गरि कार्यान्वयन गरेको छ। प्रत्येक वडामा महिला समूह गठन भै महिला समूहबाट महिला हिंसा विरुद्ध जनचेतना, बचत, समूह परिचालन सम्बन्धी कार्यक्रम सञ्चालन भएको छ। समुदायमा आधारित महिला संरक्षण प्रणाली कार्यक्रम सञ्चालन, चेलिबेटी बेचबिखन नियन्त्रण गर्न सिमा निगरानी, परामर्श, उद्धार, पुनर्स्थापान र कार्वाहीमा काम गर्ने बिभिन्न संस्थाहरु रहेका छन् । बालबालिका भविष्यको कर्णधार भएको हुनाले उनीहरुको स्वास्थ्य, शिक्षा जस्ता पक्षमा गाउँपालिकाले महत्वपूर्ण भूमिका खेल्नु पर्दछ । यसबाट गाउँपालिका भित्र असल संस्कार भएको भावी समाजको निर्माणमा सघाउ पुग्दछ। बालविवाह न्यूनिकरणका

कार्यक्रम सञ्चालनमा रहेका छन् । दलित सशक्तीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको छ । नीति निर्माण तहमा दलित, जनजाती, पिछडा बर्ग, लोपोन्मुख समुदाय बाट सहभागीता बढिरहेको छ । जातीय छुवाछुत घट्दै गइरहेको छ । अशक्त ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता घरमै बितरण भैरहेको छ। अपाङ्ग व्यक्तीलाई स्वरोजगारमुलक कार्यक्रममा सहभागी गराईको छ । अपाङ्गता भएका व्यक्तिको हकहित, सामाजिक न्याय र पैरवीका लागि प्रत्येक वडामा अपाङ्गता वडा सञ्जाल गठन गरिने छ।

## समस्या तथा चूनौति

लक्षित वर्ग, पिछडिएको वर्गमा स्वरोजगारीका अवसर तथा आत्म निर्भरतामा कमी रहेको छ । स्थानीय स्तरको योजना रहेतापनि प्रत्यक्ष अर्थपूर्ण सहभागिता नहुदा तर्जुमा गरिएका कार्यक्रमहरूबाट प्रभावकारी कार्यान्वयनको कमी रहेको छ । भौतिक संरचनाहरु बालबालिका, अपाङ्ग तथा महिलामैत्री नहुनु, महिलामाथि हुने ब्यबहारगत बिभेद हट्न नसक्नु, लैङ्गिक बिभेद तथा हिंसालाइ बढावा दिने सामाजिक संरचना, सबै बालबालिकाको गुणस्तरीय शिक्षा, स्वास्थ्य, बालसहभागिता, बालमैत्री वातावरणको अभाव र बाल विवाह तथा जातिय छुवाछुतको अभ्यास कायमै रहनु, बालश्रम, हिंसा , यौन दुर्व्यबहार तथा बलात्कार जस्ता घटनाको अन्त्य गर्नु चुनौतिका रुपमा रहेको छ।

## सोच

"लैङ्गिक समानता सहितको पूर्वाधार, गाउँ विकासको आधार"

"शिक्षा र स्वास्थ्य वाल अधिकार, गाउँपालिकाको रहर"

## उद्देश्य

१. महिला, दलित, जनजाती र पिछडियका बर्गको आर्थिक, सामाजिक अबस्थामा सुधार ल्याई निर्णायक तहमा सहभागिता बढाउने ।
२. ज्येष्ठ नागरिकलाई निशुल्क उपचार, हेरचाह र मनोरञ्जनको व्यवस्था गरी खुशी जीवनयापनको वातावरण प्रदान गर्ने ।
३. अपाङ्गहरुको सशक्तिकरण गरी आत्मनिर्भर र सम्मानपूर्ण जीवनयापनको वातावरण सिर्जना गर्ने ।

## रणनीति

१. अन्तरसरकारी सहकार्यमा समावेशीकरणको व्यावहारिक कार्यान्वयन गर्ने ।
२. लक्षित वर्गको क्षमता विकासमार्फत आत्मा सम्मानको अभिवृद्धि र सार्वजनिक लाभमा न्यायोचित पहुँच सुनिश्चित गर्ने ।
३. गाउँपालिकालाई महिला, जेष्ठ नागरिक, अपाङ्ग तथा बालमैत्री गाउँपालिकाको रुपमा विकास गर्ने ।
४. लैङ्गिक अडिट तथा लैङ्गिक उत्तरदायी बजेटको अवधारणलाई प्रभाबकारी रुपमा कार्यान्वयन गर्ने ।

# ओमसतिया गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

## नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

एकीकृत गाउँ विकास योजना, कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | zचालु आ.व. २०८२/८३ सम्मको अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| व्यावसायिक रूपमा सक्रिय महिला समूह संख्या | समूह | 25 | २७ | ३० | ३३ |
| बालमैत्री घोषणा भएका वडाहरू | वडा | ० | | १ | २ |
| सीपमूलक तालिम पाएका लक्षित वर्ग संख्या | संख्या | २२७५ | २७७५ | ३२७५ | ३७७५ |
| अपाङ्गतामैत्री बनेका सार्वजनिक भवनहरू | संख्या | २ | ३ | ५ | ५ |
| वार्षिक रूपमा घरेलु हिंसा अन्तर्गत दर्ता भएका प्रहरी मुद्दा | सङ्ख्या | ३ | ३ | २ | २ |
| गाउँसभामा महिला सहभागिता | प्रतिशत | १८ | १९ | २२ | २८ |
| कार्यपालिकामा महिला सहभागिता | प्रतिशत | १८ | १८ | ३३ | ३३ |
| जेष्ठ नागरिक भत्ता लिनेको | सङ्ख्या | २१९५ | २२५० | २३०० | २३५० |
| विधवा भत्ता लिनेको | सङ्ख्या | ४४२ | ४६० | ४८० | ५०० |
| अपाङ्गता भत्ता | सङ्ख्या | १९२ | २१० | २२५ | २४० |
| दलित बाल बालिका भत्ता | सङ्ख्या | ४१६ | ४२० | ४२४ | ४२८ |
| लोपन्मुख जाति भत्ता | सङ्ख्या | ९८ | १०८ | ११४ | ११९ |

*स्रोत : आवधिक विकास योजना, राष्ट्रिय तथ्याकं, गाउँपालिका*

## विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा महिला, बालबालिका तथा समावेशीकरण उप-क्षेत्रको खर्च र सोको सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | २२८३३ | २०५४९ | २२८३ | | २२८० | १८५९३ | १९६० | |
| २०८४/८५ | २४४८१ | २२०३३ | २४४८ | | २५१२ | १९९२१ | २०४८ | |
| २०८५/८६ | २६९७८ | २४२८१ | २६९८ | | २७६३ | २१९०६ | २३०९ | |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएकोछ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सामाजिक परिचालन र सशक्तीकरण कार्यक्रम | सशक्तिकरणका लागि सामजिक परिचालन | सालवसाली | ४८२९० | सामाजिक परिचालन र सशक्तीकरण भएको |
| २ | सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | कल्याणकारी सेवा उपलब्ध गर्ने | सालवसाली | २६००२ | ज्येष्ठ नागरिक, दलित, एकल महिला, बिधवा, पूर्ण तथा आंशिक आपंगता भएका व्यक्ति, दलित विपन्न, सडक बालबालिका र लोपोन्मुख जातिसमेत ८३११ जना लाभान्वित हुनेछन् |

## जोखिम तथा अनुमान

सम्बन्धित कार्यक्रममा प्राथमिकताका साथ बजेट विनियोजन, व्यावहारिक कार्यान्वयन तथा नीतिगत परिवर्तन भएको हुनेछ। यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशीलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ।

## ५.५ युवा तथा खेलकुद

## पृष्ठभूमि

स्थानीय विकासमा युवा सहभागिता अभिवृद्धि गरी युवाको सशक्तिकरण र विकासमा परिचालनको नीति अवलम्बन गरिएको छ। युवा जनशक्तिलाई उद्यमशीलकार्यमा आकर्षित गर्न सकेको खण्डमा आर्थिक कृयाकलाप बढ्न गई गाउँपालिकाले चाहेको विकास गर्न सक्दछ। सीप विकास, स्वरोजगारी र आत्मनिर्भरताका अवसरहरु सिर्जना भएका छन्। युवा लक्षित कृषी कार्यक्रम सञ्चालन, युवाहरुलाई सिलाइकटाइ तालिम, युवाहरुलाई कम्प्युटर तालिम प्रदान गरिएको छ। खेल क्षेत्रको विकासका लागि स्थानीयस्तरमा खेल आयोजना तथा खेलाडीलाई सहयोग तथा सम्मानको अभ्यास रहेको छ। युवाहरुको

क्रिकेट टिमबाट राष्ट्रिय खेलमा समेत सहभागी भएको छ । क्रिकेटमा जिल्ला र प्रदेश स्तरमा खेल्ने खेलाडीहरु रहेका छन् । गाउँपालिकाले युवाहरुलाई लागु पदार्थ तथा दुर्व्यसनबाट सचेत गराउने नीति स्थानीय सरकारले लिएकोछ।

**समस्या तथा चूनौति**

विभिन्न तहका सरकारबीच युवा तथा खेलकुद सम्बन्धी योजना कार्यान्वयनको कमि, खेलमैदान लगायतका खेल पूर्वाधारको विकास पर्याप्त नहुनु, खेलाडीको प्रतिस्पर्धी क्षमतामा कमी, दुर्व्यसन र वैदेशिक रोजगारीमा आक्रर्षण, स्तरीय खेल प्रशिक्षणमा कमी, खेलमा व्यावसायिकता कमी र खेलाडीको भविश्यको अनिश्चिता, समस्याको रुपमा रहेको छ।

**सोच**

"स्वस्थ र शिक्षित युवा वर्गको विकास, स्मार्ट गाउँको आधार"

**उद्देश्य**

१. युवालाई आत्मनिर्भर तथा स्वरोजगार गराउनु,

२. खेल क्षेत्रलाई विशिष्टकृत तथा व्यावसायिक तुल्याउनु ।

**रणनीति**

१. युवा वर्गको क्षमता विकास गरी उनीहरूलाई सामाजिक, अर्थिक र खेलकुदका गतिविधिमा संलग्न गराउने ।

२. युवाहरूमा सामाजिक भावना, सिर्जनशीलता, उद्यमशीलता र नेतृत्व क्षमता विकासका लागि नियमित कार्यक्रम सञ्चालन गर्ने ।

३. खेल पूर्वाधार, सामग्री तथा प्रशिक्षणको व्यवस्था गरी प्रतिस्प्रर्धी खेल क्षमताको विकास गर्ने,

४. विकास प्रक्रियामा युवाको समावेशीकरण र सहभागिता सुनिश्चित गर्ने ।

५. खेल गतिबिधिहरूको वार्षिक क्यालेन्डर बनाएर नियमित रूपमा कार्यक्रमहरू सञ्चालन गर्ने ।

**नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक र मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | चालु आ.व. २०८२/८३ सम्मको अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| स्थानीय संस्कृति, कला, सम्पदा र साहित्य संबन्धी अध्ययन तथा अनुसन्धान | सङ्ख्या | ० | १० | १५ | १६ |
| सुविधासम्पन्न रङ्गशालाको संख्या | संख्या | ० | ० | ० | १ |
| स्वरोजगार बनेका युवाहरूको संख्या | संख्या | ४३५ | ५८५ | ७३५ | ८८५ |
| राष्ट्रिय/प्रादेशिक खेलाडी उत्पादन | संख्या | न्यून | ५ | १० | १५ |
| व्यवस्थित खेलमैदान भएका वडाहरू | वडा | ० | १ | २ | ४ |
| युवा सचेतना कार्यक्रमबाट लाभान्वित | यूवा | ३३५ | ५०० | ६७५ | ८५० |
| युवाक्लब, संजाल तथा संस्था | सङ्ख्या | ३ | ५ | ७ | ९ |
| रोजगारीमा नरहेका १५ देखि २४ उमेर समूहका युवाको अनुपात | प्रतिशत | ३६ | ३० | २५ | २० |
| प्राविधिक र व्यावसायिक तालिम प्राप्त युवा तथा वयस्य (वार्षिक) | सङ्ख्या | | | १०० | १५० |
| कवर्डहल तथा स्तरीय खेलकुद मैदान | सङ्ख्या | २ | ३ | ३ | ३ |
| गाउँपालिकामा संचालित खेलकुद प्रतियोगिता | सङ्ख्या | ३ | ५ | ५ | ५ |
| खेल प्रशिक्षणमा सहभागी युवा | सङ्ख्या | १२५ | १३० | २७५ | ४२० |
| आयोजना हुने खेलकुद प्रतियोगिता वार्षिक | पटक | ३ | ५ | ५ | ५ |

*स्रोत : गाउँपालिका प्रगती समिक्षा प्रतिवेदन र शाखा*

## विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा युवा तथा खेलकुद उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छः

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ३०६५ | १८३९ | १२२६ | | ३०६ | २४९६ | २६३ | |
| २०८४/८५ | ३२८६ | १९७२ | १३१४ | | ३३७ | २६७४ | २७५ | |
| २०८५/८६ | ३६२१ | २१७३ | १४४९ | | ३७१ | २९४० | ३१० | |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएकोछ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खेलकुद पूर्वाधार विकास र प्रवर्द्धन कार्यक्रम | खेल प्रतिभाको विकास गर्ने | सालबसाली | १९९४ | न्यूनतम थप १ खेल पूर्वाधार विकास हुने |
| २ | युवा स्वरोजगार तथा सिर्जनशीलता विकास कार्यक्रम | यूवालाई सिर्जनशील कार्यमा संलग्न गर्ने | सालबसाली | ५९८३ | १५५ जना यूवा स्वरोजगार तर्फ उन्मुख |
| ३ | कला तथा संस्कृति संरक्षण र प्रवर्द्धन कार्यक्रम | कला प्रतिभाको विकास गर्ने | सालबसाली | १९९४ | बार्षिक ३ नविन कला प्रतियोगिताबाट नव यूवा प्रवेश |

## जोखिम तथा अनुमान

युवा तथा खेलकुद सम्बन्धी कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था भई यससँग सम्बन्धित निकायको संस्थागत विकास, जनशक्ति व्यवस्थापन र खेलाडीलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल नहुन सक्छ।

# परिच्छेद ६: पूर्वाधार क्षेत्र

बस्ती विकास, आवास तथा भवन, सडक तथा यातायात, विद्युत् तथा वैकल्पिक ऊर्जा र सूचना, सञ्चार तथा प्रविधि जस्ता उप-क्षेत्रहरु यस परिच्छेद अन्तर्गत रहेका छन् जसमा उप-क्षेत्रहरुको समस्या तथा चूनौति, उद्देश्य, नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य, विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान सहितको संक्षिप्त विवरण, जोखिम तथा अनुमान पक्षहरु समावेश गरिएको छ।

## ६.१ भवन, आवास तथा बस्ती विकास

### पृष्ठभूमि

अन्तरराष्ट्रिय प्रतिवद्धता प्रस्तुत दिगो विकास लक्ष्यले समावेशी र दिगो शहरीकरण गर्ने गरी आवासको व्यवस्था गर्ने, शहरी गरिबीलाई कम गर्ने तथा सबैलाई हरियाली र खुल्ला ठाउँहरु उपलब्ध गराउने लक्ष्य निर्धारण गरेको छ । गाउँपालिकाका अधिकांश जमिन समथर र सडक तथा विद्युत् जस्ता पूर्वाधारको विकास भएकाले आवास र बस्ती विकासका लागि गाउँपालिका क्षेत्र उपयुक्त रहेको छ। गाउँपालिकामा जनगणना २०७८ अनुसार जम्मा परिवार सङ्ख्या ८०८२ रहेकोमा जनघनत्व ८४८ रहेको छ। परम्परागत स्थानीय बस्तीहरु समेत यस क्षेत्रमा रहेका छन् । गाउँपालिकाको सबै वडा केन्द्र, प्रमुख बजार क्षेत्र र व्यापारिक स्थलहरुमा आधुनिक सुबिधा सम्पन्न आबास तथा बस्ती विकास हुँदै गएको छ। निजी घरहरु गाउँपालिकाले निर्धारण गरेको मापदण्ड अनुसार निर्माणको थालनी भएको छ। गाउँपालिकामा जनगणना २०७८ का अनुसार घरको जगको बनोट अनुसार माटोले बाँधिएको ईँटा/ढुङ्गा भएको परिवार ७.९४ प्रतिशत छ भने, सिमेन्ट बन्डेड इट्टा र ढुङ्गा भएको घर ४५.९८ प्रतिशत रहेको छ भने स्तम्भहरु सहित प्रवलित सिमेन्ट कंक्रिट घर ४३.६५ प्रतिशत रहेको छ। गाउँपालिकामा सामुदायिक भवन १२ वटा रहेका छन्।

### समस्या तथा चूनौति

गाउँ विकास समितिले प्रस्ताव गरेको भू(उपयोगको क्षेत्र अनुसार भू(उपयोग योजना र क्षेत्र निर्धारण गरी सो अनुसार वस्ती विकास र भवन तथा भौतिक विकास योजना तर्जुमा र पूर्वाधार विकास तथा संरचना निर्माण, औद्योगिक र ग्रिनवेल्टको लागि नीतिगत, कानूनी, प्रक्रियागत र प्राविधिक ढाँचा तयार हुन सकेको छैन । भवन निर्माणमा मापदण्ड पालना, व्यवस्थित बस्ती निर्माण, सुकुम्वासी व्यवस्थापन, व्यवस्थित बस्ती निर्माणमा गाउँबासीहरुको सोचाईमा एकरुपता नहुनु र प्राविधिक तथा दक्ष जनशक्तिको अभाव आवास तथा बस्ती विकासका समस्याहरु हुन्।

### सोच

“व्यवस्थित आवास, गाउँबासीको पहिचान”

# ओमसतिया गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

## उद्देश्य

१. व्यवस्थित तथा सुरक्षित बस्ती तथा आवास निर्माण गर्ने ।

## रणनीति

१. एकीकृत बस्ती विकासको प्रारुप तयार पार्ने,

२. सार्वजनिक जग्गाको उत्पादनशील प्रयोग गर्ने,

३. शहरी क्षेत्रको आवासिय पूर्वाधारलाई व्यवस्थित र वैज्ञानिक वनाउने ।

४. आधारभूत सुविधा सम्पन्न आवास तथा बस्ती निर्माणमा मापदण्डको पालनालाई अनिवार्य गर्ने ।

## नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

एकीकृत गाउँ विकास योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय बमोजिम रहेको छः

| सूचक | एकाई | चालु आ.व. २०८२/८३ सम्मको अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| भवन संहिता पालना गर्ने | घरधुरी % | १५% | १७% | २०% | २३% |
| फुसको छाना भएका घरधुरी | संख्या | १८० | ७५ | ५५ | ४५ |
| निर्माण भएका नयाँ सार्वजनिक | पार्कहरू | - | | १ | १ |
| आफ्नै सुविधा सम्पन्न भवन भएका वडाहरू | वडा | ५ वटा | ५ | ५ | ६ |
| भूकम्प प्रतिरोधी भवन निर्माण संबन्धी दक्ष व्यक्ति | सङ्ख्या | 35 | १०० | १३० | १६८ |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | 55 | ६५ | ७५ | ८८ |
| आफ्नो स्वामित्वको घरमा बस्ने परिवार | प्रतिशत | 91.16 | ९५ | ९५ | ९६ |
| आधारभूत पूर्वाधार सहितका व्यवस्थित बजार | सङ्ख्या | 5 | ६ | ७ | ७ |
| सार्वजनिक भवन | सङ्ख्या | 12 | १३ | १४ | १४ |
| सुरक्षित घरहरूमा बसोबास गर्ने घरपरिवार | प्रतिशत | 70 | ८० | ८५ | ९० |
| मापदण्ड अनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वास्थ्य भवन | प्रतिशत | | ५५ | ७५ | ८७ |
| सामुदायिक भवन निर्माण गर्ने कार्य (थप) | सङ्ख्या | 15 | १६ | १७ | १७ |

स्रोत : बस्तुस्थिति विवरण, गाउँपालिका र प्रगति प्रतिवेदन

## विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा बस्ती विकास, आवास तथा भवन उप-क्षेत्रको खर्च रसोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | १७५७१ | २६३६ | १४९३६ | | १७५४ | १४३०९ | १५०८ | |
| २०८४/८५ | १८८४० | २८२६ | १६०१४ | | १९३३ | १५३३० | १५७६ | |
| २०८५/८६ | २०७६२ | ३११४ | १७६४८ | | २१२७ | १६८५८ | १७७७ | |

## ५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षितसहितको संक्षिप्त संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुललागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | जग्गा तथा बस्ती विकास र संरक्षण कार्यक्रम | भवन मापदण्ड बमोजिम निर्माण हुने | सालबसाली | ८५७६ | सार्वजनिक जग्गामा |
| २ | भवन मापदण्ड तथा सुरक्षित आवास कार्यक्रम | भवन मापदण्ड बमोजिम निर्माण हुने | सालबसाली | १४२९३ | आवास, भवन तथा शहरी विकास सम्बन्धी सेवा सुचारु हुनेछ |
| ३ | अन्य सार्वजनिक पूर्वाधार निर्माण कार्यक्रम | भवन मापदण्ड बमोजिम निर्माण हुने | २०८३।८४ बाट २०८५।८६ | २८५८७ | आवास, भवन तथा शहरी विकास सम्बन्धी सेवा सुचारु हुनेछ |
| ४ | दक्षजनशक्तिहरूको क्षमता विकास कार्यक्रम | पूर्वाधारमा कार्यगर्ने जनशक्तिहरुलाई दक्ष बनाउने | भवन मापदण्ड बमोजिम निर्माण हुने | ५७१७ | थप ५० जना दक्ष जनशक्ति तयार गर्ने |

## जोखिम तथा अनुमान

भू-उपयोग, आवास, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड तयार सहित परिपालनामा अभिवृद्धि हुनेछ। भूस्वरुपमा परिवर्तन र शहरीकरणका कारण वातावरणीय ह्रासमा वृद्धि भई शहर क्षेत्रको सुन्तरता, हरियाली र स्वच्छतामा ह्रास आउने जोखिम रहेको छ।

## ६.२ सडक, पुल तथा यातायात

### पृष्ठभूमि

सबै वडाहरूमा सडक सञ्जाल तथा सार्वजनिक यातायातको सेवा उपलब्ध रहेको छ। मुख्य रुपमा अटो रिक्सा र बस नै सार्वजनिक सवारीका साधनहरु हुन। सडक पूर्वाधारलाई आर्थिक विकासको मेरुदण्डको रुपमा विकास गर्ने नीति लिएको छ। उपभोक्ता समिति परिचालन सम्बन्धी कार्यविधि परिमार्जन तथा कार्यान्वयनको अभ्यास, उपभोक्ता समिति र ठेक्केदारलाई कामको गुणस्तरताका आधारमा प्रोत्साहन तथा दण्डित गर्न नीतिगत व्यवस्था गरिएको छ। सङ्घीय तथा प्रदेश सरकारसँगको सहकार्यमा सडक पूर्वाधार निर्माण गर्ने कार्य अगाडी बढाउन आवश्यक डि.पि.आर. तयार गर्ने कार्य प्राथमिकतामा रहेको छ।

### समस्या तथा चूनौति

पूर्वाधारको विकास भएपनि गाउँपालिकाले पर्यटकीय केन्द्रको रुपमा बदलिदो परिस्थिती अनुसार पुर्वाधार विकासमा ध्यान नपुऱ्याएको, मुख्य सडक बाहेक भित्री सडकको चौडाई साँघुरो हुनु, पर्यावरणलाई जोगाउने तर्फ ध्यान नपुग्नु, सडक निर्माणसँगसँगै ढल निर्माण नहुँदा असहज परिस्थिती उत्पन्न हुनु, सबै गाउँमा नाली निर्माण, मर्मत र व्यवस्थापन हुन नसकेको, खोला र नालाको उचित व्यवस्थापन हुन नसकेको, सडकको गुणस्तरीयतामा कमी हुनु, सडक चिन्हको अभावका कारण दुर्घटनाको वृद्धि हुनु, सकुम्बासीका कारण सडक निर्माणमा असहजता हुनु, सडक तथा यातायातको क्षेत्रमा देखिएको समस्या तथा चुनौती हुन्।

### सोच

"दिगो र भरपर्दो सडक पूर्वाधार, गाउँबासीको आर्थिक तथा सामाजिक विकासको आधार"

### उद्देश्य

१. सबै क्षेत्रमा विश्वासनीय यातायात सेवा विस्तार गर्नु,
२. यातायात व्यवस्थापनलाई प्रभाबकारी गराउनु,
३. सडक, पुल जस्ता पूर्वाधार विकास र विस्तार गरी नागरिकको जीवनमा सकारात्मक परिवर्तन ल्याउने।

### रणनीति

१. अन्तर सरकार साझेदारी र सहकार्यमा सडक पूर्वाधार निर्माण तथा स्तरोन्नति गर्ने।
२. सडक निर्माणलाई वातावरणमैत्री तुल्याउने।

३. यातायात संचालन र व्यवस्थापन प्रणाली सुदृढ वनाउने ।

४. कृषी सडक, ग्रामिण सडक र शहरी क्षेत्रमा सडक बिस्तार एवं स्तरोन्नती गर्ने ।

५. पक्की पुल निर्माण गरी यातायात सेवालाई छिटो, छरितो, भरपर्दो र नियमित बनाउने ।

६. वडा कार्यालयहरुलाई गाउँपालिका कार्यालयसँग जोड्ने गरी सार्वजनिक यातायात सेवा सुचारु गर्ने ।

**नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक र मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछः

| सूचक | एकाई | चालु आ.व. २०८२/८३ सम्मको अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| सुरक्षित सार्वजनिक यातायातको उपलब्धता | प्रतिशत | ६० | ७० | ८० | ९० |
| घरवाट ३० मिनेटको पैदलयात्रामा पक्की सडकको पहुँच | प्रतिशत | 95 | ९८ | १०० | १०० |
| पर्खाल निर्माण (थप) | कि.मि. | 4.5 | ५.२० | ५.४६ | ५.७३ |
| घाट निर्माण (थप) | सङ्ख्या | 3 | ३ | ४ | ४ |
| बाह्रै महिना यातायात चल्ने सडक पहुँच | | ९८.००% | ९८ | ९८ | १०० |
| निर्माण भएका नयाँ पक्की पुल/कल्भर्ट | वटा | १२ | १५ | १८ | १९ |
| सडक दुर्घटनामा कमी (प्रक्षेपित) | (प्रक्षेपित) | - | २०.००% | २८.००% | ३२.००% |
| १२ महिना सञ्चालन हुने सडकको २ कि.मि. वरपर बसोबास गर्ने जनसङ्ख्याको अनुपात | प्रतिशत | 90 | ९५ | १०० | १०० |
| सडक यातायातको पहुचमा जोडीएका वडा केन्द्रहरु | सङ्ख्या | ६ | ६ | ६ | ६ |
| कालोपत्रे सडक (थप) | कि.मि. | 7.8 | ८ | ९ | १० |
| पी.सी.सी. ढलान गर्ने कार्य (थप) | कि.मि. | 4.8 | ५ | ५ | ६ |
| ग्राभेल सडक (थप) | कि.मि. | 5.5 | ६ | ६ | ७ |
| सडक नालीको लम्बाई (थप) | कि.मि. | 3.2 | ३ | ४ | ४ |
| कल्भर्ट निर्माण (थप) | सङ्ख्या | 4 | ४.२ | ४.५ | ४.९ |
| कृषि सडक निर्माण (थप) | कि.मि. | 2.3 | २.५३ | २.७ | ३.० |

*श्रोतः प्रोफाइल, बार्षिक प्रगती प्रतिवेदन*

**विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

उपलब्ध भएको बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सडक, पुल तथा यातायात उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छः

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वितीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ७१८१८ | ७१८२ | ६४६३६ | | ७१७१ | ५८४८४ | ६१६४ | |
| २०८४/८५ | ७७००३ | ७७०० | ६९३०३ | | ७९०२ | ६२६५९ | ६४४३ | |
| २०८५/८६ | ८४८५८ | ८४८६ | ७६३७३ | | ८६९२ | ६८९०४ | ७२६३ | |

### ५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सडक, पुल तथा ढल निर्माण कार्यक्रम | सडक निर्माण भएको हुने | २०८३।८४ बाट २०८५।८६ | १५१८९२ | १२ किमी सडक निर्माण भएको |
| २ | सडक, पुल तथा ढल मर्मत संभार कार्यक्रम | नियमित मर्मत भै रहेको हुने | २०८३।८४ बाट २०८५।८६ | ८१७८८ | गुणस्तरीय, सुरक्षित, वातावरण मैत्री यातायात व्यवस्थित हुनेछ । |

**जोखिम तथा अनुमान**

सडक निर्माण तथा स्तरोन्नतीमा अन्तर सरकार सहकार्यमा वृद्धि भएको हुनेछ । उपभोक्ता समिती तथा सबन्धित सरोकारवालाको सक्रिय सहभागितामा आयोजना व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन सक्छ ।

## ६.३ जलस्रोत, विद्युत् तथा स्वच्छ उर्जा

### पृष्ठभूमि

जलस्रोतको रुपमा रोहीणी नदी र डण्डा खोला लगायतका १२ वटा ताल तथा पोखरी क्षेत्रहरु रहेको गाउँपालिकामा भूमिगत जलस्रोतको सहज उपलब्धता रहेको छ। गाउँपालिकामा जनगणना २०७८ का अनुसार करीव ९७.७६ प्रतिशत घरधुरीले वत्ती बाल्ने प्रयोजनका लागि विद्युतीय उर्जाको उपयोगको अभ्यास रहेका, पछिल्ला दिनमा खाना पकाउने उर्जाको स्रोतका रुपमा दाउरा र गैठाको उपयोगमा कमी आएको छ भने आयातित उर्जामा निर्भरता बढेको र खाना पकाउने उर्जाको प्रमुख स्रोतमा एलपी ग्यास ( ७५.९२ प्रतिशत), दाउरा तथा वायो ग्यास ( २१.१२ प्रतिशत) रहेको छ। गाउँपालिकाका अधिकांश वडा र बस्तीमा बिद्युत बिस्तार भएको छ। बिद्युत बिस्तारका कारण ग्रामिण क्षेत्रमा उद्यमशिलता र पेशा, व्यवसाय बिस्तार, पम्पसेटमार्फत सिचाई गर्न सहज भएको छ। गाउँपालिकाले परम्परागत उर्जामा निर्भर परिवारलाई अनुदान सहितको बैकल्पिक उर्जाको प्रयोगमा प्रोत्साहन गरिरहेको छ।

### समस्या तथा चूनौति

नदी प्रदुषण र जलाधार क्षेत्रको विनास र भूमिगत जलको अधिक उपयोगका कारण सतह घटदै जानु, एलपी ग्यासमा बढ्दो निर्भरता तथा विद्युत्को नियमित आपूर्तिमा कमी, ऊर्जाको उपयोग प्रवर्द्धनका लागि जनचेतना अभिवृद्धि र प्रोत्साहन, वैकल्पिक उर्जाको विस्तार गर्न नसक्नु, सबै टोल र बस्तीमा बिद्युत बिस्तार हुन नसकेको, गरिव र विपन्नलाई उर्जामा सहुलियत दिन नसकेको चुनौतिका रुपमा रहेको छ।

### सोच

"भरपर्दो, सहज, सुलभ उर्जाको उपलब्धता"

### उद्देश्य

१. जलाधार क्षेत्रको संरक्षणलाई प्रभावकारी गराउनु,
२. सबै घरधुरीमा स्वच्छ उर्जाको उपयोग सुनिश्चित गर्नु,
३. बिद्युत र वैकल्पिक उर्जाका स्रोत पहिचान गरी लगानी बढाउने।

### रणनीति

१. पोखरी क्षेत्र, जलस्रोतका मुहान, कुवा र परम्परागत धाराको संरक्षण र सम्वर्द्धनमा सरकारी तथा समुदायको सहभागिता बढाउने।
२. स्वच्छ उर्जाको उत्पादन तथा उपयोगलाई वृद्धि गर्न संघ र प्रदेश सरकारका सम्बन्धित निकायहरूसँग सहकार्य गर्ने।
३. वैकल्पिक उर्जाको उपयोग विस्तार गर्दै आयातित इन्धनमाथिको निर्भरता कम गर्ने।
४. बिद्युत सेवा बिस्तारका साथै चुहावट नियन्त्रणमार्फत उर्जा आपूर्ती नियमित गराउने।

**नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक र मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछः

| सूचक | एकाई | चालु आ.व. २०८२/८३ सम्मको अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| विद्युत् पहुँच पुगेका | घरधुरी % | ९८.००% | ९८.८०% | १००.००% | १००.००% |
| सिँचाइमा विद्युतीय पम्प प्रयोग गर्ने | किसान % | १३.००% | १६.२५% | २०.४८% | २२.५२% |
| वैकल्पिक ऊर्जा (सौर्य/बायोग्यास) प्रयोग | घर % | न्यून | ५.००% | ७.००% | १२.००% |
| स्मार्ट सडक बत्ती जडान भएका | कि.मी. | - | ५ | १२ | २२ |
| नवीकरण गरिएका सार्वजनिक पोखरी | संख्या | - | १ | २ | ३ |
| सोलार प्रणाली सहित विद्युत सेवा पुगेका घरपरिवार | प्रतिशत | ५ | ७ | ९ | ९ |
| सुधारिएको उर्जा (वायोग्यास, एलपि र विद्युत) प्रयोग गर्ने घरपरिवार | प्रतिशत | 76.78 | ८० | ८५ | ९० |
| सुधारिएको वा धुवारहित चुल्हो जडान भएका परिवार | प्रतिशत | १० | १५ | १७ | १८ |
| विद्युत्मा पहुँच भएका जनसङ्ख्याको अनुपात | प्रतिशत | ९७.७६ | ९८ | १०० | १०० |
| खाना पकाउन ऊर्जाको प्राथमिक स्रोतका रूपमा दाउरा प्रयोग गर्ने परिवार | प्रतिशत | २०.८१ | १८ | १५ | १० |
| खाना पकाउन र पानी तताउन एलपी ग्यास प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ७५.९२ | ७७ | ८० | ८३ |
| खाना पकाउन र पानी तताउन विद्युत प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ०.५६ | २ | ५ | ७ |
| विद्युत्बाट चल्ने सवारीसाधन | प्रतिशत | ५ | ७ | १५ | २० |

स्रोत : राष्ट्रिय तथ्याङ्क विभाग

### ५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा विद्युत् तथा वैकल्पिक ऊर्जा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छः

## ओमसतिया गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ३३२० | ६६४ | २६५६ | | ३३२ | २७०४ | २८५ | |
| २०८४/८५ | ३५६० | ७१२ | २८४८ | | ३६५ | २८९७ | २९८ | |
| २०८५/८६ | ३९२३ | ७८५ | ३१३८ | | ४०२ | ३१८५ | ३३६ | |

### कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायबमोजिम गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | उज्यालो वडा अभियान | सबै वडाका पोलहरुमा बत्ती जडान भएको हुने | सालबसाली | ३७८१ | ६ वटै वडाहरुका पोलमा बत्ती जडान भएको हुनेछ। |
| २ | वैकल्पिक उर्जा प्रवद्र्धन कार्यक्रम | सबै वडाका पोलहरुमा बत्ती जडान भएको हुने | सालबसाली | ७०२२ | ६ वटै वडाहरुका पोलमा बत्ती जडान भएको हुनेछ। |

### जोखिम तथा अनुमान

हाल भएको प्रविधि प्रवर्द्धन सहितको उपयोग, बजेटको सुनिश्चिता, मानव संशाधन उपलब्ध भएमा उल्लिखित उपलब्धिहरु हासिल हुनेछ। सो हुन नसकेमा योजना प्राप्त नहुने जोखिम रहन सक्छ।

## ६.४ विज्ञान, सूचना, सञ्चार तथा प्रविधि

### पृष्ठभूमि

सञ्चारका साधनहरुमा मोवाइल, टेलिफोन, इन्टरनेट, रेडियो, टिभि, पत्रपत्रिका तथा हुलाक रहेका छन् । ल्याण्डलाइन फोन बजार क्षेत्रमा प्रयाप्त प्रयोगमा रहेको पाइन्छ । वडा कार्यालय तथा गाँउ वस्तीहरुमा इन्टरनेट सेवा विस्तार भैरहेको छ । आधुनिक प्रविधि विकासको महत्त्वलाई आत्मसात् गरी ओमसतिया गाउँपालिकाले डिजिटल सिटीको रुपमा विकास गर्ने लक्ष्य लिएको छ। नेपाल दूरसञ्चार कम्पनीका साथै एनसेलका टेलिफोन तथा मोबाइल सेवाको सहज पहुँच रहेको छ। जनगणना २०७८ अनुसार करीव ८०.५६ प्रतिशतले सामान्य मोवाईल र ७९.५८ प्रतिशत परिवारले स्मार्ट मोवाईल फोनको प्रयोग गरेको देखिन्छ। एकै परिवारमा पनि सामान्य र स्मार्ट मोवाईल फोन परिवार सदस्य अनुसार प्रयोग गरेको पाईन्छ।

६८.६२ प्रतिशतले टेलिभिजनको प्रयोग गर्छन । गाउँपालिकाबासीहरुमा इन्टरनेटको उपयोग विस्तार क्रमशः भई सकेको छ । ४२.४८ प्रतिशत परिवारमा इन्टरनेटको प्रयोग गरेको देखिन्छ । गाउँपालिकाले सूचना प्रविधि प्रवर्द्धन तथा विस्तार गरी सेवा प्रवाहलाई विद्यूतीय प्रणालीमा आधारित बनाउने र गाउँपालिकामा पेपरलेस कारोबारलाई प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ।

## समस्या तथा चूनौती

इन्टरनेट तथा मोवाइलको गुणस्तरमा कमी, साइवर अपराध सम्बन्धी जनचेतनामा कमी, सञ्चारका साधनको उपयोगमा अस्वस्थ प्रतिस्पर्धा, पोल पोलमा झुन्डिने तारले ओमसतिया शहरलाई कुरुप बनाएको छ । ताररहित प्रविधिलाई बढावा दिनु र गुणस्तरीय सन्चार सेवा प्रवाह गर्नु चुनौतिका रुपमा रहेका छन् ।

## सोच

"सहज, नियमित सूचना सञ्चार प्रविधि सेवा"

## उद्देश्य

१. भरपर्दो, विश्वसनीय एवं गुणस्तरीय सूचना तथा संचार सेवाको विकास र विस्तार गर्नु ।
२. सूचना र सञ्चारमा सबैको पहुँच बिस्तार गरी जीवनस्तर आधुनिक र समृद्ध बनाउने ।

## रणनीति

१. सेवा प्रवाह र दैनिक जीवनमा विद्युतीय सूचना प्रविधिको उपयोग गरी थप सहज र प्रभावकारी गराउने ।
२. गाउँ कार्यपालिका तथा वडा कार्यालयबाट हुने सेवा प्रबाह तथा कार्यसम्पादनलाई पेपरलेस बनाउने ।
३. सूचना प्रविधिमा गाउँवासीको पहुँच र उपयोग सुनिश्चित गर्न सेवा प्रदायक संस्थालाई प्रोत्साहित गर्ने ।
४. बिद्यालय र स्वास्थ्य क्षेत्र जस्ता सार्वजनिक महत्वका क्षेत्रमा पत्रपत्रिका, टेलिफोन र इन्टरनेट सेवा बिस्तार गर्ने ।

## नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना, कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायबमोजिम प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | चालु आ.व. २०८२/८३ सम्मको अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| कम्प्युटर ल्याब भएका विद्यालयहरू | संख्या | ५ | ५ | ७ | ८ |
| अनलाइन सिफारिस र कर भुक्तानी प्रयोग गर्ने | घरधुरी प्रतिशतमा | ५% | १५% | २०% | २५% |
| उच्च गतिको इन्टरनेट पुगेका विद्यालय/स्वास्थ्य संस्था | प्रतिशत | ४०% | ५५% | ७५% | ८५% |
| डिजिटल साक्षरता दर (१५-४५ वर्ष) | प्रतिशत | ३५% | ४५% | ५५% | ६८% |

| सूचक | एकाई | चालु आ.व. २०८२/८३ सम्मको अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| जडान गरिएका सीसीटिभी क्यामेरा संख्या | संख्या | ३२ | ४५ | ६५ | ७२ |
| पेपरलेस भएका वडा कार्यालयहरू | वडा | ० | ० | | २ |
| इन्टरनेट सेवा उपलब्ध घर परिवार | प्रतिशत | ४२.४८ | ८२ | ८५ | ८८ |
| संचार तथा सुविधाका कुनै एक साधन उपलब्ध घरपरिवार | प्रतिशत | ९७.९१ | ९८ | ९९ | ९९ |
| इन्टरनेट सेवा प्रयोग गर्ने जनसङ्ख्या | प्रतिशत | ४२.४८ | ८२ | ८५ | ८८ |
| मोबाइल प्रयोगकर्ता | प्रतिशत | ८० | ९० | ९५ | ९८ |
| सञ्चार तथा सुविधाका कुनै पनि साधन प्रयोग नगर्ने घरपरिवार | प्रतिशत | २.०९ | १ | ०.५ | ० |
| गाउँपालिकामा सञ्चालित सफ्टवेयर र सूचना व्यवस्थापन प्रणाली | सङ्ख्या | ८ | ८ | ९ | १० |
| इन्टरनेट सुविधा उपलब्ध वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय | प्रतिशत | १०० | १०० | १०० | १०० |

*स्रोत : राष्ट्रिय तथ्याङ्क विभाग र शाखा*

## विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना, सञ्चार तथा प्रविधि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ३६७८ | ३६८ | ३३१० | | ३६७ | २९९५ | ३१६ | |
| २०८४/८५ | ३९४३ | ३९४ | ३५४९ | | ४०५ | ३२०९ | ३३० | |
| २०८५/८६ | ४३४६ | ४३५ | ३९११ | | ४४५ | ३५२९ | ३७२ | |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत(रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सूचना तथा सञ्चार प्रविधि प्रवद्र्धन कार्यक्रम | सूचना तथा सञ्चार प्रविधि प्रवर्द्धन | २०८३।८४ बाट २०८५।८६ | ८३७७ | पालिका परिसर CCTV क्यामेरा स्तरीकरण, पालिकामा विद्युत ब्याकअप, हेल्प कक्ष स्तरीकरण तथा ब्यवस्थापन भएको हुनेछ। |
| २ | प्रकाशन, प्रसारण र मिडिया कार्यक्रम | पालिका गतिविधी प्रकाशन | २०८३।८४ बाट २०८५।८६ | ३५९० | ICT system को अडिट र गाउँपालिकाको न्युजडेक्समा स्तरीकरण भएको हुने । |

## जोखिम तथा अनुमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता, दक्ष मानव संशाधन उपलब्ध भएमा र महामारी तथा अन्य अवस्था नभएमा उल्लिखित उपलब्धि हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ।

# परिच्छेद ७ : वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

वन, पार्क, हरियाली, भूसंरक्षण र नदी नियन्त्रण, वातावरण तथा फाहोरमैला व्यवस्थापन र विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन जस्ता उप-क्षेत्रहरु यस परिच्छेद अन्तर्गत रहेका छन् जसमा उप-क्षेत्रहरुको समस्या तथा चूनौति, उद्देश्य, नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य, विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान सहित संक्षिप्त विवरण, जोखिम तथा अनुमान पक्षहरु समावेश गरिएको छ।

## ७.१ वन, भू-संरक्षण तथा जैविक विविधता

### पृष्ठभूमि

वन क्षेत्रले जनताको लागि आवश्यक उर्जा, निर्माण सामग्री, पशु आहार, तथा वातावरणीय सेवा प्रदान गर्दै आएको छ भने वनक्षेत्रले नेपाललाई जैविक विविधताको धनि मुलुक पनि बनाएको छ । ओमसतिया गाउँपालिकामा करिव ३० विगाहा भूभाग वनजंगलले ओगटेको छ, भने खेती गरिएको जमिनले ३००२ हेक्टर भूभाग ओगटेको छ । वनजंगलको उचित प्रयोग र व्यवस्थापनबाट वातावरण संरक्षणका साथै रोजगारी सिर्जना र आय आर्जनमा सहयोग पुग्ने हुन्छ। वातावरण संरक्षण गर्ने प्रजातिका विरुवाहरू प्रवर्द्धन गर्ने कार्य प्रयाप्त मात्रामा भएको छैन। दिगो विकासको लक्ष्य १५ ले वनको दिगो व्यवस्थापन गर्ने र वन विनास रोक्ने लक्ष्य राखेको छ । गाउँपालिकामा संरक्षित पानी पोखरी, नदी नियन्त्रण, भू-क्षय र बाढी संवेदनशील क्षेत्र उकासबाट संरक्षित जमिनको पहिचान भएको छ। वन बनाउन सकिने पर्याप्त जमिन रहेको छ। संवैधानिक व्यवस्था कार्यान्वयन गर्न संघीय सरकारबाट राष्ट्रिय वन नीति २०७५ र राष्ट्रिय वातावरण नीति र राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ लगाएतका नीति, ऐन र नियम जारी भएको छन्। उपरोक्त नीति तथा कानूनको उद्देश्य स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिको मौलिक अधिकारको संरक्षण गर्न, वातावरणीय प्रदुषणबाट हुने क्षति बापत पीडितलाई प्रदुषकबाट क्षतिपूर्ति उपलब्ध गराउन, वातावरण र विकास बीच समुचित सन्तुलन कायम गर्न, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकुल वातावरणीय प्रभाव न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको चूनौतिलाई सामाना गर्ने रहेको छ। वन, जैविक विविधता, भ-ूसंरक्षण एवम् प्रवर्द्धन गर्दै त्यसको दिगो उपयोग र जलवायु परिवर्तनका असर न्यूनीकरणका उपायहरु अवलम्बन गरी जीविकोपार्जनका अवसरहरु वृद्धिका अभ्यासहरु भएका छन्। (स्रोत : नगर वस्तुस्थिति विवरण)

### समस्या तथा चूनौति

गाउँपालिकाको बृहत्तर भू-उपयोग योजना तर्जुमा गरी भूमि व्यवस्थापन कार्य कार्यान्वयन हुन नसक्दा भू-संरक्षण, भूमि व्यवस्थापन, सार्वजनिक जग्गा वृक्षारोपणमा कमी, ताल तलैया सिमसार क्षेत्रको पहिचान र नक्शाङ्कन गर्न नसक्नु, नदी किनार तटवन्धन हुन नसक्नु, पानी मुहान संरक्षणमा कमी, कृषियोग्य उर्वर जमिन अतिक्रमण गरी वस्ती र संरचना निर्माण हुनु, वनको उचित संरक्षण तथा वैज्ञानिक व्यवस्थापन हुन नसक्नु,

वन जमीन र जलस्रोतको बहुउपयोग हुन नसक्नु, वन डढेलो वर्षेनी बढेर जानु तथा विकास कार्यहरु वातावरणमैत्री नहुनु लगायतका समस्याहरु वन तथा वातावरण क्षेत्रमा थप समस्याका रुपमा रहेका छन् ।

**सोच**

"प्राकृतिक स्रोतले सुसम्पन्न र वातावरणीय रुपले सन्तुलित, हरियाली, स्वच्छ वातावरणले युक्त रमणीय गाउँको स्थापना"

**उद्देश्य**

१. वन तथा जैविक विविधताको संरक्षण गर्नु,
२. भू-क्ष्य न्यूनीकरण तथा नदी कटान नियन्त्रण गर्नु ।

**रणनीति**

१. एकीकृत जलाधार व्यवस्थापन मार्फत जल, जमिनको संरक्षण गर्दै भूमिको उत्पादकत्व वृद्धि गरी त्यसमा आश्रित जनताको जीवनस्तर उकास्ने ।
२. जलाधार व्यवस्थापन योजना निर्माण गरी भू-क्षमता वर्गीकरण अनुसार भू-उपयोग गर्ने ।
३. सार्वजनिक र ऐलानी जग्गाको पहिचान गरी वृक्षरोपणलाई व्यवस्थित गर्ने ।
४. जैविकविविधता संरक्षण, वन व्यवस्थापन, नदी उकासमा समूह गठन गरी परिचालन गर्ने ।
५. दुर्लभ वन्यजन्तु तथा वनस्पतिको पहिचान र संरक्षणमा अन्तर सरकार सहकार्य अभिवृद्धि गर्ने ।

**नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

गाउँ विकास योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय बमोजिम रहेको छ ।

| सूचक | एकाई | चालु आ.व. २०८२/८३ सम्मको अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| रोपण गरिएका बिरुवाको संख्या (कुल) | संख्या | - | | | |
| बिरुवाको बाँच्ने दर (Survival Rate) | दर | ३५% | ४५% | ५०% | ६५% |
| निर्माण गरिएका हरित उद्यान (Park) | Park | ० | | १ | ३ |
| हरित क्षेत्रमा भएको वृद्धि | बृद्धि | - | ३% | ५% | ८% |
| धार्मिक तथा एतिहासिक स्थलहरु | सङ्ख्या | २७ | २७ | २७ | २७ |
| संरक्षित तालतलैया | सङ्ख्या | १२ | १२ | १५ | १८ |
| निजि तालतलैया | सङ्ख्या | १५ | १५ | २० | २२ |
| बृक्षरोपण गरिएको क्षेत्र | हेक्टर | ५५ | | १३५ | १४० |
| नदी नियन्त्रण र उकासबाट | मिटर | ३२ | १७५ | १८२ | १८९ |

# ओमसतिया गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

| सूचक | एकाई | चालु आ.व. २०८२/८३ सम्मको अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| संरक्षित क्षेत्र | | | | | |
| संरक्षित भू–क्षय र बाढी संवेदनशील क्षेत्र | हेक्टर | | ३५ | ३६ | ३८ |
| भुक्षय, पहिरो र नदी कटान नियन्त्रण आयोजना | सङ्ख्या | | २ | ४ | ७ |
| स्थानीय विपद जोखिम न्युनिकरण तथा जलवायु अनुकुलन कार्य योजना तर्जुमा | पटक | १ | १ | १ | २ |

स्रोत : नगर वस्तुस्थिति विवरण, गाउँपालिका वन, भू-संरक्षण तथा जैविक विविधता शाखा,२०८२

## विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वन, भू-संरक्षण र जैविक विविधता उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय बमोजिम रहेको छ।

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | १२७७ | ५११ | ७६६ | | १२८ | १०४० | ११० | |
| २०८४/८५ | १३६९ | ५४८ | ८२२ | | १४१ | १११४ | ११५ | |
| २०८५/८६ | १५०९ | ६०४ | ९०५ | | १५५ | १२२५ | १२९ | |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण निम्न रहेको छ।

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वन तथा हरियाली प्रवद्र्धन कार्यक्रम | हरियाली प्रवर्द्धन गर्ने | २०८३।८४ बाट २०८५।८६ | १४५४ | Clean and Green साथ सौन्दर्यकरण तथा संरक्षण भएका हुनेछन्। |
| २ | जैविक विविधता संरक्षण कार्यक्रम | जैविक विविधता संरक्षण गर्ने | २०८३।८४ बाट २०८५।८६ | ४१६ | बोटविरुवा काँटछाँट तथा वृक्षारोपण तथा संरक्षण भएको हुनेछ। |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | वनमा आधारित आयमूलक तथा गैरकाष्ठ वन पैदावर प्रवर्द्धन कार्यक्रम | वनमा आधारित उद्यम तयार हुने | सालबसाली | १४५४ | सामुदायिक वन उपभोक्ता समितिहरुलाई वनमा आधारित आयमूलक क्रियाकलापमा सक्रिय गर्ने । |
| ४ | भू तथा जलाधार संरक्षण कार्यक्रम | जैविक विविधता संरक्षण गर्ने | २०८३।८४ बाट २०८५।८६ | ८३१ | बोटविरुवा काँटछाँट तथा वृक्षारोपण तथा संरक्षण भएको हुनेछ । |

## जोखिम तथा अनुमान

भू-संरक्षण तथा जैविक विविधता संरक्षणमा अन्तरसरकार साझेदारी र सहकार्यमा वृद्धि भएको हुनेछ । जलवायु परिवर्तनको असर, कोभिड- १९ लगायतका महामारी र अन्य विपद् जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन् तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन् ।

## ७.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

## पृष्ठभूमि

गाउँपालिका क्षेत्रभित्र पूर्वाधार निर्माण गर्दा वातावरण संरक्षण र दिगो विकासलाई ध्यानमा राखी वातावरणमैत्री कार्यक्रमलाई प्राथममिकताका साथ अगाडी बढाउने नीति लिएको छ । ओमसतिया गाउँपालिका फोहोरमैला व्यवस्थापन कार्य विधि बनाई लागु गर्नुपर्ने छ। उत्सर्जित ठोस फोहरलाई प्राइभेट कम्पनी सँग साझेदारीमा व्यवस्थापन गर्दै आईरहेकोछ । बजार क्षेत्रमा नियमित फोहोर राख्ने कन्टेनरको व्यवस्था गरेको छ । त्यस्तै अस्पतालजन्य फोहोरमैलालाई बेग्लै सङ्कलन गरी प्रशोधन गरेर मात्र ल्यान्डफिल्ड साइटमा व्यवस्थापनको अभ्यास रहेको छ । गाउँपालिका भित्र पुराना गाडीहरु सञ्चालनलाई निरुत्साहित गर्ने नीति लिइने छ भने विद्युतीय गाडी सञ्चालनमा प्राथमिकता दिईएको छ । गैसस र समुदायसँग समन्वय गरी पूर्णसरसफाई अभियान सञ्चालन गरिएको छ । प्लाष्टिकजन्य सामग्री लगायत वातावरण प्रदुषित गर्ने दैनिक प्रयोगका सामग्रीको प्रयोगलाई निरुत्साहित गर्न पहल गरिएको छ। गोवर ग्याँस, सुधारिएको चुलो, विद्युतीय चुलो जस्ता कम खर्चिला तथा वातावरणीय रुपमा अनुकूल प्रविधिको प्रयोगमा जोड दिने कार्यक्रमहरु कार्यान्वयनमा रहेका छन् ।

## समस्या तथा चुनौति

फोहरमैला विर्सजन स्थलको अप्रयाप्तता र फोहोरको वर्गीकरण गरी व्यवस्थापनको अभ्यास नहुनु यस क्षेत्रका मुख्य समस्याहरु हुन । स्रोतमै वर्गीकरण, प्रशोधन र पुनःप्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोर व्यवस्थापनलाई बढावा दिने कार्य व्यवहारिक रुपमा कार्यान्वयन हुन सकेका छैनन् । फोहोरबाट मोहोर, फोहोरबाट उर्जाको अवधारण कार्यान्वयन हुन सकेको छैन ।

# ओमसतिया गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

## सोच

"स्वच्छ वातावरण, फोहोरलाई मोहोर"

## उद्देश्य

१. वातावरणीय स्वच्छता कायम गर्नु,

२. फोहोरमैलाको दिगो व्यवस्थापन गर्नु ।

## रणनीति

१. फोहोरमैलाको उचित व्यवस्थापन गरी आय आर्जनका अवसर सिर्जना गर्ने ।

२. एक घर एक बिरुवा, तथा एक वडा एक आयुर्वेदिक वनस्पती उद्यानको अभियान सञ्चालन गर्ने ।

३. फोहोरमैलाको दिगो व्यवस्थापनमा अन्तर सरकार एवम् समुदायको सहकार्य वृद्धि गर्ने ।

४. फोहोरलाई स्रोतमै वर्गिकरण गरी व्यवस्थापनको अभ्यासलाई सबै समुदायमा पुर्याउने ।

